# बुझ्ने माध्यम

राष्ट्रिय परिसंवादमा 2008-2010 मा आधारित



हामी पनि विद्यालयमा हुन्थ्यौँ



आफ्नै भाषामा सुन्थ्यौँ,
बुझ्थ्यौँ, बोल्थ्यौँ र नयाँ
सोच बनाउथ्यौँ।

# बुझ्ने माध्यम

राष्ट्रिय परिसंवाद 2008-2010 मा आधारित

विद्यया ऽमृतमश्नुते

एन सी ई आर टी
NCERT

राष्ट्रिय शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद
NATIONAL COUNCIL OF EDUCATIONAL RESEARCH AND TRAINING

**32147 — Samajh ka Madhyam**
**Rashytriya Parisamvad 2008–2010 per Aadharit (Nepali Language)**

**ISBN 978-93-5292-752-4**

**First Edition**

*August 2024 Shravana 1946*

**PD 1T BS**

© ***National Council of Educational Research and Training, 2024***

**ALL RIGHTS RESERVED**

- No part of this publication may be reproduced, stored in a retrieval system or transmitted, in any form or by any means, electronic, mechanical, photocopying, recording or otherwise without the prior permission of the publisher.
- This book is sold subject to the condition that it shall not, by way of trade, be lent, re-sold, hired out or otherwise disposed of without the publisher's consent, in any form of binding or cover other than that in which it is published.
- The correct price of this publication is the price printed on this page, Any revised price indicated by a rubber stamp or by a sticker or by any other means is incorrect and should be unacceptable.

**OFFICES OF THE PUBLICATION DIVISION, NCERT**

NCERT Campus
Sri Aurobindo Marg
**New Delhi 110 016** **Phone : 011-26562708**

108, 100 Feet Road
Hosdakere Halli Extension
Banashankari III Stage
**Bengaluru 560 085** **Phone : 080-26725740**

Navjivan Trust Building
P.O.Navjivan
**Ahmedabad 380 014** **Phone : 079-27541446**

CWC Campus
Opp. Dhankal Bus Stop
Panihati
**Kolkata 700 114** **Phone : 033-25530454**

CWC Complex
Maligaon
**Guwahati 781 021** **Phone : 0361-2674869**

**₹ 65.00**

*Printed on 80 GSM paper with NCERT watermark*

Published at the Publication Division by the Secretary, National Council of Educational Research and Training, Sri Aurobindo Marg, New Delhi 110 016 and printed at Taj Printers, 69/6A, Najafgarh Road Industrial Area, Near Kirti Nagar Metro Station, New Delhi 110 015

**Publication Team**

| | |
|---|---|
| Head, Publication Division | : *Anup Kumar Rajput* |
| Chief Production Officer | : *Arun Chitkara* |
| Chief Editor | : *Bijnan Sutar* |
| Chief Business Manager | : *Amitabh Kumar* |
| Assistant Production Officer | : *Deepak Kumar* |

*परिमार्जित संस्करण*
2024

# आमुख

बच्चाहरूको प्राथमिक शिक्षा मूलतः भाषा शिक्षा नै हो। त्यसैले राष्ट्रिय शिक्षा नीति 2020 ले फेरी एकपटक 'मातृभाषामा शिक्षा' भन्ने विषयलाई जोरदार पूर्ण तरिकाले प्रस्ताव गरको छ। पछिल्ला शिक्षा सम्बन्धी दस्तावेजहरूले पनि मातृभाषामा शिक्षाको सुझाव दिइरहेका नै छन्। भारत एक बहुभाषिक देश हो। त्यसैले सबै बालबालिकाहरूको शिक्षालाइ सहजपूर्ण र अबाध गतिले अगाडि लैजानका निम्ति भारतीय भाषाहरूलाई नै पठन-पाठनको भाषा बनाउन आवश्यक छ। मातृभाषामा पठन-पाठन हुने हो भने सबै विषयहरूको बलियो आधार निर्माण हुनेछ। कमसे कम कक्षा पाँचसम्म अथवा सकेदेखि कक्षा आठसम्म तथा सम्भव भए अझ माथिसम्मको शिक्षा घरको भाषा/मातृभाषा/ स्थानीय भाषा/ क्षेत्रीय भाषामा भएको उत्तम हो भन्ने कुरा राष्ट्रिय शिक्षा नीति 2020 ले स्पष्ट रूपमा उल्लेख गरेको छ। बहुभाषिकताको प्रवर्द्धन गर्न मातृभाषामा विज्ञान र अन्य विषयमा उत्कृष्ट अध्ययन सामग्री उपलब्ध गराउनुपर्छ । यसले बालबालिकाको भाषा र विद्यालयको भाषाबिचको अन्तराल कम हुन्छ र भाषाहरूको बिचमा परस्पर सामञ्जस्य बलियो हुनेछ।

यो ठूलो योजनामा देशका विभिन्न भाषा विज्ञहरू र भाषा शिक्षा विभागको महत्वपूर्ण भूमिका छ। यसका लागि विभागलाई धेरै धेरै धन्यवाद दिदै यो पुस्तिका बालबालिकाहरूको शिक्षामा काम गर्ने विभिन्न राज्यका योजनाकारका लागि आधार पुस्तिकाको रूपमा सहायक हुनेछ भन्ने आशा गर्दछु।

नया दिल्ली
मार्च 2023

दिनेश प्रसाद सकलानी
निदेशक
राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद

*पहिलो संस्करण*
2010

# आमुख

उपनिविष्ट समाजमा बाल/बालिकाको जीवन र उनीहरूको शिक्षामा भाषाको भूमिका भन्ने विषय अनेक प्रकारका विसंगतिहरूले घेरिएको छ। यस्तै विसंगतिहरूलाई लिएर विचार गरिने प्रयासहरू पनि सामाजिक मान्यता र राजनैतिक विवादहरूले घेरिन्छन्। शिक्षा सम्बन्धी भाषा-नीति निकै नै लामो समय देखी चर्चा तथा शोध को दायराबाट बाहिर छ भन्ने कुरा कुनै आश्चर्यको कुरा होइन। यो स्थितिलाई बदल्ने लक्ष्य लिएर राष्ट्रिय परिषद् ले शीर्षक 'बुझ्ने माध्यम' लाई लिएर गोष्ठीहरूको श्रृङ्खला आयोजन गरेको थियो। उदयपुर, पटना, वाराणसी र दिल्लीमा आयोजन गरिएका गोष्ठीहरूको विशेष ध्यान विद्यालयमा हुने दैनिक जीवनमा बच्चाहरूको भाषागत अनुभवहरूको विवेचनलाई लिएर थियो। भाषाको प्रयोगमा लामो समय देखी शिक्षानीति सम्बन्धित बहसहरू पुनः नया तरिकाले सुचारु होउन् भन्ने कुरामा विशेष प्रयास गरिएको थियो। पुस्तक यिनै कोसिसहरूलाई अगाडि बढाउने लक्ष्य लिएर प्रकाशित गरिदै छ। पुस्तक का विषयवस्तु चार संगोष्ठीमा उठाइएका प्रश्न र उनका उत्तरहरू खोज्न प्रयोग गरिएका तर्कहरूको मदतले रचिएका हुन्। हामीलाई आशा छ यो पुस्तकको माध्यमले बच्चाहरूको शिक्षा सँग चासो राख्ने नागरिकहरू जसमा शिक्षक, उनका प्रशिक्षक, अधिकारी, जनप्रतिनिधि, सामाजिक संगठन का कार्यकर्ता, तथा माता पिता जसले शिक्षणलाई भाषाको प्रश्नमा विचार र संवाद चलाउनका लागि उत्साहको अनुभव गर्नेछन्। यस्तो संवाद आजको ऐतिहासिक आवश्यकता हो। शिक्षाको अधिकार सम्बन्धित कानुनले बच्चामा मातृभाषाको महत्त्वलाई पुनः स्थापित गर्नमा नया प्रयास थपेको छ। यो पाईलामा शिक्षाको औपनैवेशिक इतिहासको सम्पदाबाट उत्पन्न मानसिक र सामाजिक जकड़नलाई टाढा गर्ने शक्ति हो। प्रष्ट रूपमा देख्न सकिन्छ कि कुनै पनि कानुनमा निहित शक्ति अभिव्यक्त हुनलाई सामाजिक संस्थागत सहयोगको आवश्यकता पर्दछ। अङ्ग्रेजी माध्यमका स्कुलहरूको प्रचलन समकालीन यथार्थपरक छैन, एक जटिल सांस्कृतिक संरचना पनि हो। यसलाई अन्तःक्रियात्मक दायरमा समावेश गरेर मात्र कुनै पनि परिवर्तनको आशा गर्न सकिन्छ।

राष्ट्रिय पाठ्यचर्चा को रूपरेखा 2005 मा परिवर्तन को दिशा र प्रकृतिलाई लिएर

पर्याप्त संकेतहरू दिइएका थिए। यिनी संकेतहरूको विस्तृत खुलासा भारतीय भाषा र अङ्ग्रेजी भाषाको पढाइसँग सम्बन्धित राष्ट्रिय फोकस समूहका प्रतिवेदनमा गरिएको छ। यी दुबै दस्तावेज़ कक्षामा शिक्षणको माध्यमलाई बच्चाहरूको बुझाइको स्वाभाविक विकासक्रमका मनोवैज्ञानिक सन्दर्भमा राखिन्छन्।

यो सन्दर्भको एउटा महत्त्वपूर्ण आयाम भारतको बहुभाषिक वातावरण हो। हाम्रा बालबालिकाहरू जन्मदेखी नै बहुभाषिक वातावरणमा हुर्किन्छन् र यही वातावरणमा निहित लोकसिर्जनालाई आफ्नो स्वाभाविक विकासक्रममा ग्रहण गर्दछन्। हामी शिक्षाव्यवस्थामा भाषाको पढाइ र माध्यम भाषाका प्रश्नलाई लिएर व्याप्त जडतालाई यो बृहत्तर परिप्रेक्ष्यमा राखौं र बुझौं भन्ने कुरा अत्यन्त आवश्यक कुरा हो।

मलाई विश्वास छ यो पुस्तकले भाषा सम्बन्धी नीति र कार्यक्रमहरूलाई नया ढंगबाट जाच्नका लागि एउटा आधारपत्रको भूमिका निभाउने छ। परिषद् का तर्फबाट म ती सबै प्रतिभागीहरूलाई आभार व्यक्त गर्न चाहन्छु, जसले 'बुझ्ने माध्यम' श्रृङ्खलामा भाग लिएका थिए। गोष्ठीमा गरिएका चर्चाहरूलाई ग्रथित गरेर अथक परिश्रमका साथ पुस्तकको स्वरूप दिएको हुनाले म भाषा विभागकी डॉ. संध्या सिंह र डॉ. कीर्ति कपूरलाई विशेषत आभार व्यक्त गर्न चाहन्छु। म भाषाविभाग का अध्यक्ष प्रोफेसर रामजन्म शर्माजीलाई पनि आभार व्यक्त गर्न चाहन्छु, जसले गोष्ठी-श्रृङ्खलाको कार्यक्रमलाई उत्साहपूर्ण तरिकाले प्रबन्धन गर्नुभयो।आशा छ यो पुस्तकको प्रचार-प्रसारले राज्यस्तरीय संस्थाहरूले भाषासँग जोडिएका प्रश्नहरूको विचार गर्ने प्रेरणा पाउनेछन्।

कृष्ण कुमार
निदेशक
राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद्

नया दिल्ली
4 मार्च 2010

# प्रस्तावना

हाम्रो जीवन र संस्कृतिमा भाषाको अपरिहार्य स्थान छ। भाषाले नै संस्कृतिलाई एउटा स्थिर स्वरूप दिन्छ र हाम्रो अस्मिता र पहिचान पनि भाषामा नै छ। बालबालिकालाई मातृभाषामा पढाउनाले सामाजिक र संज्ञानात्मक विकास पनि समृद्ध बन्छ। 'बुझ्ने माध्यम' शीर्षकको पुस्तक सन् 2008 देखि 2010 को बिचमा भएका देशव्यापी विचार विमर्शलाई आधार मानेर मूल रूपमा हिन्दी भाषामा तयार गरिएको थियो। तर अब राष्ट्रिय शिक्षा नीति 2020 को अनुशंसा अनुसार अहिले यो पुस्तक सम्पूर्ण देशका शैक्षिक संस्थाहरूलाई आफ्नै भाषामा उपलब्ध गराउनु आवश्यक भएको हुनाले मूल रूपमा हिन्दीमा तयार पारिएको यो पुस्तक अंग्रेजी सहित 23 भाषामा अनुवाद गरेर प्रत्येक व्यक्तिको माझमा पुर्याउने प्रयास गरिदैछ। यही प्रयासलाई अगाडि बढाउने उद्देश्यले यो पुस्तक प्रकाशित गरिएको हो । यस पुस्तकको विषयवस्तु चार गोष्ठीमा उठेका प्रश्न र तिनको जवाफ खोज्न प्रयोग गरिएका तर्कहरूलाई आधार मानेर बनाइएको छ।

मलाई विश्वास छ कि यो पुस्तकले भाषा सम्बन्धी नीति र कार्यक्रमहरूलाई पुन: परीक्षण गर्नका लागि आधार स्तम्भको रूपमा भूमिका निर्वहन गर्नेछ। परिषद्को तर्फबाट 'बुझ्ने माध्यम' संगोष्ठी शृङ्खलामा भाग लिनुहुने सबै सहभागीहरू प्रति म कृतज्ञता व्यक्त गर्दछु। यस महत्त्वपूर्ण योजनालाई प्रेरित गर्नुहुने तत्कालीन  परिषद्का निदेशक प्रोफेसर कृष्ण कुमार ज्यू प्रति हामी विशेष आभारी छौं, जसको निर्देशनमा यो कार्य सम्भव भयो। यस पुस्तकको प्रचार-प्रसारले राज्यस्तरका संस्थाहरूलाई भाषासम्बन्धी प्रश्नहरूमा गहिरिएर सोच-विचार गर्न प्रेरणा मिल्ने विश्वास लिएकी छु ।

**सन्ध्या सिंह**
प्राध्यापक तथा अध्यक्ष
भाषा शिक्षा विभाग
राष्ट्रिय शैक्षिक अनुसन्धान तथा प्रशिक्षण परिषद

*पहिलो संस्करण*

# पुस्तक निर्माण समिति


**लेखक एवं समन्वयक**

संध्या सिंह
प्राध्यापक एवं अध्यक्ष,भाषा शिक्षा विभाग, एन.सी. ई.आर.टी.

**सहयोग**

कीर्ति कपूर
प्राध्यापक, भाषा शिक्षा विभाग, एन.सी. ई.आर.टी.

**अनुवादक नेपाली**

चक्रपाणि पोख्रेल
अध्यापक, संस्कृत विभाग,ओडिशा केन्द्रीय विश्वविद्यालय

- शिक्षाको माध्यम मातृभाषा भए भाषिक र सांस्कृतिक दूरी अन्त्य गर्न सहयोग हुने थियो। विद्यालयको पहिलो भूमिका बालकको घरेलु भाषा र विद्यालयको भाषालाई जोड्ने हुनुपर्दछ।
- प्राथमिक शिक्षा एक अर्थमा भाषा शिक्षण हो। यहाँसम्म कि गणित, पर्यावरण र समाजको प्रारम्भिक जानकारी मातृभाषामा नै राम्रोसँग प्राप्त गर्न सकिन्छ।
- मातृभाषा/क्षेत्रीय भाषामा शिक्षा सबै स्तरमा जारी हुनुपर्दछ। किनकि यिनी भाषाहरूमा क्षमताको विकासले नै बालकको मानसिक विकास र संप्रेषणका सबै माध्यमहरू खुल्छन्। जसबाट परस्पर सम्बन्ध स्वस्थ हुनुका साथै अवधारणात्मक स्पष्टता पनि बढ्दछ।
- प्रारम्भिक शिक्षाको माध्यम बालकको मातृभाषा भए बच्चाको पूर्व-जानकारी, उसको भाषिक क्षमता र मानसिक विकास को सही प्रयोग हुनसक्दछ।
- हर संभव प्रयास हुनुपर्दछ कि बच्चाको घरको भाषा, वरिपरिको वातावरणको भाषा र स्कुलका भाषाहरूको बिचमा परस्पर संयोग अथवा दुबैलाई जोड्ने माध्यम बन्न सकोस्। यहाँ सम्म कि अङ्ग्रेजी माध्यमका स्कुलहरूमा पनि बालकको मातृभाषालाई मध्यस्थ भाषाको रूपमा बढोत्तरी मिल्नुपर्दछ। फलतः एक माध्यमबाट अर्को माध्यममा स्कुल परिवर्तन नगरिकन आवत-जावत हुन सकोस्।
- हरसम्भव यो प्रयास हुनुपर्दछ जसबाट स्कुली शिक्षामा बहुभाषी शिक्षालाई बढावा मिलोस्।

*– भारतीय भाषाओं का शिक्षण (आधार पत्र), एन.सी.ई.आर.टी.*

# आभार

राष्ट्रीय शैक्षिक अनुसंधान र प्रशिक्षण परिषद् भाषा विभाग, एन.सी.ई.आर.टी., नया दिल्ली; यूनीसेफ, पटना; आर.आई.ई., भुवनेश्वर; आर.आई.ई., मैसूर; आर.आई.ई., अजमेर; एस.सी.ई.आर.टी., पटना; विद्या भवन सोसाइटी, उदयपुर; काशी हिंदू विश्वविद्यालय, वाराणसी का विषय-विशेषज्ञहरुको आभारी छ। अनीता रामपाल, प्रोफेसर, शिक्षा विभाग (सी.आई.ई), दिल्ली विश्वविद्यालय, दिल्ली; अरुण कमल, प्रोफ़ेसर, पटना विश्वविद्यालय, पटना; रमाकांत अग्निहोत्री, प्रोफेसर, भाषा विज्ञान विभाग, दिल्ली विश्वविद्यालय, दिल्ली; रोहित धनकर, निदेशक, दिगंतर, जयपुर; एच. के. दीवान, कार्यक्रम निदेशक, विद्या भवन सोसाइटी, राजस्थान; राजेश सचदेवा, प्रोफेसर, सी.आई.आई.एल, मैसूर; हसन वारिस, भूतपूर्व निदेशक, एस.सी.ई.आर.टी., पटना; प्रियदर्शन, समाचार संपादक, एन.डी.टी.वी. इंडिया, नया दिल्ली; अवधेश प्रधान, प्रोफेसर हिंदी विभाग, काशी हिंदू विश्वविद्यालय, वाराणसी; अहमद सज्जाद, भूतपूर्व प्रोफेसर, रांची विश्वविद्यालय, रांची; शुभा राव, संयोजक, महिला अध्ययन एवं विकास केंद्र, काशी हिंदू विश्वविद्यालय, वाराणसी; रियाज़ अहमद, उप-कुलपति, विद्या भवन सोसाइटी, राजस्थान; प्रेमपाल शर्मा, संयुक्त सचिव, रेल भवन, रेल मंत्रालय, नया दिल्ली: सदानंद शाही, प्रोफ़ेसर, हिंदी विभाग, काशी हिंदू विश्वविद्यालय, वाराणसी; ज्ञानदेव मणि त्रिपाठी, प्राचार्य, तपेन्दु इंस्टीट्यूट ऑफ हायर स्टडीज़; एस. रघुनाथन, भूतपूर्व शिक्षा सचिव, दिल्ली सरकार; अपूर्वानंद, प्रोफेसर, हिंदी विभाग, दिल्ली विश्वविद्यालय; राजेश भूषण, सचिव, सूचना एवं प्रसारण मंत्रालय, पटना; शारदा कुमारी, वरिष्ठ प्रवक्ता, एस.सी.ई.आर.टी., नया दिल्ली; उषा शर्मा, रीडर, आर.आई.ई., अजमेर; नूतन झा, शिक्षक, मीराम्बिका विद्यालय, नया दिल्ली; मणिन्द्र नाथ ठाकुर, एसोसिएट प्रोफेसर, जे.एन.यू.; प्रो. कृष्ण कुमार, निदेशक, एन.सी.ई.आर.टी., नया दिल्ली; रामजन्म शर्मा, प्रोफेसर एवं अध्यक्ष, भाषा विभाग. एन.सी.ई.आर.टी., नया दिल्ली; ए.के. मिश्र, प्रोफेसर, एन.ई.आर.आई.ई., शिलांग: संध्या सिंह, रीडर, भाषा विभाग, एन.सी.ई.आर.टी., नया दिल्ली: कीर्ति कपूर, वरिष्ठ प्रवक्ता, भाषा विभाग, एन.सी.ई.आर.टी., नया दिल्ली  प्रति परिषद् कृतज्ञता ज्ञापन गर्दछ। परिषद् उत्तर प्रदेश, बिहार, झारखंड, उत्तराखंड, गुजरात, मध्यप्रदेश, छत्तीसगढ़, हरियाणा, महाराष्ट्र, कर्नाटक, राजस्थान तथा दिल्ली का शिक्षक, शिक्षक-प्रशिक्षक तथा

पुस्तकको विकासका लागि विभिन्न चरणमा सहयोगका लागि रुचि सैनी व नरेन्द्र वर्मा, डी.टी.पी. आपरेटर; राधा, कॉपी एडीटर और धनंजय सिंह तथा उपेंद्र सिंह सत्यार्थी, प्रोजैक्ट फैलोको पनि आभारी छ। जितिन कुमार (कनिष्ठ परियोजना सहायक) को पनि योगदान रह्यो।

*परिमार्जित संस्करण*

समन्वयन का लागि डॉ. संध्या सिंह, प्रोफ़ेसर एवं अध्यक्ष, भाषा शिक्षा विभाग, एन.सी.ई.आर.टी.; यो नया संस्करणमा डॉ.चक्रपाणि पोख्रेल, अनुवादक, समीक्षा का लागि डॉ. कृष्ण अर्याल, दिल्ली विश्वविद्यालय र अमजद हुसैन, कुणाल राजोरिया (ग्राफिक डिज़ाइनर) को पनि विशेष योगदान रह्यो।

# विषयसूची


**आमुख** (परिमार्जित संस्करण) **iii**

पहिलो संस्करण **v**

**प्रस्तावना** **vii**

**1. शिक्षा सम्बन्धी दस्तावेजमा भाषा** **1-10**

- शिक्षा आयोगको रिपोर्ट: स्कुली पाठचर्चा- 1964-66
- राष्ट्रिय शिक्षानीति-1968
- राष्ट्रिय शिक्षानीति-1986
- क्रियान्वयनको कार्यक्रम-1992
- राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा-1988, 2000
- राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा-2005
- राष्ट्रिय शिक्षानीति-2020

**2. भाषा र बुझाइ** **11-17**

- बच्चाको बुझाइ र भाषा
- बुझाइको आधार नै भाषा
- भाषा र सामाजिक समता
- बच्चाको अस्मिताको प्रश्न
- सार्थक-शिक्षाको प्रयास

**3. बहुभाषिकता** **18-26**

- बहुभाषिकताको उद्देश्य
- बच्चाको भाषिक क्षमता
- सार्वभौमिक व्याकरणको परिकल्पना
- बहुभाषिकता र अल्पसंख्यक तथा आदिवासी भाषाहरू
- बहुभाषिकता र दक्षिण भारतीय भाषाहरू

➤ बहुभाषिकता र अङ्ग्रेजीको कक्षा
➤ बहुभाषिक कक्षा
➤ बहुभाषिकताका चुनौतीहरू

**4. विषयहरूको केन्द्रमा भाषा** **27-40**

➤ इतिहासको दृष्टिमा
➤ सबै विषयका अध्यापक भाषाकै अध्यापक हुन्
➤ चिन्तनमा स्वतन्त्रता र मौलिकतामा प्रश्न
➤ भाषा र अन्य विषय
➤ तकनिकी शब्दावली र बच्चाहरूको बुझाइ
➤ उच्च शिक्षा र अन्य विषय

**5. भाषामा संवाद** **41-46**
(सन्दर्भः अङ्ग्रेजी र हिन्दी)
➤ अङ्ग्रेजी र हिन्दीको सम्बन्ध
➤ सन् 1967 पछि
➤ सन् 1987 पछि
➤ परिवर्तनको नयाँ समय
➤ अङ्ग्रेजी विकासको नयाँ इतिहास
➤ नयाँ शब्दरचना गर्नुपर्ने आवश्यकता

**5. मुद्दा र चुनौतीहरू** **47-53**

➤ शिक्षकको तयारी
➤ सामाजिक तयारी
➤ प्रशासनिक तयारी

**परिशिष्ट -1** **54-56**

**सन्दर्भ** **57-58**

# 1

# शिक्षा सम्बन्धी दस्तावेजमा भाषा



- **शिक्षा आयोगको रिपोर्ट**
- **स्कुली पाठ्यचर्चा-1964-66**
- **राष्ट्रिय शिक्षानीति- 1968**
- **राष्ट्रिय शिक्षानीति- 1986**
- **क्रियान्वयनको कार्यक्रम- 1992**
- **राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा- 1989, 2000**
- **राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा- 2005**
- **राष्ट्रिय शिक्षानीति- 2020**

मानिसका दुई ओठ हुन्छन्। जतिबेला यी ओठ जिब्रोसँग मिलेर एउटै लयमा सञ्चालित हुन्छन् त्यतिखेर भाषा बन्दछ। एउटा मात्रै हल्लिने र अर्को स्पन्दन पनि नहुने हो भने संवाद सम्भव हुदैन। (भाषामा एक कविको दृष्टि) 1971 को गणनाअनुसार हाम्रो देशमा लगभग 1652 भाषाहरू छन् तर 47 भाषा मात्र स्कुलमा पठनपाठनका माध्यम बन्न सके (स्रोत भारतीय भाषाओं का शिक्षण-2005)। बाँकी अहिले पनि यथास्थानमा नै रहेका छन्। सम्भवतः आज ती भाषाहरूमध्ये धैरे जसो भाषाहरूको अस्तित्व पनि छैन होला। यो मौनता केही भाषाहरू पठनपाठनको माध्यम भाषा बन्न नसक्नुले नै हो त? अथवा यो मौनता अनेक संस्कृति, अनेक समाज, कैयौं भाषाहरू र करोडौं बाल/बालिकाहरूको लागि सर्वदा मौन हुने संकेत हो। यो सोच्नुपर्ने कुरा हो।

कुनै पनि भाषा आफ्ना सहयोगी भाषाहरूका साथमा नै विकसित हुन्छ भन्ने कुरा हामीहरूले सोच्नुपर्छ। यदि हिन्दीको नै कुरा गर्ने हो भने पनि हिन्दी भाषा त्यहाँका क्षेत्रीय भाषाहरू मिलेर नै बनेको हो। सबै साथी भाषाहरूको साथमा चम्किदै, पाइला बढाउदैं भाषामा रमेर बसेका बाल/बालिकाहरूको अभिव्यक्तिलाई उनीहरूको आफ्नै मातृभाषामा सुन्नुपर्छ।हाम्रा अनेकौं मौनतामा डुबेका भाषाहरू एउटा यस्तो पहलको प्रतीक्षामा छन्, जसमा दुई ओठ जोडिउन् (बाल/बालिकाको बुझाइ र भाषाको तालमेल होस्) र भाषामा जनतान्त्रिक स्थान बनोस्।

स्वतन्त्रतापछि पछिल्ला सबै शिक्षा सम्बन्धी दस्तावेजहरूमा मातृभाषालाई बाल/बुझ्ने माध्यमको (विशेष गरेर प्राथमिक शिक्षा) रूपमा लागु गर्ने कुरा गरिएको थियो र बालिकालाई बुझ्नको लागि सहायक आफ्नै मातृभाषा र उनको स्वतन्त्र अभिव्यक्तिलाई महत्त्व दिइएको थियो। विभिन्न दस्तावेजहरूमा दिइएका भाषा सम्बन्धी सुझाव यसप्रकार छन्।

## शिक्षा आयोगको रिपोर्टः स्कुली पाठ्यचर्चा-1964-66

आज हामीले प्राथमिक शिक्षामा जुन आधारभूत प्रश्नको समाधान गर्नुछ, त्यो मातृभाषामा राम्रो सँग पढाउनु र निरक्षरतालाई समाप्त पार्नु हो। उद्योगको दृष्टिले उन्नत देशहरूमा पनि प्राथमिक शिक्षाको पूर्ण पाठ्यक्रम केवल एउटा भाषाको अध्ययनमा आधारित हुन्थ्यो। शिक्षा विकसित भएर आर्थिक स्थितिमा समृद्धि आएपछि मात्र उनीहरूले प्राथमिक अवस्थामा दोस्रो भाषा सुरु गरे।

* * *

अङ्ग्रेजी जस्तो विदेशी भाषा सिक्नुभन्दा पहिले मातृभाषामा पर्याप्त अधिकार प्राप्त गर्नुपर्छ भन्ने कुरामा हामी विश्वस्त छौँ। यो बाहेक निम्न प्राथमिक कक्षामा, जहाँ लाखौं छात्रहरूको नामाङ्कन हुन्छ, त्यहाँ अङ्ग्रेजीभाषाको प्रभावी शिक्षणका लागि धेरै संख्यामा प्रशिक्षित अध्यापकहरूको आवश्यकता हुन्छ तर आवश्यकताको पूर्ति भने हुदैन। यदि आवश्यकतालाई पूर्णता दिइन्छ भने पनि त्यतिबेला यो कार्यक्रमले शिक्षाको लागि निर्धारित गरिएको कोषमा धेरै ठूलो बोझ बढ्नेछ। हाम्रो विचारमा यो धेरै नै ठूलो काम हो तर व्यर्थैमा यसको पछाडि परे स्कुली अवस्थामा अङ्ग्रेजीको स्तर बढ्नुभन्दा पनि धेरै घट्नेछ। यसकारण हामी विदेशी भाषाको रूपमा अङ्ग्रेजी भाषाको अध्ययन केही स्कुलहरूमा प्रायोगिक आधारमा सुरु गर्नुको साटो पाँच कक्षा भन्दा पहिले सुरु गर्नु नै हुदैन भन्ने कुराको सिफारिस गर्छौँ।

*— शिक्षा आयोग की रिपोर्ट 1964-66, पृष्ठ 218-219*

## राष्ट्रिय शिक्षा नीति- 1968

भारतीय भाषाका साहित्यको समुचित विकास र शैक्षिक तथा सांस्कृतिक विकास एक-अर्कामा निर्भर छन्। यसको अभावमा मनुष्यको सृजनात्मक ऊर्जाको विकास हुन सक्दैन, शिक्षाको स्तरमा कुनै लाभ आर्जन गर्न सकिँदैन, मान्छेसम्म ज्ञान पुग्न सक्दैन, पढे-लेखेका

आम जनमानुषका बिचमा पनि फराकिलो अन्तर रहि रहन्छ। यद्यपि बढेको त छैन तर कम पनि हुने छैन। धेरै भाषाहारू पहिले देखिनैँ शिक्षाको माध्यमको रूपमा प्राथमिक र माध्यमिक स्तरमा प्रयोग गरिदै ल्याइएका छन्। उच्च शिक्षामा पनि यो सबै कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ।

**हिन्दी:** हिन्दी भाषाको विकासको लागि हर संभव प्रयास गर्नुपर्ने हुन्छ। धारा 351 लाई ध्यान राख्दै सम्पर्क भाषाका रूपमा तथा भारतको सामाहिक संस्कृतिको अभिव्यक्तिको माध्यमको रूपमा हिन्दी भाषालाई विकसित गर्नुपर्ने आवश्यकता छ। गैर-हिन्दी प्रदेशहरूमा जहाँ पनि उच्चशिक्षाका लागि हिन्दीलाई शिक्षाको माध्यम बनाउँदै गइएको छ, यो क्रमलाई प्रोत्साहन गर्नुपर्छ। (नोटः यी कुरा सबै भारतीय भाषाहरूको सन्दर्भमा हुन सक्छन्।)

**अन्तरराष्ट्रिय भाषाहरूः** अङ्ग्रेजी र अन्य अन्तरराष्ट्रिय भाषाहरूको पठनपाठनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखिछ। विशेष रूपले विज्ञान तथा प्रौद्योगिकीको क्षेत्रमा विश्वको ज्ञान लगातार बढ्दो छ। भारतले यस विकासका साथमा मिलेर हिड्ने मात्र होइन बरु यसको विकासमा महत्वपूर्ण योगदान पनि दिनुपर्छ। यसै उद्देश्यलाई ध्यान दिँदै विशेष गरेर अङ्ग्रेजी भाषाको ज्ञानलाई बलियो बनाउनुपर्ने हुन्छ।

*— राष्ट्रिय शिक्षा नीति 1968, पृ-सं- 3-4*

त्रिभाषा सूत्रको कुरालाई पनि 1968 को नीतिमा जोड दिँदै भनिएको छ। जसलाई राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा 2005 मा पनि यसप्रकार राखिएको छ—

## त्रिभाषा सूत्र

- स्कुलमा सर्वप्रथम जुन भाषामा पढाइन्छ त्यो मातृभाषा या क्षेत्रीय भाषा नै होस्।

- **दोस्रो भाषा**
  - हिन्दी भाषी राज्यहरूमा दोस्रो भाषा कुनै पनि अन्य आधुनिक भाषा या अङ्ग्रेजी होस्, र
  - गैर-हिन्दी भाषी राज्यहरूमा दोस्रो भाषा हिन्दी या अङ्ग्रेजी हुनुपर्छ।
- **तेस्रो भाषा**
  - हिन्दी भाषी राज्यहरूमा तेस्रो भाषा अङ्ग्रेजी हुन्छ या कुनै एक भारतीय भाषा, जो दितीय भाषाको रूपमा नपढिएको होस्।

– गैर हिन्दी भाषी राज्यहरूमा तेस्रो भाषा अङ्ग्रेजी हुन्छ या कुनै एउटा भारतीय भाषा जो दितीय भाषाको रूपमा नपढाइएको होस्।

*— भारतीय भाषाओं को शिक्षण-आधार पत्र, पृष्ठ 13*

## राष्ट्रिय शिक्षानीति- 1986

1986 को शिक्षानीतिले 1968 को शिक्षानीतिलाई आधार मानेर भाषा शिक्षा सम्बन्धी मुद्दाहरूमा चर्चा गरेको छ। यो नीतिले उच्च शिक्षाको स्तरमा पनि क्षेत्रीय भाषालाई नै माध्यम भाषाको रूपमा प्रयोग गर्नमा विशेष जोड दिन्छ। त्रिभाषा सूत्रलाई कडा रूपमा कार्यान्वयन गर्नुपर्छ। शिक्षाको प्रत्येक स्तरमा बच्चाको भाषिक विकासलाई ध्यान दिनुपर्छ। अङ्ग्रेजी र अरू विदेशी भाषा पढ्ने सुविधा उपलब्ध गराइयोस्, सम्पर्क भाषाका रूपमा हिन्दीलाइ नै विकसित गरियोस्। जो संविधान को धारा 351 मा निहित छ। एउटा भाषाबाट दोस्रो भाषामा पुस्तकको अनुवाद तथा द्विभाषी र बहुभाषी शब्दकोषहरूमा गम्भीर रूपले कार्य गनुपर्ने देखिन्छ।

*— क्रियान्वयनका कार्यक्रम-1992, पृष्ठ 94*

1986 को नीतिलाई क्रियान्वयनको सुझाबमा भारतीय भाषाहरूको विकास सँग सम्बन्धित केही महत्त्वपूर्ण सुझावहरू छन्।

- आधुनिक भारतीय भाषाहरूमा पाठ्यसामग्री/सन्दर्भ पुस्तकहरू तयार पारेर प्रकाशित गरियोस्।
- विश्वविद्यालयका प्राध्यापकहरूको अभिमुखीकरण गरियोस्।
- पाठ्यपुस्तक र सन्दर्भित पुस्तकहरूको अनुवाद अङ्ग्रेजी भाषाबाट भारतीय भाषामा गरियोस् र गरेको कामको निरन्तर निरीक्षण होस्।

बुझ्ने माध्यमको दृष्टिले पनि यी सुझावहरू ध्यान दिन योग्य छन्—

## पटनायक-1986 (अ)

- स्कुली शिक्षाको माध्यमिक या उच्चतर स्तरमा शिक्षाको माध्यम, विस्तारै क्षेत्रीय भाषा, राज्यस्तरीय भाषा, हिन्दी या अङ्ग्रेजी पनि हुन सक्छ।
- हाम्रो विचारअनुसार प्राथमिक शिक्षा मुख्यतः भाषा शिक्षा हो त्यसैले मातृभाषा या क्षेत्रीय भाषालाई पनि अनिवार्य विषयको रूपमा पढाउनुपर्छ।

- खास गरेर जब मान्छे सानो हुन्छ त्यो उमेरमा भाषा सिक्ने असीम क्षमता हुन्छ । पर्याप्त रूपमा सुविधा उपलब्ध हुने हो भने अङ्ग्रेजी पनि प्राथमिक स्तरमा पढाउन सकिन्छ। मात्र केही वर्ष अङ्ग्रेजी शिक्षामा जोड दियेर सोचे जस्तो अपेक्षाकृत परिणाम पाउन सकिदैन। सामान्य मत भन्दा विपरीत, भाषाहरू परस्पर एक अर्कासँग मिलेर नै विकसित हुन्छन्।
- यो प्रष्टै देखिन्छ कि केवल तीन भाषा त्रिभाषा सूत्रमा न्यूनतम भए। यो सूत्रको उपरि सीमा यतिमात्र होइन। संस्कृतभाषाको अध्ययन आधुनिक भारतीय भाषाको रूपमा हुनुपर्छ। परन्तु यस भाषाको स्वरूप शास्त्रीय संस्कृतभन्दा फरक भएको राम्रो।
- शास्त्रीय (अभिजात) र विदेशी भाषाहरू आफ्नै तरिकाले पढ्नुपर्छ। यसरी पढ्दा व्याकरण सम्बन्धित जटिलतालाई बुझ्ने अवसर मिल्नुका साथै त्यस्ता परम्परा, संस्कृति र मानिसहरू बिच पुग्नमा मदत पनि। पयठिछ हाम्रो सम्पर्क भन्दा धेरै बाहिर छन्।

*— भारतीय भाषाओं का शिक्षण-आधार पत्र, पत्र 16*

## क्रियान्वयको कार्यक्रम-1992

## व्यावहारिक त्रिभाषासूत्रको आधार

व्यावहारिक त्रिभाषा सूत्रनिर्माणमा तल दिइएका मार्गदर्शी सिद्धान्तहरूबाट सहायता मिल्न सक्छ।

- जबसम्म अङ्ग्रेजी विश्वविद्यालयस्तरमा शिक्षाको मुख्य माध्यम र केन्द्र तथा अनेक राज्यहरूमा प्रशासनको भाषा बनिरहन्छ तबसम्म उच्च स्थानमा रहन्छ। विश्वविद्यालयहरूमा प्रान्तीय भाषाहरू जब शिक्षाका माध्यम बन्नेछन् त्यसपछि सबै छात्रहरूका लागि अङ्ग्रेजीको व्यावहारिक ज्ञान अत्यन्त उपयोगी हुनेछ र विश्वविद्यालयमा प्रवेशका लागि अभ्यर्थीमा अत्यधिक योग्यता हुनुपर्ने आवश्यकता देखिन्छ।
- स्कुलमा कुनै पनि भाषाको अध्ययनले कति योग्यता प्राप्त गर्न सकिन्छ भन्ने कुरा कुनै भाषा कति वर्ष सम्म सिकिएको हुन्छ भन्नेमा मात्र निर्भर हुदैन , छात्रहरूको सामु अभिप्रेरणाके छ भाषा कुन अवस्थामा सिकिँदै छ तथा उपलब्ध शिक्षक, उपागम र शिक्षण पद्धतिहरू के-कस्ता प्रकारका हुन्छन् भन्ने कुरामा निर्भर पर्छ। उचित सुविधाका अभावमा लामो समयसम्म पढाउनाले पनि राम्रो परिणाम आउदैन तर अनुकूल परिस्थिति हुँदा कम समयमा पनि राम्रो परिणाम आउन सक्छ। यद्यपि

अत्यन्त अल्पआयुमा नै बाल/बालिकालाई अरू भाषा सिकाउन बल दिन सकिन्छ तर हाम्रो विचारमा प्राथमिक स्कुलहरूमा लाखौं छात्रहरूलाई भाषाको ज्ञान दिनका लागि योग्य शिक्षकहरूको व्यवस्था गर्नु अत्यन्त कठिन काम हो।

- हिन्दी अथवा अङ्ग्रेजीलाई द्वितीय भाषाको रूपमा अनिवार्यतया कस्तो अवस्थाबाट आरम्भ गरेर कति समय सम्म सिकाउने भन्ने कुरा स्थानीय अभिप्रेरणा र आवश्यकतामा भर पर्छ, र यो विषयमा प्रत्येक राज्यले आफ्नै विवेकमा निर्णय गनुपर्छ।
- कुनै पनि अवस्थामा चारै भाषाको अध्ययन अनिवार्य हुनहुन्न, तर कसैले स्वेच्छाले अध्ययन गर्न चाहेमा चार भन्दा पनि धेरै भाषाको अध्ययन गर्ने सुविधा उपलब्ध हुनुपर्दछ।।

*— क्रियान्वयन का कार्यक्रम 1992*

## राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा-1988, 2000

स्कुली शिक्षाको समयमा सबै स्तरमा कम से कम आरम्भिक स्तरसम्म शिक्षाको माध्यम मातृभाषा या क्षेत्रीय भाषा हुनुपर्छ भन्ने प्रस्ताव 1988 र 2000 को राष्ट्रिय पाठ्यचर्चाको रूपरेखामा दिइएको छ। (एन-सी-एफ-एस-ई--2000) तर यहाँ मातृभाषा र क्षेत्रीय भाषा बिचको अन्तर को गम्भीर समस्यालाइ बेवास्ता गरिएको छ। यो रूपरेखामा भनिएको छ कि यदि क्षेत्रीय भाषा विद्यार्थीको मातृभाषा होइन भने उसको पहिलो दुई वर्षसम्मको शिक्षा मातृभाषा माध्यमले नै हुन सक्छ। तेस्रो कक्षापछि क्षेत्रीयभाषालाई माध्यम भाषाको रूपमा अपनाउन सकिन्छ। (एन.सी.एफ.एस.ई., 2000)

*– भारतीय भाषाओं का शिक्षण- आधार पत्र, पृष्ठ 15-16*

## राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा - 2005

आज हामीलाई निश्चित रूपमा यो अवगत छ कि द्विभाषिकता अथवा बहुभाषिकताबाट निश्चित संज्ञानात्मक लाभ हुन्छन्। त्रिभाषा सूत्र भारतीय भाषा स्थितिका चुनौती र अवसरलाई सम्बोधन गर्ने एक प्रयास हो। यो एउटा रणनीति हो जसबाट कैयौं भाषाहरू सिक्नका लागि प्रशस्त मार्ग हुनेछन्। यसलाई कार्यात्मक र भावात्मक दुबै रूपमा अपनाउनु पर्ने आवश्यकता देखिन्छ। यसको प्राथमिक उद्देश्य भारतमा बहुभाषिकता र राष्ट्रिय सद्भावको प्रसार गर्नु हो। तल दिइएका दिशानिर्देशहरू पूर्वोक्त लक्ष्यलाई प्राप्त गर्न सहायक हुन सक्छन् —

- केवल गिने-चुनेका भाषाहरूको शिक्षण अर्थमा मात्र नभएर रणनीति तयार गर्ने हिसाबले पनि, भाषा शिक्षण बहुभाषिक हुनुपर्छ, ताकि बहुभाषिक कक्षालाई संसाधनका रूपमा पनि प्रयोगमा ल्याउन सकियोस्।
- बच्चाको घरेलु भाषा (एँ), 3-1 मन्नेमा कुरा स्कुलमा शिक्षण/अध्ययन घरेलु भाषामा हुनुपर्छ। परिभाषित गरिएको छ।
- यदि स्कुलमा उच्चतर स्तरमा नानीहरूलाई घरेलु भाषामा शिक्षा दिइने सुविधा छैन भने प्राथमिक तहको शिक्षा घरेलु भाषालाई माध्यम बनाएर नै उपलब्ध गराउनु पर्दछ र तिनीहरूको घरेलु भाषालाई पनि सम्मान दिनुपर्छ। हाम्रो संविधानको धारा 350 -क-का अनुसार प्रत्येक राज्य अथवा राज्यभित्र प्रत्येक स्थानीय प्राधिकारी भाषायी अल्पसंख्यक वर्गका बालबालिकाहरूलाई शिक्षाको प्राथमिक स्तरमा नै मातृभाषामा शिक्षाका लागि पर्याप्त सुविधाहरू उपलब्ध गराउने प्रयास गर्नेछ।

*– राष्ट्रीय पाठ्यचर्चा की रूपरेखा -2005 पृष्ठ 42*

त्यसैले राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा 2005 का लागि निर्मित फोकस समूह 'भारतीय भाषाहरूको शिक्षण' मा विशेष गरेर विद्यालय स्तरमा सुझाव दिन्इछ प्रारम्भिक शिक्षाका अनुदेशहरूको माध्यम मातृभाषा नै हुनुपर्दछ। 1986 मा एन.सी.ई.आर.टी.द्वारा भाषा अध्ययनका लागि गठित समितिद्वारा आरम्भिक शिक्षामा माध्यमको रूपमा मातृभाषा नै प्रयोग गर्नुपर्छ। भन्ने सुझाव दिइएको थियो । भारतीय सन्दर्भमा यो अत्यन्त आवश्यक हुन्छ, किनकि

- यसले मानिसलाई राष्ट्रिय पुनर्निमाणमा भाग लिन योग्य बनाउछ।
- मात्र केही अभिजात्य (कुलीन) को गिरफ्तबाट पनि ज्ञानलाई मुक्त गराउँछ।
- यो परस्पर सहयोगी र परस्परमा निर्भर समाज निर्माणमा सहायक हुन्छ।
- धेरै भन्दा धेरै मानिसलाई आफ्नो विचार राख्न अवसर प्रदान गर्दछ, र त्यसैले जनतन्त्रलाई राम्रो भन्दा राम्रो सुरक्षा आधार दिन प्रभावकारी सिद्ध हुन्छ।
- सूचना विकेन्द्रीकरणको मार्ग खोलिदिन्छ र नियन्त्रित मिडियाको ठाँउमा स्वतन्त्र मिडियाको विकासमा सहयोगी भूमिका निभाउँछ। साथै धेरै भन्दा धेरै मानिसलाई शिक्षा तथा व्यक्तित्व विकासका लागि पनि अवसर प्रदान गर्दछ।

*— भारतीय भाषाओं का शिक्षण-आधार पत्र, पृष्ठ सं- 14-15*

## राष्ट्रिय शिक्षा नीति 2020

- साना नानीहरूले आफ्नो घरको भाषामा/मातृभाषामा सार्थक अवधारणाहरू छिट्टै सिक्छन् अनि बुझ्न सक्छन् भन्ने कुरा सर्वविदित छ। घरको भाषा सामान्यतः मातृभाषा अथवा स्थानीय समुदायको साझे भाषा हुन्छ। हुन त, बहुभाषीय परिवारमा,परिवारका अन्य सदस्यहरूले बोल्ने भाषा घरेलु हुनसक्छ र त्यो मातृभाषा वा स्थानीय भाषाभन्दा बेग्लै हुनसक्छ। जतिसक्दो, कमसेकम ग्रेड पाँचसम्म अथवा सकेदेखि ग्रेड आठसम्म तथा सम्भव भए अझ माथिसम्म शिक्षाको माध्यम घरेलू भाषा/मातृभाषा/स्थानीय भाषा/ क्षेत्रीय भाषामा भएको राम्रो हो। सार्वजनिक र निजी स्कुलहरूले यो कुरा पालन गरेको उचित हो।

*— राष्ट्रिय शिक्षा नीति 2020 क्र.4.11*

- अनुसन्धानले स्पष्ट देखाएको छ,दुई वर्षदेखि आठ वर्षको आयु अवधिमा नानीहरूले भाषा छिट्टै सिक्छन्, बहुभाषिकताले यस उमेरका विद्यार्थीहरूलाई निक्कै धेरै संज्ञानात्मक लाभ हुन्छ। बुनियादी चरणको आरम्भमा नै नानीहरूलाई विभिन्न भाषाहरूमा (मातृभाषामा विशेष ध्यान दिँदै) एक्सपोजर दिइनेछ। सबै भाषामा एउटा मनोरञ्जक अनि सम्वादात्मक कुराकानी हुनेछन्। शुरू-शुरूका वर्षहरूमा मातृभाषामा पढ्ने अनि त्यसपछि लेख्नसितै-ग्रेड तीन अनि माथिका कक्षाहरूमा अन्य भाषाहरूमा पढ्ने र लेख्ने कौशलको विकास गरिनेछ।

*— राष्ट्रिय शिक्षा नीति 2020 क्र.4.12*

- उच्च गुणवत्ता भएको विज्ञान र गणितका निम्ति द्विभाषीय पुस्तक र पठन-पाठन सामग्री तयार पार्ने भरमग्दुर चेष्टा गरिनेछ। यसको उद्देश्य विद्यार्थीले यी विषयहरू उनीहरूको घरको भाषा/मातृभाषा र अङ्ग्रेजीमा सोच्न र बोल्न सकुन्।

*— राष्ट्रिय शिक्षा नीति 2020 क्र.4.14*

- भारतीय भाषामा शिक्षण र पठन स्कुलहरू र अन्य शिक्षाको प्रत्येक तहमा एकीकृत भएको हुनुपर्छ। यदि भाषाहरू जीवन्त र सन्दर्भित रहने हो भने उच्च गुणवत्ता अध्ययन र मुद्रित सामग्रीको वाष्प सतत प्रवाहमा आइरहनुपर्छ। यी भाषाहरूमा पाठ्यपुस्तक,कार्यपुस्तक,भिडियो,नाटक, कविता,उपन्यास, पत्रपत्रिकाको रूपमा आइरहनुपर्छ। भाषाहरूमा औपचारिक अनि आधिकारिक रूपमा शब्दकोषहरू र शब्दभण्डारहरूका अपडेट अद्यतन र व्यापक प्रसार भइरहनुपर्छ। यसो गर्नाले समसामयिक मुद्दाहरू र अवधारणाहरूबारे यी भाषाहरूमा चर्चा-परिचर्चा भइरहनुपर्छ।

दुनियाँभरिका देशहरूमा अङ्ग्रेजी,फ्रेन्च,जर्मन,हिब्रु,कोरियाई,जापानी, आदि भाषाहरूमा अध्ययन सामग्री, प्रिन्ट सामग्री बनाउने अनि संसारभरिका भाषाहरूबाट सामग्री अनुवाद गर्ने गरिन्छ। यस प्रसङ्गमा यस्ता कामहरूका गति भारतमा धेरै कम रहेको छ।

*— राष्ट्रिय शिक्षा नीति 2020 क्र.22.6*

- भारतीय भाषाहरूको उन्नति यी भाषाहरूमा निरन्तर गरी शिक्षण-पठन भइरहे मात्र सम्भव छ। उत्कृष्ट अनि जीवन्त कविता, उपन्यास,गैरआख्यान पुस्तक, पाठ्यपुस्तक,जर्नलिज्म अनि अन्य कामहरू भारतीय भाषामा भइरहोस् भनी उत्कृष्ट पद्य र गद्यलाई पुरस्कृत गरी यी भाषीहरूलाई प्रोत्साहन दिइनेछ। भारतीय भाषामा प्रणीत रोजगारका मानदण्डहरूमा एउटा मुख्य मानकका रूपमा राखिनेछ।

*— राष्ट्रिय शिक्षा नीति 2020 क्र.4.12 मानवसंसाथन विकास मन्त्रालय*

दस्तावेज र शोधहरूको यस्तै अनेकौं सुझावका बाबजुद पनि आज लगभग 75 वर्ष पछि पनि पूर्णरूपमा भनेजस्तो हुन सकेन। एन-सी-आर-टी- द्वारा गरिएका भाषा सम्बन्धी दुई अनुसन्धानमा (द्रष्टव्य पृ 51-52) पनि माध्यम भाषाहरूको राज्यवार जुन रूपरेखामा प्रस्तुत गरिएको छ, त्यसमा अधिकांश राज्यहरूमा धेरै भाषाहरू माध्यम भाषाका रूपमा प्रयोग भइरहेका छन्। कागजमा माध्यम भाषालाई लिएका संस्तुति र रूपरेखाहरू अधिक उत्साहित गराउछन् तर यसले घरको भाषामा र स्कुली भाषामा हुने अन्तरलाई अहिले सम्म समेट्न सकेको छैन। दिन प्रतिदिन एकतिर घरको भाषा र स्कुलको भाषामा अन्तर बढ्दै गयो भने अर्कोतिर अङ्ग्रेजीको साथमा भारतीय भाषाहरूको बिचमा हुने संवाद पनि टुट्यो। मानसिक बोझ यसरी बढ्यो कि बच्चाहरूको आफ्नो बुझाइ र आफ्नो अभिव्यक्ति कतै न कतै दब्न पुगयो। त्यसैले राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा (2005) मा यो कुरालाई विशेष तरिकाले फेरी बोल्नुपर्यो। जसमा बच्चाहरूको घरको भाषा स्कुलमा पनि उनको बुझ्ने माध्यम बनोस् र यसको प्रभावले बच्चाहरू कण्ठस्थ गर्नुको साटो पढ्ने दिशामा अगाडि बढून्। शिक्षा उनीहरूको लागि बोझ नभएर एउटा आनन्ददायी अनुभव बनोस् भन्ने कुरा उठाइयो। यसको पछाडि केही भ्रम र अनेकौं उलझनाहरू छन्। भनने कुरा स्पष्ट छ।

यीनै कुरालाइ ध्यानमा राख्दै एन.सी.ई.आर.टी. को भाषा विभागले एउटा पहल गर्यो र देशभरिका शिक्षाविद् र शिक्षकहरूसँग मिलेर एउटा बहस नै चलायो। यो बहस पटना वाराणसी उदयपुर र दिल्लीमा एउटा परिसंवाद श्रृङ्खलाको रूपमा आयोजन

गरिएको थियो। जसमा बच्चाहरूको आफ्नै भाषा उनीहरूको बुझ्ने माध्यम बनोस् भन्ने कुरामा सहमति बन्योँ। परन्तु सबै भन्दा ठूलो समस्या यसलाई क्रियान्वयन गर्नु हो। यिनै गोष्ठीहरूबाट यो कुरा निस्कियो कि यो दिशामा एउटा व्यापक तयारीको आवश्यकता पर्नेछ। केबल शैक्षिक मात्र नभएर सामाजिक र प्रशासनिक भूमिकालाई लिएर एउटा सचेत तयारी गर्नुपर्ने हुन्छ र बुझ्ने माध्यम सम्बन्धी बुझाइ बनाउनमा एक क्रियात्मक पहल गर्नुपर्ने हुन्छ।

# 2

# भाषा र बुझाइ




- ➤ **बच्चाको बुझाइ र भाषा**
- ➤ **बुझाइको आधार नै भाषा**
- ➤ **भाषा र सामाजिक समता**
- ➤ **बच्चाको अस्मिताको प्रश्न**
- ➤ **सार्थक शिक्षाको प्रयास**

भाषा र बुझाइको गहिरो सम्बन्ध छ तर शिक्षामा बुझाइको आवश्यकतालाई लगभग अस्वीकार गरिएको थियो। पछिल्ला केही वर्षदेखी शिक्षासम्बन्धी जो नीतिहरू बने तिनीहरूमा पहिलो पटक शिक्षामा बुझाइलाई बल दिनुपर्छ भन्ने कुरालाई उठाइएको छ। योभन्दा पहिले बुझाइ के हो ? यो प्रश्नको ज्ञान पनि हुन सकेको थिएन। ज्ञान दिने लिने परम्परा चलिरहेको थियो, जो अहिले पनि अधिक मात्रमा चलिरहेको छ। सबैभन्दा पहिले बच्चाको भाषा के हो भन्ने विषयमा हामीहरूले ठोस ज्ञान राख्नुपर्ने हुन्छ।

## बच्चाको बुझाइ र भाषा

- विद्यालय आउनुभन्दा पहिले बच्चाहरूले भाषाका माध्यमले नै दुनियाँको अनुभव गरेका हुन्छन्।
- बच्चाहरू भाषा सिक्दैनन् बरु दिमागमा नै रच्दछन्।
- बच्चाहरू आफ्नो बुझाइलाई निर्माण गर्न समर्थ हुन्छन् र आफै पनि बुझाइको सामर्थ्यलाई बढाउछन्।
- उनीहरूको वरिपरि अनेकौं भाषाहरू हुनु कुनै समस्या होइन, संसाधन नै हो। कैयौं भाषाले शिक्षामा समताको पनि काम गर्न सक्छन्।
- पाठ्यचर्या र भाषा जब निजी जिन्दगीसँग जोडिन्छन्, तब ती अझै समृद्ध बन्छन्।
- छ वर्षका बालिकहरूको भाषा पनि धेरै जटिल हुनसक्छ। उसँग भाषाको यस्तो व्याकरण हुन्छ कि जसमा उसले आफ्ना सबै कुरा अभिव्यक्त गर्न सक्छ। यदि ऊमाथि माध्यमको रूपमा कुनै अर्को भाषा लादिन्छ भने उसको बुझाइ त्यति सशक्त हुन सक्दैन।

*चाम्स्की (1959) को 'रिव्यू आफ स्किनर्स वर्बल बिहेवियर' हो जसले व्यवहारवादको जगलाइ नै हल्लाएको थियो। चाम्स्कीले तर्क दिँदै भनेका थिए भाषिक क्षमता जन्मजात नै हुन्छ, अन्यथा भाषिक व्यवस्था सिक्ने प्रक्रिया सम्भव नै हुदैनथ्यो। तर पियाजे (1962-1983 कैयौं अन्यमा) इनहोल्डर र पियाजे (1958) र व्योगोत्स्की (1978-1986) जस्ता मनोवैज्ञानिकहरूले पनि यिनै दुईटा अतिवादी दृष्टिकोणहरूको बिचको बाटोलाई छनोट गरे। जहाँ व्यवहारवादीहरूका लागि मस्तिष्क एउटा 'कोरी स्लेट' जस्तै थियो, त्यहाँ संज्ञानात्मक मनोवृत्तिलाई राख्न (चाम्स्की आदि) का लागि भाषा मानव मस्तिष्कमा सार्वभौम व्याकरणको रूपमा पहिले देखि नै रहन्थ्यो। पियाजेका अनुसार भाषा अन्य संज्ञानात्मक तन्त्र जस्तै परिवेशका साथमा अन्तःक्रियाको माध्यमले नै विकसित हुन्छन्।*

*— भारतीय भाषाओं का शिक्षण-आधार पत्र, पृष्ठ 8*

## बुझाइको आधार नै भाषा

बुझाइ र भाषाको सम्बन्ध हावा र उसका लहरहरूको जस्तै हुन्छ। हाम्रो बुझाइ आफ्नो भाषामा नै बन्छ। भाषा विना बुझाइको परिकल्पना असम्भव छ। तर स्कुलमा भाषालाई एउटा उपकरणको रूपमा प्रयोग गरिएको छ। हामीलाई यो दिशामा कार्य गर्नुपर्ने छ र विश्वास दिलाउनुपर्ने छ कि वस्तुतः भाषा मानवीय बुझाइको एकमात्र आवश्यक आधार हो। हामी वर्तमानमा के गर्दैछौं? यसको बारेमा पनि हामीलाई भाषाले नै सचेत गराउछ। यो वर्तमानबाट अतीत र भविष्यमा आवाजाही गर्ने एकमात्र उपकरण हो। हिजो के थियो? यसैको आधारमा कल्पना गर्न सकिन्छ कि हामीलाई अरू के चाहियो? आफ्नो विषयमा विवेकपूर्ण ढंगले निर्णय गर्ने काम भाषाले नै गर्दछ। मान्छेका यिनी सबै अवस्थाहरू आफ्नो परिवेशमा नै रचिन्छन् र यो रचाइ बुझाइद्वारा नै सम्भव छ। मनुष्यको यस्तो प्रकारको बुझाइ भाषाबाट नै बन्दछ। भाषाबाट नै हामी सार्थक अवधारणाहरू बनाउँछौ। सम्बन्धको सञ्जाल बनाउँछौं, आफ्ना अनुभवहरूलाई सार्थकता प्रदान गर्छौं, आफ्ना चाहनालाई र अरूको इच्छालाई पनि देख्न सक्छौं। त्यसैले मान्छेलाई चिन्न आवश्यक सर्तका रूपमा भाषा बुझाइको माध्यम बन्दछ।

बच्चाहरूको आफ्नो भाषाको संरचना उनीहरूको मस्तिष्कमा पहिले देखिनै हुन्छ। अवधारणाहरूको ढाँचा यसै भाषाबाट बन्छ। जब कुनै पनि नयाँ वस्तु देख्छ भने त्यसको सम्बन्ध पहिलेका अनुभवहरूसँग जोड्दछ र नयाँ विशेषताहरू पता लगाउँछ त्यसपछि मात्र त्यो वस्तुको अवधारणा बन्दछ। जब बच्चा थोरै ठूलो हुन्छ त्यो बेला उ परिचित

वस्तुलाइ अपरिचित वस्तुसँग जोड्न सक्छ र त्यसको विषयमा बोल्न सक्छ। यी सबै कुराहरू भाषाद्वारा नै सम्भव छन्। त्यसैले बच्चाको मनमा पहिले देखिनै अवधारणा र नयाँ अवधारणाहरूलाई अलग-अलग परिस्थितिमा प्रयोग गर्ने अवसर दिनुपर्ने हुन्छ। त्यसपछि मात्र उ बुझ्न समर्थ हुन्छ।

*एउटी बालिका उड्दै गरेको मयूरलाई देखेर भन्छे 'काग' र हिड्दै गरेको मयूरलाई देखेर भूँ भूँ। यसमा डेढ वर्षकी बालिकाका अवधारणाहरू विकसित हुदैछन्, अर्थात् उसको लागि उड्ने पक्षी हो र हिड्ने पशु हो। छ महिनापछि भित्तामा जादै गरेको माउसूलीलाई 'पल्ली' भन्दछे, जब उसकी आमाले काग भन्छिन् त्यतिबेला उ छक्क पर्छे। अब अन्तर अधिकरूपमा स्पष्ट भयो। यो उसको बुझ्ने सामर्थ्यलाई बढाउने तरिका हो। कुनै पनि वस्तुलाई देखेर प्रायः बच्चाहरू सोध्छन् 'यो के हो?' उनीहरू शब्द नसोधेर अवधारणाको बारेमा सोध्छन्। बच्चाले जब भाषा बोल्न सुरू गर्छ त्यसैबाट आफ्नो बुझ्ने सामर्थ्य बढाउँछ, अर्थ निकाल्छ, उसले अर्थका लागि के महत्त्व राख्छ, हामीले बुझ्न जरूरी छ।*

*— एक प्रतिभागी*

## भाषा र सामाजिक समता

सामुदायिक जीवन, भाषा र मनुष्य धेरै गहिरो रूपमा एक अर्कासँग जोडिएका हुन्छन् र सृजनामा यिनको धेरै ठूलो भूमिका हुन्छ। बच्चाले आफ्ना अनुभवहरूलाई भाषाका माध्यमले सजाएर अर्थवान् बनाउँछ। यो प्रक्रिया कुनै न कुनै भाषाद्वारा नै हुन्छ र यो भाषा बच्चाको घरको भाषा अर्थात् मातृभाषा नै हुन सक्छ। अर्थात् सृजनाको पहिलो प्रयास आफ्नो भाषामा नै आरम्भ हुन्छ। किनकि जो भावनात्मक र अन्तरङ्ग शब्द हुन्छन् ती आफ्ना भाषामा नै आउँछन्।

बालबालिका जब पहिलो पटक स्कुल जान्छन् त्यो बेला उनलाई आफ्नो भाषामा बोल्नु हुदैन भनेर सिकाइन्छ र यस्तो भाषामा बोल्न लगाइन्छ जो शिक्षकद्वारा निर्धारित गरिएको हुन्छ। जुन भाषा यस्तो हुन्छ जसमा उसले आज सम्म न त सोचेको नै छ न त बोलेको नै छ। यसको नतिजा धेरै खतरनाक हुन सक्छ। हामीले ध्यान दिनुपर्ने हुन्छ कि बच्चा आफूले आफैलाई मातृभाषामा नै सृजित गर्छ र आफ्ना अनुभवहरूको व्याख्या पनि यसै भाषामा गर्दछ। यसलाई शिक्षामा अस्वीकार्नु केबल बच्चालाई अस्वीकार्नु मात्र नभएर यो सामाजिक समता, सामाजिक न्याय र स्वतन्त्रतालाई पनि अस्वीकार्नु हो। यो प्रवृत्तिले 'मौनताको संस्कृति' का साथ साथ एउटा समाजमा आक्रामकता पनि

जन्माउन सक्छ। किनभने जब शब्दको माध्यमबाट अभिव्यक्ति हुन सक्दैन त्यो बेला अरू बाटाहरू पनि खुल्न सक्छन्, जो समाजका लागि उपयुक्त नै हुन्छन् भन्ने छैन। सहिष्णुता को भावना ल्याउन पनि बच्चाहरूलाई आफ्नो भाषामा पढ्न, लेख्न र सोचविचार गर्ने अवसर दिनुपर्छ। गान्धीले आजभन्दा लगभग एक सय वर्ष भन्दा पनि पहिले (सन् 1909 मा) 'हिन्द स्वराज' नामक पुस्तक अङ्ग्रेजीमा नलेखेर आफ्नै मातृभाषा गुजरातीमा लेखे जो विना कारण अवश्य पनि होइन।

हाम्रो शिक्षापद्धतिले केही मान्छेको भाषालाई स्वीकार गर्छ भने कसै कसैको भाषालाइ अस्वीकार पनि गर्छ, यसलाई अस्वीकार्नु शिक्षा प्राप्त गर्ने उपकरण या ज्ञान प्राप्त गर्ने एकमात्र साधनलाई अस्वीकार्नु हो। हामीहरूले यसमा पनि ध्यान दिनुपर्छ कि नयाँ मिसिन बनाउन, नयाँ शोध गर्न, आफ्नो र समाजको बारेमा नयाँ ढङ्गले सोच्न त्यतिबेला मात्र सम्भव हुन्छ जहिले हामी आफ्नो भाषामा सोच्न थाल्छौँ र यो त्यतिखेर मात्र सम्भव छ जहिले प्रत्येक स्कुलले भाषाको शिक्षालाइ लचिलो बनाउँछ।

## बच्चाको अस्मिताको प्रश्न

दुई वटा यस्ता स्कुलहरूको कल्पना गर्नुहोस् जसको आ-आफ्नो भाषा-नीति छ। एउटा यस्तो स्कुल छ जहाँ बच्चा स्कुलमा आउछ त्यो बेला उसको आफ्नै भाषा चाहे त्यो जनजातीय भाषा होस् या उसको घरको आफ्नो भाषा होस् त्यो भाषालाई पूर्ण सहजता र सम्मानित दृष्टिले कक्षामा स्वीकार गरिन्छ। उसले आफ्नो भाषामा जसरी बोले पनि उसलाई न त गलत भनिन्छ न त उसलाई गाउँले (पाखे) नै भनिन्छ। उ आफ्नो भाषामा बुबालाई, हजुरबुबालाई या कुनै पनि सम्मानित ठूलो व्यक्तिलाई तिमी भन्दछ। यहाँसम्म कि शिक्षकलाई पनि तिमी भनेर बोलाउँछ भने पनि उसको अपमान गरिदैन। उसलाई गवाँरू भनेर बसाइँदैन। यस्तो स्कुलले बच्चालाई विस्तारै बृहत्तर दुनियाँ र ज्ञानसँग जोड्न र क्षेत्रीय भाषातिर लैजान प्रयास गर्दछ। यो काम उसको आत्मगौरव र आत्मविश्वासलाई ठेस नपुर्याइ बिस्तारै गरिँदैछ। यो स्कुलमा बच्चाले पहिले आर्जन गरको ज्ञानलाई स्वागत गरिन्छ। यहाँ बच्चा मातृभाषाबाट प्रान्तीय भाषामा सहज ढंगले विचरण गर्दछ।

दोस्रो त्यस्तो स्कुल जहाँ बच्चाको प्रवेश लगत्तै उसको शिक्षा एक पराई भाषामा आरम्भ हुन्छ। त्यहाँ मुखबाट आफ्नो भाषा निस्किने बित्तिकै उसलाई गाउँले भनेर गिज्याएर बोलाइन्छ। यस्तो स्कुलले बच्चाको आफ्नो भाषालाई स्वीकार गर्दैन। यदि यिनी दुबै स्कुल र बच्चाहरूको जाँच गर्ने हो भने पहिलो स्कुलबाट उत्तीर्ण बच्चा आत्मविश्वासले

भरिएको पाइन्छ। आफ्नो मूल जरासँग जोडिएको यो बच्चाको मनमा आफ्नो भाषा प्रति कुनै अन्तर या हीन भावना हुँदैन। यो बच्चाको प्रान्तीय र अङ्ग्रेजी भाषामा पनि पर्याप्त अधिकार हुन्छ। तर अन्य स्कुलबाट उत्तीर्ण भएका बच्चाहरूको भाषालाई अस्वीकार्नुका कारण उसको आत्मविश्वासमा कमी हुन्छ र अन्य भाषाको चक्करमा परेर उसको ध्यान अभिव्यक्ति हुने सट्टामा सही उच्चारण र व्याकरणमा जान्छ। अगाडि गएर उ चिन्तनको तारतम्य बनाउने साटो भाषालाई परिपक्व बनाउन लागिरहन्छ।

*दुमका क्षेत्रमा साक्षरता अभियानका क्रममा हिन्दीमा पाठ्यपुस्तक (प्रौढहरूको लागि) विकसित गरिएको थियो। पुस्तक धेरै नै उपयोगी थिए तर ती पुस्तकबाट कुनै पनि प्रकारको बुझ्ने वातावरण बन्न सकेको थिएन। त्यसपछि स्थानीयहरूको सहयोगले नया पठनसामग्री तैयार गरियो जो अत्यधिक लोकप्रिय बन्यो। यी पुस्तक संथाली भाषामा प्रकाशनमा ल्याइएका थिए। केहीले भने सुरुवाती समयमा यो ठीक हो तर अगामी समयमा कामकाजको भाषा पनि सम्मिलित गर्न जरुरी हुनेछ। यो अनुभवको प्रयोग विद्यालयमा पढाइने शिक्षामा पनि गर्नुपर्छ। अर्थात् बुझ्ने सामर्थ्यको वृद्धिका लागि उनीहरूको आफ्नो भाषा र बिस्तारै अधिक प्रयोगमा आएको भाषा अथवा सम्पर्क भाषा हुनुपर्छ।*

*— एक प्रतिभागी*

बच्चाले आफ्नो नजिकको परिवेश र पुरा दुनियाँलाई बुझ्छन् र विद्यालयमा आफ्नो सम्पूर्ण अस्मिता लिएर आउँछन्। यदि स्कुलमा उसको घरको भाषालाई स्वीकारिदैन भने बच्चाले अहिले सम्म जुन भाषामा आफ्नो अस्मिताको गठन गर्यो, जसको माध्यमबाट उसले दुनियाँको बारेमा बुझ्यो उसलाई अस्वीकार गर्नु केवल मातृभाषालाई अस्वीकार गर्नु मात्र नभएर उसको सम्झिने र बुझ्ने आधारलाई पनि अस्वीकार्नु हो। त्यसैले हामीले बच्चाको भाषालाई स्वीकार्नुपर्छ। उसका आफ्ना भाषाका केही सीमा पनि होलान् र पनि हामीले सीमासँगै स्वीकार्नुपर्छ। प्रारम्भिक चरणमा उसलाई आफ्नो भाषामा पढ्ने र बुझ्ने अवसर दिनुपर्छ। बिस्तारै उसलाई राज्यको व्यापक ज्ञानको दायराभित्र रहेका भाषाहरूसँग जोड्नुपर्छ। यही प्रयासमा प्रान्तीय भाषाहरूलाई उसको आफ्नो भाषासँग प्रभावित हुनबाट छुट दिनुपर्छ। यो प्रयासले नयाँ चिजहरूलाई सार्थक तरिकाबाट बुझ्नलाई सहयोग गर्नेछ र पढ्न र सिक्नमा आत्मनिर्भरता तथा आत्मविश्वास ल्याउने छ। बच्चाले जुन भाषा पहिले बोल्न सुरु गर्छ उही भाषामा उसको बुझ्ने सामर्थ्य बन्छ र उसैमा अर्थ पनि निकाल्छ। ती अर्थमा बच्चाका लागि के महत्त्वपूर्ण भन्ने कुरा सम्झिनुपर्छ। यसका लागि हामीले कक्षामा नयाँ तयारी गर्नुपर्ने हुन्छ —

*यो धेरै दुःखको कुरा हो कि हामी स्वराजको कुरा पनि अरूकै भाषामा गर्छौँ जुन शिक्षालाई अङ्ग्रेजले अस्वीकार गरे, उही भाषा हाम्रो लागि शृङ्गार बन्यो, यो जान्न पर्ने कुरा हो। उनीहरूले जसलाई बिर्सेर गए अज्ञानताले गर्दा त्यसैसँग हामी अलग हुन सक्दैनौँ उनीहरूले आ-आफ्नो भाषालाई उन्नतिपथमा लैजाने प्रयास गरिरहेका छन्। वेल्स इंगल्याण्डको एउटा सानो प्रशासनिक एकाइ हो, जसमा भाषा धूलो झैँ अगण्य छन्। यस्ता भाषाहरूको जीर्णाद्धार भइरहेको छ। वेल्सका बच्चाहरू वेल्स भाषामा नै बोलुन् भन्ने प्रयास भइरहेको छ। यसमा इंगल्याण्डका खजांची लॉयड जॉर्ज विशेष गरेर भाग लिन्छन् तर हाम्रो दशा कस्तो छ? हामी एक अर्कालाई पत्र लेख्छौँ त्यो पनि गलत अङ्ग्रेजीमा, हामीहरूको राम्रो भन्दा राम्रो विचार प्रकट गर्ने माध्यम हो अङ्ग्रेजी। यदि यस्तै प्रक्रिया लामो समयसम्म चल्यो भने मेरा विचारमा अगाडि आउने पिँढीले अवश्य नै हामीलाई तिरस्कार गर्नेछ र त्यसको श्राप अवश्य हाम्रो आत्मालाई लाग्नेछ। मलाई लाग्छ कि हामीले आफ्ना सबै भाषाहरूलाई उज्ज्वल र शानदार बनाउनुपर्छ। हामीहरूले आफ्नो भाषामा नै शिक्षा लिनुपर्छ यसका फाइदाहरू के छन्, यो कुरा सम्झाउने यो ठाउँ होइन। जो कामलाग्ने अङ्ग्रेजी पुस्तकहरू छन्, ती पुस्तकलाई हामीले आफ्नो भाषामा अनुवाद गर्नुपर्छ।*

*— हिन्दी स्वराजबाट*

- समय, भाषा र बुझाइ परिवर्तनशील छन्, र हामीले यो परिवर्तनको प्रक्रियालाई ध्यानमा राखेर नै अर्थ निकाल्ने अवसर दिनुपर्ने हुन्छ।
- बाल/बालिका संसारभरका भाषाहरूलाई सिक्ने क्षमताका साथ जन्मिन्छन्। उनको यो क्षमताको कक्षामा सम्मान हुनुपर्छ।
- बाल/बालिकाको अवधारणा, अनुभूति र उसले देख्ने भाषालाई कक्षामा स्थान दिनुपर्छ।
- हामीले उसलाई ध्वनिसँग खेल्ने अवसर दिनुपर्छ।
- हामीले उसलाई आफ्नो अर्थ बनाउने अवसर दिनुपर्छ।
- शिक्षकले परिभाषाको सहायताविना अवधारणा सम्म पुग्ने प्रविधि तयार गर्नुपर्छ।
- पाठ्य-सामग्रीको सीमालाई विस्तारमा बदल्नुपर्छ।
- अनुवादको यान्त्रिकतालाई रचनात्मक बनाउनुपर्छ।
- सन्दर्भ नै नभएका भाषा सिखाउने प्रयास छोड्नुपर्छ। अर्थात् यो भ्रमलाई हटाउनुपर्छ जसमा क,ख,ग, घ, या a,b,c,d नै भाषा हो भनिन्छ।

- भाषा बच्चाको अस्मिता, संस्कृति र विकाससँग जोडिएको हुन्छ।
- भाषा उसको अगाडि बढ्ने एउटा माध्यम हो।
- बाल/बालिकाले कुनै नयाँ चिज देख्दा उसलाई भाषासँग जोडेर हेर्छन्।
- भाषा अनुभवको व्याख्या र विश्लेषण गर्ने एउटा आधार हो।
- जो बालबालिकाहरू बोल्न सक्दैनन्, उनीहरूको पनि एउटा भाषा हुन्छ।
- हिन्दीमा स्थानीय भाषाको प्रवाह निर्बाधरूपमा आओस् भन्ने प्रयास शिक्षकले पनि गर्नुपर्छ । उच्चारण होस्, वाक्य संरचना होस् या उखान-टुक्का होस्। यसबाट हिन्दी र स्थानीय समुदाय दुबैलाई बल मिल्छ।

## सार्थक शिक्षाको प्रयास

हाम्रो शिक्षा व्यवस्थाले बच्चाहरूमा दोस्रो भाषा या क्षेत्रीय भाषालाई लादेर 'मौनताको संस्कृतिलाई' जन्म दिएको छ। यो बच्चाहरूले बुझ्ने सबै ढोकाहरू बन्द गर्ने एउटा प्रयास हो। धेरै द्वीपहरूको एउटा सानो देश हो पपुआ-न्युगिनी। प्राथमिक शिक्षा चार सय भन्दा धेरै भाषामा दिन सकिन्छ भन्ने कुरा यो देशले आफ्नो भाषानीतिबाट सिद्ध गरेको छ र भाषालाई बुझाइको साधन बनाउने प्रयास र बच्चाहरूको आफ्नै भाषालाई प्रयोग गर्दै अङ्ग्रेजी या अन्य कुनै भाषासँग जोड्ने प्रयास गरेको छ। हामीहरूले पनि यसतर्फ प्रयास गर्नुपर्छ। हामीले प्राथमिक शिक्षाको सन्दर्भमा जापान, कोरिया, क्यूबा, फिनल्याण्ड र क्यानडा जस्ता देशका भाषानीतिलाई पछयाउनु पर्छ। क्यानडाले कुनै पनि बालबालिका आफ्नो भाषाका कारण पछाडि नपरून् भन्ने कुरामा विशेष बल दिएको छ। यहाँ 'शिक्षाको अधिकार कानुन' ले शिक्षा मातृभाषामा हुनुपर्छ भन्ने कुरालाई विशेष जोड दिएको छ। बच्चाहरूको राम्रो शिक्षाको लागि पनि शिक्षाको सार्थकता जरूरी हुन्छ । हामीले शिक्षाले बच्चाहरूमा क्षमताको विश्वासलाई बढाउँन सकोस् भन्ने पनि कोसिस गर्नुपर्छ । यस्तो शिक्षा पहिलो भाषामा नै दिन सकिन्छ। भाषाका वैज्ञानिक यो पनि भन्छन् यदि पहिलो भाषा समृद्ध भयो भने दोस्रो भाषा सिक्न सजिलो हुन्छ।

# 3

# बहुभाषिकता



- बहुभाषिकताको उद्देश्य
- बच्चाको भाषिक क्षमता
- सार्वभौमिक व्याकरणको परिकल्पना
- बहुभाषिकता र अल्पसंख्यक तथा आदिवासी भाषाहरू
- बहुभाषिकता र दक्षिण भारतीय भाषाहरू
- बहुभाषिकता र अङ्ग्रेजीको कक्षा
- बहुभाषिक कक्षा
- बहुभाषिकताका चुनौतीहरू

एकदिन गाउँमा धेरै होहल्ला मच्चियो। ठूला खगोलविद् आउनुभएको छ भजेर। जो नक्षत्रका धेरै ठूला जानकार हुनुहुन्छ। उनले दुई दिन सम्म आफ्नो आतिथ्य गराए अनि आकाशतिर हेरिरहे। तेस्रो दिन उनी कही पनि देखिएनन्। मान्छेहरू उनलाई खोज्न थाले र भेटिए पनि कहाँ? एउटा कुवामा जहाँ छपाछप गर्दै थिए। मान्छेहरूले भने जसलाई भुइँमा हिँड्ने बाटो थाहा छैन उसले आकाशलाई? भने कसरी जान्न सक्छ? बच्चाहरूको 'आफ्नो भाषामा शिक्षा' को सम्बन्धमा यो किस्साको धेरै नै महत्त्व छ। हामीले बच्चाहरूको जडलाई नै बलियो बनाउनु पर्ने हुन्छ र यो प्रक्रियामा सिद्धान्तको कुरा गर्नुपर्छ, जसलाई शिक्षाको दुनियाँमा क्रियान्वयन गर्न सकियोस्। यसबाट यो पनि स्पष्ट हुन्छ कि हामीले जमिनी शिक्षाको बाटो खोजे कै राम्रो। बहुभाषिकता एउटा यस्तै बाटो हो।

## बहुभाषिकताको उद्देश्य

बहुभाषिकता हाम्रो जीवनको एउटा महत्त्वपूर्ण भाग हो। हाम्रो संस्कृति हाम्रो अस्मितासँग जोडिएको छ। हामी सबै बहुभाषी हौँ र हामी बहुभाषी हुनाले नै हामी परस्परमा जोडिन र एक अर्कालाई बुझ्न सक्छौँ। आजभोलि मान्छेहरू एउटा देशबाट अर्को देशमा आवत-जावत गर्छन् र वहाँको आर्थिक र सामाजिक जीवनमा ठाउँ बनाउछन्। त्यसैले यो समयमा एक राष्ट्र, एक भाषा, एक संस्कृति को अवधारणाको कुनै ठाउ छैन। यस्तो कुरा सोच्नु केवल बेईमानी होइन बरु पुरै दुनियाँको ज्ञानदेखि आँखा बन्दगर्नु जस्तै हो।

यो कुरा हामी बुझ्छौ र पूर्णरूपमा यसको प्रयोग पनि गर्छौं, यसलाई कसैले पनि अस्वीकार गर्न सक्दैन किनकि यो बच्चाहरूको जीवनसँग पनि जोडिएको कुरा हो। र पनि फेरि बच्चाहरूलाई यसबाट टाढा राखिन्छ। बच्चाहरूलाई बुझ्न, उनीहरूसँग नाता जोड्न, उनलाई स्कुलसँग जोड्नका लागि उनीहरूको घरेलु भाषा र स्कुली भाषाका बिचमा एउटा पुल बनाउनका लागि बहुभाषिकताको विशेष भूमिका हुन्छ। बच्चाहरू मातृभाषा जान्दछन् नजिकको परिवेशमा त्यसको उपयोग पनि हुदै गरेको देखिएको छ। अब आवश्यकता यो कुराको छ कि उनीहरूको आफ्नो भाषालाई मजबुत आधार दिएर उनको भाषा र अन्य कुनै भाषाको बिचमा एउटा पुल बनाउनुपर्छ। यसरी उसलाई दुई तीन भाषामा प्रवेश गराउँन सकियोस् जसमार्फत उसले सजिलोसँग शिक्षा पाउन सकोस्। मातृभाषाको प्रयोग रिढको हड्डी जस्तै चलिरहनु पर्छ। लेख्न र पढ्न हामी एकैपटक सिक्छौं। मातृभाषामा यो कौशल निश्चित भयो भने अन्य भाषामा लेख्न र पढ्न धेरै सजिलो हुने थियो।

## बच्चाको भाषिक क्षमता

धेरै बाल/बालिका स्कुल आउनुभन्दा पहिले केवल एउटा भाषा मात्र नभएर, अन्य अनेक भाषाहरू पनि सिक्दछन्, स्कुल आउनुभन्दा पहिले बाल बालिकाले लगभग पाँच हजार अथवा त्यो भन्दा बढी शब्दहरूलाई जानेका हुन्छन्। यसैले बहुभाषिकता हाम्रो पहिचान अथवा अस्मिताको निर्धारक हो। यहाँसम्म कि टाढा टाढाका गाउँका तथाकथित एक (एकल भाषी) पनि अनेकौँ सम्प्रेषणात्मक स्थितिमा सही तरिकाको भाषा प्रयोग गर्ने क्षमता राख्दछन्। भन्नेकुरा बहुभाषिकताको संज्ञानात्मक विकास, सामाजिक सहनशीलता, विकेन्द्रित चिन्तन एवं शैक्षिक उपलब्धिबाट सकारात्मक सम्बन्ध हुन्छ। भाषा-वैज्ञानिकदृष्टिले सबै भाषा जसलाई हामी बोली आदिवासी या खिचडी भाषा भन्छौँ ती सबै समानरूपले वैज्ञानिक हुन्छन्।

*सबै बच्चाहरूमा चार वर्षको उमेरमा नै भाषा सिख्ने क्षमता हुन्छ।*

X X X

*भारतीय संविधानको अनुच्छेद 29 मा लेखिएको छ- सबैको आफ्नो भाषा संस्कृतिलाई बचाउने अधिकार छ अनुच्छेद 30 र 350 एमा पनि यसै सन्दर्भलाई बताउदै आ-आफ्नो भाषाको संरक्षण बचत र सुलभताको कुरा गरिएको छ।*

भाषा एक अर्काको सान्निध्यमा फस्टिन्छन्। साथ-साथै आफ्नो विशेष पहिचान पनि बनाउँछन्। बहुभाषिक कक्षामा यो अनिवार्य हुनुपर्छ जसमा बच्चाको भाषालाई

सम्मान दिदै बच्चाको भाषागत विभिन्नतालाई शिक्षणविधिको अंश मानेर भाषा सिकाउनु दिनुपर्छ, र पर्छ।

## सार्वभौमिक व्याकरणको परिकल्पना

भाषाविद् पनि भाषाशिक्षणको सन्दर्भमा यस्तै खाले कुरा गर्छन्। प्रत्येक भाषामा स्वर र व्यञ्जन वर्ण हुन्छन्। प्रत्येक भाषाको आफ्नो एउटा छुट्टै विशेषता हुन्छ , जो परस्पर एक-अर्कासँग समान हुदैन। त्यो आफैमा अद्वितीय कुरो हो। जस्तै उदाहरणको रूपमा म आफ्नो कुरो राख्ने कोसिस गरिरहेको छु 'ट्राई गर्दैछु' तपाई खान प्रयास गर्नुहोस् 'ट्राइ गरेर त हेर' यहाँ सबै वाक्यमा ट्राइशब्दको सन्दर्भ बदलिएको छ। पर्यायवाची शब्दले सधै एउटै अर्थलाई बताउदैन भन्ने यो उदाहरणमा स्पष्ट छ । जुन व्यक्तिलाई दुई या त्यो भन्दा बढी भाषाको ज्ञान हुन्छ, ऊसँग एउटै भाषा-व्यवस्थाका दुई वटा फरक-फरक भाग हुन्छन् र त्यस्ता भाषाका अलग-अलग व्यवस्था पनि हुन्छन्। बच्चाले बोतल फुटायो यो उर्दू, पंजाबी,हिन्दी कुन भाषा-व्यवस्थाको वाक्य हो? तीनै भाषाको हुनसक्छ। मुंडे नाल मैं नी जा सकदी (केटासँग म जान सक्दिन) पंजाबीमा 'मुंडे' को साथमा 'दे' लगाउनु पर्ने आवश्यकता हुदैन। यी सबै भाषाका आफ्ना-आफ्ना व्यवस्था हुन्छन्। बच्चाहरू आफै नै नजिकका बोलिने भाषाहरूको ध्वनि, वाक्यसंरचना र शब्दलाई जान्दछन्। दुइटा भाषाको बिचमा भएको अन्तरलाई पनि बुझ्दछन्। भाषाको ढाँचागत बनावटलाई पनि जान्दछन्। उदाहरणको लागि मैसूरको व्यक्ति काँइयोलाई काँधियो भन्छ। यदि भाषाहरूको व्यवस्थालाई चिनिन्छ भने सिक्दा आउने कठिनाइलाई पनि सरलताले बुझ्न सकिन्छ। कसै सँग दुई या दुई भन्दा धेरै भाषा छन् भने उसँग एक शरीर दुई आत्मा छन्। यो 'विकास' को नै एउटा अंश हो। हामीले यो कुराको पनि ध्यान राख्नु आवश्यक छ। यदि भाषा मेटियो भने त्यसको साथमा संस्कृति पनि मेटिन्छ। अफ्रिकामा भाषाको विनाशले नै संस्कृति पनि नाशोन्मुख अवस्थामा पुगेको थियो तर त्यहाँका मानिसहरू समयमै सचेत भए।

*नागाल्याण्डमा यद्यपि अङ्ग्रेजीलाई सरकारी कामकाजको भाषा बनाइएको छ, तर आवश्यकता अनुसार 17 आदिभाषी भाषाहरूलाई प्राथमिकस्तरमा (शिक्षामा) स्वीकार गरिएको छ। कुनै एउटा भाषा त एम.ए. सम्म पढाइन्छ। यो छ कि सबै बच्चाहरूलाई उनकै भाषामा पढाउनुपर्छ । भन्ने सर्वशिक्षा अभियानको प्रयास*

## बहुभाषिकता र अल्पसंख्यक तथा आदिवासी भाषाहरू

जो भाषा थोरै मान्छेहरूले बोल्छन् सामान्यतया उनका बच्चाहरू स्कुलमा आउदैनन्। बहुभाषिकतालाई सम्मान दिदै हामी त्यस्ता सबै बच्चाहरूलाई शिक्षाको परिधिमा ल्याउन सकिन्छ। बहुभाषिकताको सन्दर्भमा भाषायी अल्पसंख्यकहरूको उनलाई आफ्नो भाषामा प्राथमिक शिक्षा मिल्नुपर्छ। अधिकार हो। भाषा संरक्षणको लागि एउटा संस्था पनि बनाउनु पर्छ। एउटा अल्पसंख्यक भाषा-आयोग पनि बनेको छ जसका अनुसन्धान अनुसार अहिलेको वर्तमान परिस्थितिमा केही भाषा यस्ता पनि छन्  जो अल्पसंख्यक नभएर पनि शिक्षाको समूहभन्दा बाहिर छन्। अनुसन्धानले यो पनि देखाँउछ कि आदिवासी बच्चाहरूलाई अगाडि ल्याउनका लागि नै बहुभाषिकताको कुरा गरिएको हो। आदिवासी बाल/बालिकाहरू जब विद्यालयमा आउछन् तब तिनीहरूलाई नयाँ भाषा मिल्छ चाहे असमिया हो या कुनै अर्कै होस्। उनीहरूलाई यो उद्देश्यले स्कुल ल्याइएको  हुन्छजसबाट उनीहरूलाई मुख्यधारासँग जोड्न सकियोस्। चाहे उनीहरूको भाषा चेञ्जु होस् या अरू कुनै होस्। नतिजा यो आउछ कि जुन भाषामा उनको आफ्नो संस्कृतिको समझ बनेको हुन्छ, त्यसदेखि नै टाढा हुन पुग्छन्।

## बहुभाषिकता र दक्षिण भारतीय भाषाहरू

दक्षिण भारतमा एउटा यस्तो मान्यता पनि छ जस अनुसार वहाँका आफ्ना भाषाहरू जस्तै  तमिल, कन्नड, तेलुगु या मलयालम र अङ्ग्रेजी नै जान्नलाई पर्याप्त छन्। त्रिभाषा सूत्रका अनुसार तेस्रो भाषा हिन्दी पढ्न उनीहरूलाई बोझ हुनसक्छ। सबै राज्यको आफ्नो आधिकारिक भाषा हुन्छ। बाल-बालिकाका आ-आफ्ना अरू भाषा पनि हुन्छन्। अब प्रश्न यो उठ्छ कि यति धेरै भाषाहरू हुदाँहुदै प्राथमिक शिक्षा मातृभाषामा नै किन?

यो सन्दर्भमा यो पनि ध्यान दिनुपर्ने कुरा हो कि धेरै बच्चाहरू पाँच कक्षा पछि पढाइलेखाइ छोड्छन्। मातृभाषा उनीहरूले पहिले नै जानेका हुन्छन्।त्यसैले कक्षा पाँच सम्मको पढाइ-लेखाइ उनीहरूको आफ्नै मातृभाषामा भयो भने पढाइ सजिलो हुन्छ नाइ भने पुरा पाँच वर्ष अर्को भाषा सिक्नमा नै बित्छ र सार्थक जस्तो उपलब्धि केही पनि हुदैन। त्रिभाषा सूत्र बहुभाषिक अवधारणा होईन, र नत यो कुनै नीति नै हो। यसलाई एउटा कार्यक्रम भन्न सकिन्छ। यसमा रहेको भाषा सम्बन्धी विविधताको कुरालाई फेरी विचार गर्नुपर्ने आवश्यकता देखिन्छ। यो केबल बहुभाषिकताद्वारा नै सम्भव छ।

## बहुभाषिकता र अङ्ग्रेजीको कक्षा

अङ्ग्रेजी शिक्षणको उद्देश्य यस्ता बहुभाषीहरूलाई तयार पार्नु हो जसले हाम्रा सबै भाषाहरूलाई समृद्ध बनाउन सक्छ। यही नै स्वीकृत र राष्ट्रिय मनोवृत्ति हो। त्यसैले अङ्ग्रेजी चाहे कुनै पनि कक्षामा सुरू होस् (I-IIIया IV या V/VI) मा सुरू होस् त्यसलाई अर्थवान् तरिकाले सिकाइयोस्। तर सामान्यतया अङ्ग्रेजीको कक्षामा मातृभाषाको प्रवेश गुप्त घुसपैठीको रूपमा हुन्छ। उत्तर लेखाउने समयमा शिक्षक पाठका साथ-साथै अनुवाद र व्याख्या गर्दै अगाडि बढ्छ। समझ बनाउने क्रममा बच्चाको मातृभाषालाई अचानक उपयोगमा ल्याएर या अङ्ग्रेजीसँग सम्बन्धित गराएर सही स्थान दिन सकिन्छ। प्रभु (1987) यसको एउटा उदाहरण दिनुहुन्छ। बेङ्गलोर (बेंगलुरु) प्रोजेक्टमा मातृभाषा प्रयोगको सीमा कामको आवश्यकतालाई लिएर नै निर्धारण गरिएको थियो। त्यहाँ सामग्री अङ्ग्रेजीमा थियो र उत्तर पनि अङ्ग्रेजीमा नै आउथें। आवश्यकता पर्दा मातृभाषाले नै अङ्ग्रेजीलाई बोधगम्य बनायो। यदि अङ्ग्रेजीमा अनेक प्रकारका सामान उपलब्ध भएर उसलाई बुझ्ने साँचो प्रयास हुन्छ भने मातृभाषाले हस्तक्षेप गर्दैन बरु सहायक नै हुन्छ। क्रेशन (1985:94) ले भन्छन् 'साथ-साथै गरिने अनुवाद प्रभावकारी हुदैन' कक्षामा दुइटा भाषाको उपयोग, पहिलो भाषालाई पृष्ठभूमिमा प्रयोग गर्दै लक्षित भाषाको सामग्रीलाई बोधगम्य बनाउनका लागि गरियोस्।

अङ्ग्रेजी भाषाशिक्षणका सामग्री तयार पार्न र मातृभाषाका उपर्युक्त प्रयोगलाई बुझ्नका लागि शिक्षकहरूको दायित्वपूर्ण उपस्थिति निश्चित गर्न आवश्यक छ। भाषाशिक्षणका उपर्युक्त स्तर के हुन सक्छन् भन्ने विषयमा शिक्षकहरूको मानसिकतालाई बुझ्न र सम्बोधन गर्न जरूरी छ।

## केही सम्भावनाहरू

- प्राथमिक स्कुलहरूमा भाषाहरूको बिचमा तथा भाषा र विषयको बिचको व्यवधानलाई हटाउने प्रयास गर्नुपर्छ। निम्न प्राथमिक स्तरमा या कम भन्दा कम कक्षा 1 देखि 3 सम्म जो गतिविधि बच्चाको नजिकको निजी संसार प्रति जागरूक बनाउनका लागि दिइन्छ, ती सबै अङ्ग्रेजीका साथै मातृभाषामा पनि दिन सकिन्छ (दास 2005)। यस्ता खालका बहुभाषी गतिविधिहरूका विकासका लागि सामग्री तयार गर्ने र शिक्षकको सहयोगले एउटा स्पष्ट प्रविधिको निर्देश तयार गर्न आवश्यक

छ। जसमा एक भन्दा अधिक भाषाहरूको उदाहरण होस् र त्यसमा कोड परिवर्तनको उदारता पनि हुनुपर्छ।

- एकभन्दा धेरै भाषाहरूमा समान्तर पाठलाई कार्यान्वयन गर्नु, यो एउटा कहानी हुनसक्छ। जस्तै एन-बी-टी-ले अङ्ग्रेजीका साथ-साथ भारतीय भाषामा पनि कहानी छपाएको छ (द्रष्टव्य अमृतावल्ली और रामेश्वर राव, 2001)। प्रामिस फाउण्डेशनले चार भारतीय भाषा र अङ्ग्रेजीमा ठूला-ठूला किताबहरू तयार पारेको छ। सी-आई-ई-एफ-एल् का सबै भाषा दृष्टिकोण अनुसार द्विभाषी किताबहरू तयार गरिएका छन्। यस्ता समान्तर पाठको अनुवाद एक अर्कासँग जस्ताको त्यस्तै होस् भन्ने जरूरी छैन, तर समान अर्थवाला र तिनीहरूमा समान भाषिक गतिविधि, जस्तै-तुक, ध्वनि-खेल आदि संलग्न हुन जरूरी छ, ताकि बाल/बालिका भाषाको ध्वनि र संरचना प्रति सचेत होउन्। पढाइ एक संचरणीय कुशलता हो। एक भाषामा पढ्ने कुशलताले अर्को भाषा सिक्न सहयोग पुर्याउछ (वेस्ट 1941)। यो केवल समान लिपिवाला भाषामा मात्र नभएर फरक लिपिवाला भाषाहरूमा पनि प्रभावकारी हुन्छ। (वेस्टले बङ्गाली र अङ्ग्रेजीमा काम गरेका हुन्, दुइटा लिपिको स्थिति र पढाइको संरचनाका बारेमा अब केही थौरै जानकारी भएको छ।)
- माथि दिइएका सुझाव समान्तर या साथमा काम गर्ने भाषाका बारेमा हुन्। उही द्विभाषी पढ्ने र पढाउनेका लागि या मिश्रित कोडका द्विभाषी पाठमा पनि प्रयोगात्मक कार्य उपलब्ध छन्। (द्रष्टव्य डोवेरा 2005, फेलिक्स 1998) यसका शैक्षणिक सम्भावनाहरूलाई खोज्न सकिन्छ।

*— अङ्ग्रेजी शिक्षण-आधार पत्र, पृष्ठ 13-14*

*यूनेस्कोको शैक्षणिक आधारपत्र (2003) का अनुसार आरम्भिक शिक्षणको लागि मातृभाषा अत्यन्त आवश्यक छ र यसलाई जतिसम्म जारी राख्न सकिन्छ त्यतिसम्म राख्नुपर्छ। केही अध्ययन (जस्तै सहगल 1983) ले बताएको छ कि जो बच्चाहरू मातृभाषाका माध्यमले शिक्षा प्राप्त गर्छन् उनीहरू भाषिक या विद्वत्ताको स्तरमा अङ्ग्रेजी माध्यमले पढेका आफ्ना समकक्षीको तुलनामा कतै पनि कमजोर हुदैनन्। 15 देखि 17 वर्षका 78 बच्चाहरूमा गरिएको शोध को उपरान्त गुप्ताको(1995)भनाई छ कि आरम्भिक अवस्थामा दुई वर्षसम्म मातृभाषालाई माध्यमको रूपमा प्रयोग गर्नाले नै बच्चाहरूको मातृभाषा या अन्य भाषामा धेरै राम्रो दक्षता हुन्छ।*

*— भारतीय भाषाओं का शिक्षण, राष्ट्रीय फोकस समूह का आधार पत्र,1-3,पृ-15*

## बहुभाषिक कक्षा

कुनै पनि भाषालाई कसरी पढाइन्छ? भन्ने कुरा जान्नका लागि पहिले लेखनविज्ञानलाई बुझ्नुपर्छ। यहाँ दिमाग र हातको संयोजन/समन्वयन चाहिन्छ। 5-6 वर्षको उमेरसम्म यो विकास ठोस हुदैन। त्यसैले लेख्न अफ्ठ्यारो पर्छ। परन्तु अनुसन्धानले यो पनि भन्छ कि बच्चाको मनमा प्रिन्टको अवधारणा या समझ बनाउनका लागि पढाइको साथमा लेखाइ पनि सुरु गर्नुपर्छ। यो लेखन रेखामा पनि हुनसक्छ भन्ने कुरा बुझ्न जरूरी छ। सुन्नु र बोल्नु धेरै महत्वपूर्ण कुरा हुन्। यदि गणित सिकाउने कुरा गरिन्छ भने बच्चाहरूले गणित पहिले देखिनै जानेका हुन्छन्। टफी बाड्न न सिकाए पनि पहिला देखि जान्दछन्। यही तरिकाले पानीका तीन रूप ठोस तरल र बाफलाई बच्चाको मनमा अवधारणा स्पष्ट भएपछि मातृभाषाको सहाराले राम्रो ढङ्गले सम्झाउन सकिन्छ। मातृभाषाको माध्यमले पारिभाषिक शब्दहरू पनि आदान प्रदान गर्न सकिन्छ। यद्यपि दोस्रो तेस्रो भाषा जोडियोस् तथापि मातृभाषाको प्रयोग गर्दै गर्नुपर्छ। उनीहरू आफ्नो मातृभाषा मार्फत अरू भाषा पनि बुझ्न थाल्छन्। हामीलाई केवल शिक्षाको नदीमा एउटा राम्रो र बलियो पुल बनाउन जरूरी छ।

ध्यान दिनुपर्ने कुरा यो छ कि हामी त्यही कुरा सुन्छौँ र बुझ्छौँ जो पहिले सुनेका हुदैनौँ। बाँकी सबै मामूली जस्तो लाग्छ, र त्यसलाई ध्यान दिदैनौँ। आवश्यकतालाई ध्यानमा राख्दै जो मजदुर विहारदेखि आसाम, पंजाब इत्यादि ठाउँमा आउछन् र त्यहीको भाषा पनि सिक्छन्।

## बहुभाषिकता का चुनौतीहरू

- सबैभन्दा पहिले भाषाको रूपमा भाषा पढाउनु अलग कुरा हो र माध्यमको रूपमा अलग भन्ने कुरा ध्यान राख्नुपर्छ । भाषा पढाउनु केवल भाषाशिक्षकको काम होइन। अरू विषय पढ्न र पढाउन भाषाका तत्त्वविना सम्भव छैन। विज्ञानमा पनि क्रिया संज्ञा र सर्वनाम हुन्छन्। हिन्दी या कुनै पनि भाषिक संरचना र वैज्ञानिक अवधारणा साथ-साथै चल्नुपर्छ।

> *आज भोलिका कक्षाहरूमा* अङ्ग्रेजीमापढाएको देखेर कुरा रवेल्छन् पहिले पहिले मान्छेहरू हिरा जवाहरात लुट्थे। तर आजभोलि भाषाको माध्यमले दिलर दिमाग लुट्हन्।

- बहुभाषिकतामा अर्को समस्या लिपिको हुन्छ। उदाहरणको रूपमा जेमीले (आसाम

र नागाल्याण्डमा) रोमन लिपिको चयन गरेको छ। यस प्रक्रियामा वहाँ बच्चालाई 'ए' देखि 'जेड' सम्म सिकाइन्छ, जबकि जेमीमा यी सबै अक्षर प्रयोगमा आउदैनन्।

- तेस्रो समस्या हो स्कुलमा बोल्न र सुन्नमा भन्दापनि लेख्न र पढ्नमा धेरै जोड दिइन्छ।
- शिक्षण-अधिगम सामग्रीको प्रयोग पनि एउटा समस्या नै हो। यो नत सुरूचिपूर्ण हुन्छ र नत संस्कृतिसँग मेल नै खान्छ। उदाहरणका क्रममा यस्ता प्रकारका उदाहरणहरू समावेश गरिन्छन् जस्तै उड़ीशाका जनजातिहरूमा जन्मदिनमा उपहार दिने चलन छैन।
- एउटा अर्को समस्या भाषाशिक्षकको नियुक्तिलाई लिएर पनि छ। भाषा शिक्षकको नियुक्ति गरिदैन। भाषा नै त पढाउने भन्ने सोचले कोही व्यक्ति या कुनै अन्य विषयको शिक्षक होस् उसलाई नै दायित्व दिइन्छ।
- कुनै पनि स्तरमा समुदायलाई जोड्ने प्रयास गरिदैन। प्राथमिक स्तरमा मातृभाषा हुन अत्यन्त आवश्यक छ र पछि अरू भाषाहरू पनि जोड्न सकिन्छ। बाधाहरू अवश्य आउनेछन् तर समाधानको खोजी पनि अवश्य हुनेछ।
- जब हामी कक्षामा पढाउँछौँ त्यतिबेला एउटा भाषाको अर्को भाषासँग सम्बन्ध जोड्दै पढाउनु पर्छ, एउटा एक्लो भाषालाई लिएर अगाडि बढ्ने हो भने कक्षामा परस्परमा कुराकानी नै हुनसक्दैन। परन्तु दुःखको कुरा यो छ जसरी खेत-बारी, चिठ्ठी इत्यादि पनि विलुप्त हुदैछन्, त्यसैगरी धेरै शब्दहरू विलुप्त हुदैछन्। परालको टौवा, गौन, दाल, ऐंश, उरेब, भूजब इत्यादि शब्दहरू नेपाली भाषामा प्रयोगमा नै छैनन्।

साहित्यकारहरूले पनि यसतर्फ ध्यान दिनुपर्छ बहुभाषिकताको कारणले नै हामी अरू भाषाहरू पनि सिक्न सक्छौं। कबीर बहुभाषी सन्त कवि थिए। उनले अरूलाई सम्झाउन बुझाउनका लागि सधुक्कडी भाषालाई स्वीकारे। हबीव तनवीरको 'आगरा बजार' र भिखारी ठाकुरको अत्यधिक चर्चित नाटक 'बिदेसिया' बहुभाषिकता को एउटा नमुना हो। हाम्रो देश बहुभाषी हो। त्यसैले अनेकौं

*बर्लिट्ज भाषा स्कुल... गरेर सिक्नेहरूको लागि संसाधनहरूको एउटा राम्रो उदाहरण हो। यिनीहरू स्कुलको कानुन बनाएर अझै अर्को भाषा पनि सिक्नुपर्छ भनेर हामीलाई बाध्य बनाउदैनन्। भाषा सिकेपछि राम्रो नोकरी मिल्छ र हामी सफल सम्पन्न हुन्छौं, र नसिके हामी असफल र गरीब हुन्छौ भनेर पनि भन्दैनन् । उनीहरू यस्तो खाले कुनैपनि प्रतिज्ञा गर्दैनन् या धम्की दिदैनन्। उनीहरू केवल यतिमात्र भन्छन् यदि हामी अझै एउटा भाषा बोल्न सक्यौ भने जीवनको आनन्द लिन सक्थ्यौ।*

*— शिक्षा की बजाय, जान होल्ट*

भाषाको ज्ञानले केवल हामीलाई मात्र नभएर भाषाहरूलाई पनि परस्परमा जोड्छ। भाषा विचाररूपी गाडीको पाङ्ग्रो हो र द्विभाषी हुनु मनुष्यको प्रकृति हो। हामी एउटा यस्तो समाज बनाउन चाहन्छौँ जो आफ्नै शैलीमा अनेक भाषा बोलोस् र सबैलाई लागोस् कि यो कुरा अन्ततः उसैको बारेमा हो।

जार्ज स्टाइनरले आफ्नो किताब 'द मार्डन वर्स इन ट्रांसलेशन'मा आफ्नी आमालाई समर्पित गर्दै लेखेका थिए 'टु माई मदर हू स्पीक्स सैवरल ल्याङ्वेजिज बट इन हर ओन टङ्ग' (आमाको लागि, जो अनेकौँ भाषा बोल्नुहुन्छ तर आफ्नै भाषाशैलीमा)

## सँगै गयो बो भाषा, भविष्यमा खतरा पनि



*अण्डमानमा एउटी 85 वर्षकी महिला बोआ सीनियरको मृत्यु भएसँगै प्राचीन भाषा बो-लाई अगाडि लैजाने श्रृङ्खला नै टूट्यो। यसलाई भाषाविज्ञानको क्षेत्रमा एक अपूरणीय क्षति भनेर बताइएको छ। किनकि उनी दुनियाका प्राचीनतम भाषाहरूमा एकभाषा बोल्ने अन्तिम व्यक्ति थिइन्। यो उल्लेखनीय कुरा हो दुनियाका प्राचीन भाषाहरूको स्रोत अफ्रीकालाई मानिन्छ। धैरे जसो अण्डमानिभाषाहरू सत्तरीहजार (70000) वर्ष पुराना मानिन्छन्। अग्रणी भाषाविद् प्रो- अन्विता अब्बी भन्छिन् आफ्ना माता पिताको मृत्यु पछि पछिल्ला तीस चालिस वर्षदेखि बोआ बो भाषामा बोल्नेवाली अन्तिम व्यक्ति थिईन्। बोआ धैरै जसो आफूलाई एक्ली सम्झिन्थिन्। अरू मान्छेहरूसँग कुराकानीका लागि उनलाई अण्डमानी हिन्दी सिक्नुपरेको थियो।*

*किनकि अण्डमानी भाषा पाषाण युगदेखि चलिआएका भाषाहरूको अन्तिम अवशेष मानिन्छ, त्यसैले यो भन्न सकिन्छ बोआ सीनियरको मृत्युले भाषाहरूको ग्रन्थीको एक छेउ सधैका लागि अस्तायो। अण्डमानका जनजातिहरूलाई चार समूहमा राखिन्छ। जस्तै ग्रेट अण्डमानी, जारवा, ओन्गी र सन्टीनली। बोआ सीनियर ग्रेट अण्डमान समूहबाट थिइन्। अब यो जनजातिका करीब 50 जना मात्र बचेका छन्। जसमा अधिकतर बच्चाहरू छन्।*

*– आधार बी.बी.सी. समाचार*

# 4
# विषयहरूको केन्द्रमा भाषा



- **इतिहासको दृष्टिमा**
- **सबै विषयका अध्यापक भाषाकै अध्यापक हुन्**
- **चिन्तनमा स्वतन्त्रता र मौलिकतामा प्रश्न**
- **भाषा र अन्य विषय**
- **तकनिकी शब्दावली र बच्चाहरूको बुझाइ**
- **उच्च शिक्षा र अन्य विषय**

भाषा एउटा औजार हो जसको प्रयोग हामीहरू जिन्दगीलाई बुझ्न, जोडिन र जीवन-जगतलाई प्रस्तुत गर्नका लागि गर्छौं। भाषा केवल सम्प्रेषणको साधन मात्र नभएर एउटा यस्तो माध्यम पनि हो जसको सहारामा हामी अधिकांश जानकारी पाउन सक्छौँ । यो एउटा यस्तो व्यवस्था हो जसले धेरै हदसम्म हाम्रा नजिकका वास्तविकता र घटनालाई मन-मस्तिष्कमा व्यवस्थित गराउछ। यो धेरै तरिकाबाट हाम्रो पहिचानको एउटा चिह्न हो, र अन्ततः यो समाज, सत्ता र शक्तिसँग धेरै नजिकबाट जोडिएको छ। केवल अरूसँग कुरा गर्नका लागि मात्र नभएर आफुले आफैसँग कुरा गर्नलाइ पनि भाषाको नै प्रयोग गरिन्छ भन्ने कुरा हामीले सोच्नुपर्छ। वास्तवमा भाषाको महत्त्वपूर्ण काम यो पनि हो। जबसम्म हामी आफुले आफुसँग कुरा गर्न सिक्दैनौँ तबसम्म हामी आफ्नो विचारलाई स्पष्ट पार्न सक्दैनौँ।

विभिन्न विषयका क्षेत्र जस्तै इतिहास, भौतिकविज्ञान अथवा गणितमा कुरा गर्न र बुझ्नका लागि पनि हामीलाई भाषाको आवश्यकता पदर्छ। चाहे हामीले प्रकृतिलाई हेरौँ या समाजलाई, काफी हदसम्म त्यसलाई आफ्नो भाषाको संरचनात्मक माध्यमले नै हेर्दछौँ।

गरिब वर्गका बच्चाहरू जो अङ्ग्रेजी माध्यमका स्कुलमा भर्ना लिइरहेका त छन् तर कहानी भने सबैको लगभग उस्तै छ। भाषामा तालमेल बनाउन सक्दैनन् र बिस्तारै किनारिदै जान्छन्। भर्नाका लागि सरकारका अनेक-योजनाहरू भएपनि यो भने थाहा पाउंन सकिएको छैन किन अझै पनि शिक्षण व्यवस्थामा यो विषयलाई लिएर चिन्तन गरिदैन वस्तुतः भाषिक अन्तरले मनुष्यलाई कहीको रहन दिन्न।

*एउटा बच्चाका अभिभावकहरूको इच्छा उनका बच्चाहरू अङ्ग्रेजी माध्यमको स्कुलमा पढुन् भन्ने थियो । तर त्यो बच्चालाई आफ्नो घरको नजिक अङ्ग्रेजीको वातावरण उपलब्ध थिएन। त्यो बच्चा बिस्तारै कमजोर हुदै गयो। सात आठ कक्षा सम्म पुग्दा त्यो बच्चा धेरै विषयमा अनुत्तीर्ण हुन थाल्यो जसको कारण उसको आत्मसम्मान र सृजनात्मकता बिस्तारै शून्य बराबर भयो। यो स्थितिलाई देखेर त्यो बच्चालाई हिन्दी माध्यमको स्कुलमा नै भर्ना लिनुपर्यो, किनकि अङ्ग्रेजी माध्यमका स्कुलले नौँ र दश कक्षामा पढाउन अस्वीकार गरेका थिए। पहिले तीन चार महिना एउटा नयाँ परिवेशलाई बुझ्नमा बित्यो। तर त्यसपछि उसलाई पछाडि फर्केर हेर्न परेन। किनकि अब उसले आफ्नो भाषामा सबै विषय बुझ्न थालेको थियो । उ आफ्नो बुझाइलाई आफु नजिकैको आफ्नै वातावरणमा जोड्दै थियो। हेर्दा हेर्दै उ कक्षा नौको वार्षिक परीक्षामा सर्वोत्कृष्ट भयो।*

*– एक प्रतिभागी*

## इतिहासको दृष्टिमा

यो कुरा विचारणीय छ कि जस्तै मध्यकालमा र त्यसपछि जो हस्तकला विकसित भयो त्यो सबै आ-आफ्नो भाषा मार्फत नै भयो। शिल्पकलाका लागि त्यसका अलग अलग केन्द्र हुन्थे। त्यहाँ उनीहरू आफ्नो भाषामा ज्ञान र निपुणता प्रदान गर्दथे र त्यो पुस्तौं सम्म चल्दथ्यो। तर अहिले त्यो पनि समाप्त भइसक्यो किनकि पूँजीवादको विकासले ती सबै शिपलाई नष्ट पार्यो, र साथ-साथै ती शिल्पहरूको साथमा जोडिएका टुक्काहरू पनि नष्ट भए, ती भाषाहरू पनि समाप्त भए। ती सिपहरू जो बुझ्ने माध्यम बनेका थिए सबै समाप्त भएर गए। जसलाई आदिवासी भाषा भनिन्छ, र ज्ञानको एउटा ठूलो भण्डार जो आदिवासीहरूसँग थियो त्यो नष्ट भएर गयो र बचेको जति पनि थियो त्यो नाशिदै छ। अहिले जो आदिवासी क्षेत्र छन् त्यहाँ शिक्षाको

*ईसाको 500 वर्ष पहिले वाराणसीमा एउटा घटना घटेको थियो। भगवान बुद्धले आफ्नो पहिलो उपदेश लोक भाषामा दिएका थिए र त्यो उपदेशले भाषाको सीमालाई नाघ्दै सम्पूर्ण भारत र एशियामा एउटा ज्योति जलाएको थियो। मध्यकालमा जब वाराणसीमा कबीरले भने 'संस्कृत है कूपजल, भाषा वहता नीर' त्यो समयमा पनि अनेकौं भाषा थिए। तर भारतका सबै भाषाहरूमा यो आवाज पुग्यो। भक्ति आन्दोलन ले सम्पूर्ण देशलाई एकताको सूत्रमा बाध्यो र समरसताको धारालाइ सबैमा प्रवाहित गर्ने काम गर्यो।*

*– एक प्रतिभागी*

माध्यम या त अङ्ग्रेजी छ या त हिन्दी। विशेष गरेर त्यहाँ पनि अङ्ग्रेजी तीर नै झुकाव देखिन्छ र आफ्नो भाषामा पढाइ नको बराबर छ। यसकारण देशी लोक-कला, र सिप लोप हुने खतरा बढ्दो छ। हस्तकला र शिल्पकलालाई बचाउनका लागि पनि हामीसँग एउटा मात्र बाटो बचेको छ त्यो हो आफ्नो भाषामा विशेष दक्षता बनाउँनु।

## सबै विषयका अध्यापक भाषाकै अध्यापक हुन्

मस्तिष्कमा भाषाका साथ समस्याको समाधान गर्ने प्रक्रिया कसरी चल्छ र कसरी अवधारणाहरूलाई विकासतिर लिएर जान्छ, भन्ने यो कुरालाई बुझियो भने बुझ्ने माध्यम तय गर्न सजिलो हुन्छ।

अवधारणाहरूको विकास अवधारणा दिएर मात्र हुदैन। साहित्य अमूर्त छ तर पनि त्यहाँ अवधारणाहरूको विकास भइरहन्छ। सामाजिक अध्ययनका अनेकौँ अवधारणाहरू नक्शाको मदतले बन्छन् र खुल्छन्। नक्शालाई गणितीय सहायताले बुझ्न सकिन्छ। गणितले नै नक्शालाई बुझाउनका लागि विशेष बुझ्ने सामर्थ्यलाई बढाउछँ। नक्शाले इतिहासमा दृष्टि बढाउनमा पनि मदत गर्छ। गणितका अवधारणाहरू स्थूल र स्थायी हुन्छन्। त्यसैले त्यसका ताना-बाना सजिलै बुझिन्छन्। तर सामाजिक अध्ययनका ताना-बाना भने बदलिरहन्छन् जो आफ्नो भाषामा मात्र बुझिन्छ।

*प्राथमिक शिक्षाको पुरा पाठ्यचर्चामा भाषाको परिप्रेक्ष्यले विशेष महत्त्व राख्दछ। विभिन्न अर्थपूर्ण सन्दर्भका मार्फत नै भाषा सबैभन्दा राम्रोसँग सिक्न सकिन्छ, त्यसैले प्रत्येक विषयको शिक्षण एक अर्थमा भाषा शिक्षण नै हो। यो परिप्रेक्ष्य ले माध्यमिक शिक्षाका अमूर्त विचारहरूको सन्दर्भमा भाषाको केन्द्रीयतालाई रेखाङ्कित गर्दछ। जहाँ प्रारम्भिक स्तरमा सन्दर्भगत अर्थले भाषाप्रयोगलाई बढावा दिन्छ त्यहाँ पछिका स्तरमा केवल भाषाको मदतले वास्तविक अर्थलाई बुझ्न सकिन्छ। भाषा शिक्षाको केन्द्रमा छ र प्रत्येक शिक्षक पहिले भाषाको हुन्छ र त्यसपछि मात्र विषयको।*

*– एक प्रतिभागी*

## चिन्तनमा स्वतन्त्रता र मौलिकतामा प्रश्न

गान्धीज्यूले नयाँ तालिमको योजना बनाउदै आफ्नो एउटा साथीको पाठशालामा बच्चाहरूसँग प्रश्न गर्नुभयो ‘एउटा मान्छेले एउटा स्याउ चार आनामा किनेर एक रूपैँयामा बेच्छ भने उसलाई के मिल्छ?’ गान्धीज्यू मान्नु हुन्छ कि बच्चा यदि जबाफमा यो भन्दैन

'उसलाई जेल हुन्छ' भने उ निश्चय नै भाषालाई गणितसँग तालमेल मिलाएर देख्नेवाला स्वतन्त्र भारतको बच्चा भन्न योग्य हुदैन। हामीले आफ्नो बच्चालाई यस्तो स्वतन्त्रता दिनुपर्छ जसमा उसले आफ्नो भाषामा आफ्ना कुरालाई अभिव्यक्त गर्न सकोस्। यो सबै आफ्नो भाषामा शिक्षा दिए मात्र सम्भव हुन्छ। विज्ञानको विद्यार्थीमा दोहोरो जिम्मेवारी हुन्छ। उनीहरुले एकसाथ दुईटा भाषालाई जान्नुपर्ने आवश्यकता हुन्छ। एउटा बुझिने भाषा र अर्को विज्ञानको भाषा। विज्ञान छायाको विषयमा कुरा गर्दैन। उ समान कथनको माँग गर्छ। उ वेवाक टिप्पणी गर्छ। विज्ञानका विद्यार्थीलाई 'नान कंफर्मिस्ट' पनि हुनुपर्छ। बुद्धले भनेका थिए कुनै पनि कुरालाई बुढा-पाकाले भनेका हुन् भनेर मानी नहाल्नु त्यसको जाँच गर्नु, पर्खिनु अनि बल्ल मान्नु (बातों को इसलिए न मानो कि बुजुर्गो ने कहा था, उसे जाँचो परखो तब मानो) यो सबै कुरा शिक्षामा आफ्नो भाषाको स्वतन्त्रता विना सम्भव छैन। यो स्वतन्त्रता शिक्षकलाई दिनुपर्छ। प्रत्येक शिक्षक चाँहे गणितको होस्, या विज्ञानको होस् उ वस्तुतः भाषाको नै शिक्षक हुन्छ। भाषा पढाउनु केवल भाषाका अध्यापकको मात्र नभएर सबैको जिम्मेवारी हो। गणित समाज विज्ञान र अर्थशास्त्र जस्ता विषयमा मौलिक चिन्तन पनि आफ्नो भाषामा शिक्षा आदान-प्रदान भए मात्र सम्भव छ।

## भाषा र अन्य विषय

भाषा हामी सबैको अन्तरात्मामा हुन्छ। अवधारणाहरूको ढाँचा भाषाबाट नै बन्छ। आफ्ना अनुभवको आधारमा हामी मानसपटलमा आएका चित्रलाई जीवन्त बनाएर ज्ञानलाई अगाडि बढाउछौँ। फरक फरक वस्तुका स्वरूपलाई हाम्रो अगाडि उसको आफ्नो वास्तविक रूपमा प्रस्तुत गरिन्छ भन्ने अवधारणा गणित,विज्ञान जस्ता सबै विषयमा छ। जस्तै 'पृथिवी गोलो छ' यो वाक्यमा रहेको गोलोशब्दको अवधारणा हाम्रो अगाडि आफै बन्दछ। दुई रोटी, तीन भाई। हामी रोटीलाई दुईसँग, र भाइलाई तीनसँग जोड्छौं। चार वर्षको बच्चाले पनि यो सबै गर्न सक्छ। कुर्सीको परिभाषा सबैको आ-आफ्नो र अलग अलग हुन्छ। कसरी एक धारणाका साथ अन्य धारणाहरूको सम्बन्ध बन्छ, यी सबै कुरा बच्चाहरू पहिले देखिनै जान्दछन् र स्कुलमा जुन तरिकाले परिभाषाहरू दिइन्छ त्यसरी दिंदा सायद सन्देह उत्पन्न हुन्छ। बच्चाको एउटा आफ्नो भाषा हुन्छ जसमा उसले आफ्नो व्यक्तित्वलाई बनाएको हुन्छ। एउटा समाजको भाषा र अर्को विषयको भाषा पनि महत्त्वपूर्ण हुन्छ। जसमा उसलाई जानकारी उपलब्ध गर्न अति-आवश्यक हुन्छ। जुन भाषा बच्चाले जानेका हुन्छन् त्यसमा पढ्न-लेख्न कुरालाई सम्झाउन सजिलो हुन्छ। सबैभन्दा

पहिला यसको क्रियान्वयन कसरी गर्ने भनेर हामीले निर्धारण गर्नुपर्ने हुन्छ। यदि पढ्ने-लेख्ने क्रममा प्रारम्भिक वर्षमा बुझ्ने सामर्थ्य बढाउनका लागि आफ्ना शब्द मिले भने सबै कुरा सजिलो हुन्छ र छवि बनाउन झनै सजिलो हुन्छ।

स्कुलमा गणितमा 'सिलिन्ड्रिकल' का लागि 'बेलनाकार' शब्द सिकाइन्छ। यी शब्दले बच्चाको दिमागमा कस्ता छवि ल्याउछन्, जस्तै गेंद, सर्कल गोल, वृत्ताकार, गोलाकार इत्यादि।

## तकनिकी शब्दावली र बच्चाको बुझाइ

यहाँ हामीले बच्चाको पूर्वज्ञानको सम्बन्ध नयाँ ज्ञान र नयाँ शब्दावलीका साथमा बनाउन चाहन्छौं। जस्तै बेलनाकार को ठाउँमा 'चूडीको आकार' 'बलको आकार' जस्ता शब्द किन लिन सकिँदैन। चुम्बकका लागि आकर्षण-विकर्षण शब्दको प्रयोग गर्छन्। यी शब्दहरू सामान्यरूपमा प्रयोग गरिन्थ्यो भने अज्ञातशब्दहरूको भार किन बढाउने। त्यसैले बच्चाको अवस्था यस्तो छ उनीहरु शक्ति, ताकत, बल, ऊर्जा,यिनी सबै शब्दहरूको प्रयोग समान तरिकाले गर्छन्। जबकि तकनिकी प्रयोगमा यी शब्दहरूको अर्थ परिवर्तन हुन्छ। हामी बच्चाको दिमागलाई प्रयोगमा ल्याउन सक्छौँ? केही उदाहरण एन-सी-ई-आर-टी- को किताबबाट।

### सीमाको सयकडा

सीमाले फरक-फरक तरिकाका बिन्दुहरूलाई लिएर एउटा डिजाइन बनाएकी छिन्।



- अलग अलग समूहलाई ध्यान दिएर हेर र बिन्दुहरूको सम्पूर्ण संख्याको अन्दाजा लगाऊ।
- केही अरू समूहको चित्र बनाऊँ ताकि सय बिन्दु पुरा होउन्, तिमीलाई अरू कति बिन्दुहरू बनाउन पर्यो।

*स्रोतः गणित का जादु पुस्तक 2, कक्षा 2, एन-सी-ई-आर-टी*

*कति सजिलो तरिकाले बच्चाहरू गणित सिक्दैछन् र आफ्ना जीवनचर्यासँग जोडिदै छन्।*

## पात

*के सबै पातको रङ, आकार र किनारा समान जस्तै छन्।*
*दयाराममले भन्यो- मलाई त थाहा थिएन कि पातहरू यति प्रकारका हुन्छन्। हेर त कुनै गोला छन्, कुनै लामा छन्, र कुनै तीनकुने छन्।*
*अम्मूले भनी- यी सबैका रङ कति फरक-फरक छन्, कुनै कम हरियो त कुनै गाढा हरियो। कुनै पहेलो, रातो, बैगनी रङको छ। एउटा पात छ हरियो, तर त्यसमा सेतो दाग छ।*
*शवनमले भनी- हेर पातको किनारा पनि त कति अलग छ, कुनै पातको किनारा सीधा छ त कुनैको काटिएको छ। कुनैको किनारा आरी जस्तै छ। अब म बन्छु बिरूवाकी परी अम्मू र शवनमले एकै पटक भने।*
*केही पात संकलन गर जस्तै- कागती, आँप, नीम, तुलसी, पुदीना, हरियो धनिया। यिनी पातहरूलाई मिचेर सुगन्ध लेऊ। के सबै पातहरूको सुगन्ध एउटै खालको छ? के तिमी केवल सुघेर यिनी पातहरूलाई चिन्न सक्छौ?*
*हेर कति राम्रा चित्र बनेका छन्। अवश्य नै यिनी सुकेका पातहरूबाट बनेका हुन्। तिमी पनि सुकेका पातहरूले अलग अलग जनावरहरूको चित्र आफ्नो कापिमा बनाऊ।*

*स्रोतः आस-पास, पर्यावरण अध्ययन, कक्षा 3*

*मरूभूमिका मानिसहरूले आफ्ना अनुभवहरूलाई व्यवहारमा उतार्नका लागि एउटा शास्त्रलाई विकसित गरेका छन्। यो शास्त्रले समाजको लागि उपलब्ध पानीलाई तीन रूपमा बाँडेको छ। पहिलो रूप हो-पालरपानी अर्थात् सीधा वर्षाबाट मिल्ने पानी। यो धरातलमा बग्छ र यसलाई नदी,तलाउमा रोक्ने गरिन्छ। पानीको दोस्रो रूप पातालपानी हो । यो भूजल हो जो कुवाबाट निकालिन्छ। पालरपानी र पातालपानीको बिचको पानीको रूप हो- रेजाणी पानी। धरातलबाट तल झरेको तर पातालमा न मिलेको पानी रेजाणी हो।*

*स्रोतः वितान भाग 1,कक्षा 11 हिंदी एन.सी.ई.आर.टी.*

*यी दुइटै उदाहरण पर्यावरणलाई सहजशब्दमा प्रस्तुत गर्छन्। अन्य उदाहरणमा पालरपानी, पातालपानी, रेजाणीपानी जस्ता जनपदीय शब्दावलीलाई सहजरूपमा बताइएको छ, न कि तकनिकी शब्दावलीमा। बच्चाहरू यो प्रक्रियालाई सजिलै सँग नरटिकन सम्झिन सक्छन्।*

## केही अन्य उदाहरण –



आज सुगन्धा धेरै नै खुशी छ। उसका स्कूलका सबै बच्चा अध्यापकसँग भोपाल घुम्न जादै छन्। मीनाक्षी मैडम र राकेश सर कुरा गर्दै हुनुहुन्छ कुल कति बस चाहियो भनेर।

मीनाक्षी म्याडम - हामीलाई चारवटा बस चाहियो।

राकेश सर - मलाई लाग्छ कि पाँचवटा बस चाहिन्छ।

मीनाक्षी म्याडम - प्रत्येक बसमा 50 सीट छन्।

राकेश सर - पहले पता लगाउ कति बच्चा जादैंछन्।

| कक्षा | बच्चाहरुको संख्या |
|---|---|
| I | 33 |
| II | 32 |
| III | 42 |
| IV | 50 |
| V | 53 |
| कुल | 210 |




- सबैलाई मिलाएर--------------- बच्चा जादैंछन्।
- यदि तिनीहरूलाई चार वटा बस मिल्छन् भने कति बच्चा बस्न सक्छन्?....
- क्या कुनै बच्चा बस्न पाउदैन?




— *गणित का जादू , पुस्तक 2, कक्षा 2, एन.सी. ई. आर. टी.*

## छिटो छिटो फटाफट

बच्चाहरू कक्षामा एउटा गोलो घेरामा बसेका छन्।
यिनीहरू यो खेल्दै र गाउदैछन्

के हो लामो, के हो गोलो?
छिटो छिटो भन छिटो छिटो भन।

रीनाले भन्छे -




सबै बच्चाहरूले गाउदै छन्।
के हो लामो, के हो गोलो?
छिटो छिटो भन छिटो छिटो भन।

मोनूले भन्छे -




र यसरी खेल्ने काम चलिनै रहन्छ।

- तिमी पनि यो खेल आफ्नो कक्षामा खेल। पालै पालो एउटा लामो र एउटा गोलो चिजको नाम भन। खेलमा जुन चिजको नाम एकपटक भनिन्छ त्यो नाम फेरि भन्न पाइदैन।

*– गणित का जादू, पुस्तक 2,कक्षा 2, एन.सी.ई.आर.टी.*

## भीमबेटका तिर

बस गाडीमा डिजल भरेपछि यात्रा फेरी सुरू भयो र बच्चाहरूलाई सूचित गरियो कि सबैभन्दा पहिले भीमबेटकामा रोकिन्छौँ।

अंजन - भीमबेटका के हो?

रैना म्याडम - यो एउटा ठाउँ हो जहाँ धेरै गुफाहरू छन् र गुफामा चित्र बनाइएका छन्। जो दस हजार वर्ष पहिले बनाइएका थिए।

सुमोंतो - दस हजार वर्ष! म त एक हजार वर्ष पहिलेको बारेमा पनि सोच्न सक्दिनँ।

गोपी - अहो! एक हजार वर्ष त धेरै हुन्छन्। म त सय वर्ष पहिलेको बारेमा पनि सोच्न सक्दिनँ।

गौरी - म त सय 100 वर्षको बारेमा सोच्न सक्छु किनकि मेरा बुबाकी हजुरआमा सय वर्षकी हुनुहुन्छ।

मंजीत - यसको मतलब यी गुफाहरू लगभग सय वर्षकी बुढी हजुरआमा जति पुराना हुन्।

सबै जना ठूलो स्वरमा हाँस्न थाले- हा! हा! हा! बच्चाहरू गुफामा बनाइएका चित्रहरू हेर्न चाहन्थे। करीब एघार बजे (11) बजे भीमबेटका पुगे।




*– गणित का जादू, पुस्तक 2,कक्षा 2, एन.सी.ई.आर.टी.*

शंकर - यो चित्रमा ठूला ठूला गोरू बनाइयेका छन्। र मलाई यसमा एउटा कुरा मन परेको छ। यिनी चित्रहरूमा म गोरूको संख्या गन्छु, र तिमी हिरण गन।

बोनोमाला - म मान्छे गन्छु र अन्त्यमा हेरौँला कस्को संख्या धेरै हुन्छ – गोरू, हिरण या मान्छेको।




- यहाँ गोरू भन्दा हिरण कति धेरै छन्?------------------

  तर बोनोमाला सबैभन्दा धेरै खुशी थिई, किनकि मान्छेको संख्या गोरू र हिरणको संख्यालाई मिलाएर पनि धेरै नै भयो। तर उसको गिन्ती 200 भन्दा कम थियो।

- ल अब भन उसले कति जनालाई गन्यो होला?

  214, 154, 134, 177

  गाइडले भन्यो यहाँ सबै मिलाएर 600 चित्रले सजिएका गुफा छन्।

अब भामबेटकाबाट हिड्ने समय भाएको थियो।

*स्रोतः गणित का जादू, पुस्तक 2, दोस्रो कक्षा, एन.सी.ई.आर.टी.*

*(उपर्युक्त दिइएका सबै उद्धरण विषयलाई भाषाका सहजताका साथ प्रस्तुत गर्ने सुन्दर प्रयास हुन्।)*

## उच्च शिक्षा र अन्य विषय

यदि प्रारम्भिक स्तरमा यिनी भाषाहरूको उपयोग हुन्छ र बालबालिकालाई यी भाषामा नै प्रारम्भिक शिक्षा प्रदान गरिन्छ भने भविष्यमा के हुन्छ भन्ने एउटा प्रश्न जोडिन्छ। मानौँ कि दस कक्षासम्म उनीहरूलाइ यसरी पढाइन्छ भने अगाडिको पढाइ उनीहरू कुन भाषाको माध्यमले गर्छन्। यदि उनीहरू दसकक्षासम्म सन्थाली भाषामा अध्ययन गरे, जब एघार कक्षामा जान्छन् अथवा इञ्जीनियरिंग मेडिसिन पढ्न जान्छन् त्यो बेला उनको पढाइ कुन भाषामा हुन्छ? यदि उनीहरू केवल बी.ए. या एम.ए गर्छन् भने कुन भाषामा पढ्छन्? यदि उनीहरू संथालीजस्तै आदिवासी भाषाहरूमा पढ्छन् भने के हाम्रा विश्वविद्यालयहरू यी भाषामा पढाउन सक्षम छन्? जसरी तसरी संथाली भाषामा पढिहाल्यो भने पनि तेस्रो प्रश्न यो हुन्छ कि के उसले जागिर पाउछ या पाउदैन? यदि पाउदैन भने किन पाउदैन? यो कस्तो व्यवस्था हो जसमा आफ्नो भाषामा पढे-लेखेका नागरिकलाई जागिर दिन सकिँदैन। यहाँ जागिर पाउनका लागि अङ्ग्रेजी भाषाको ज्ञान अनिवार्य भइसक्यो। यद्यपि तात्कालिक अवस्थामा दुनियाँमा लगातार गिरावट र मन्दीको नयाँ दौर आएको छ। यस्तो स्थिति देखेर संसारलाई एकपटक फेरि यो लाग्न थाल्यो कि केवल अङ्ग्रेजीको ज्ञान मात्र पर्याप्त छैन भन्ने कुरामा विश्वास बच्चादेखि समाजसम्ममा गराउनुपर्छ।

*उच्च शिक्षामा पनि यो बुझाइलाई लिएर अगाडि बढ्न आवश्यक छ। तर कुनै वस्तुहरूको विषयमा विचार गर्नुपर्नेछ। के सबै भाषामा यी सबै सामग्री उपलब्ध छन्? दुनियामा शिक्षालाई लिएर जति चिन्तन भएका छन्, के ती सबै भाषामा उपलब्ध छन्।*

*– एक प्रतिभागी*

प्राथमिक शिक्षादेखि लिएर देशको अर्थव्यवस्थासम्म यो तन्त्र फैलिएको छ। केवल बुझाइको माध्यमको कुरा होइन, प्रश्न यो पनि हुनपर्छ कि बुझ्ने माध्यमलाई जानिसकेपछि जीवित रहने माध्यम के हुन्छ, अर्थात् समझ त हामीलाई मिलिसकेको हुनेछ तर जीवित कसरी रहने? जबसम्म यस्तो अर्थव्यवस्था र सामजिकव्यवस्था बन्दैन तबसम्म समझका माध्यमका रूपमा हाम्रो मातृभाषा र देशका अन्य हजारौं भाषाहरूको भविष्य देखिन्न। त्यसैले बाध्यतामा हाम्रा लाखौं गाउहरूमा हिन्दीको मजाक उडाइयोस् या हामी अङ्ग्रेजीको मजाक उडाउ तर अन्त्यमा बाध्य भएर माता-पिताले आफ्ना बच्चाहरूलाई अङ्ग्रेजी माध्यममा पढाउनै पर्छ। सबैभन्दा राम्रो त अङ्ग्रेजीमा पढाउँदा नै हुन्छ। किनकि अङ्ग्रेजीमा पढाउँनाले

निश्चिन्त भईन्छ किनकि चाहे जस्तो स्थिति नै किन नहोस् तर उसलाई रोजी रोटी मिल्छ नै। जुन समाज हामीहरूले बनायौँ त्यो समाजलाई बदलिनु पनि एउटा प्रश्न हो, र जब समाजमा परिवर्तन आउछ त्यतिबेला मात्र हामीले बुझाइको माध्यम आफ्नो भाषालाई बनाउन सक्छौँ।

रूस र दुनियाँका अरू देशहरू जस्तै जापान, चीनजस्ता देशहरूले आफ्नो भाषामा नै सुरूदेखि लिएर विश्वविद्यालयसम्मको शिक्षा प्रदान गरें। जर्मनी र चीनले पनि त्यही गर्दैछन्। आफ्नो लोभ अङ्ग्रेजीमा हुँदाहुँदै पनि वहाँ प्राथमिक स्तरदेखि उच्च स्तर सम्म चिनी नै ज्ञानको भाषा बन्यो। तर हाम्रोमा भने ठ्याक्कै उल्टो स्थिति छ। यसको एउटा सबैभन्दा ठूलो नतिजा यो भयो हाम्रा आफ्ना भाषा ज्ञानका भाषा कहिल्यै बन्न सकेनन्। स्वतन्त्रताभन्दा पहिले अनेकौँ विद्वान् हुन्थे, मौलिक चिन्तकहरू हुन्थे, तर समय बित्दै जाँदा कम हुँदै गए। जगदीश चन्द्र वसुले आफ्ना सबै किताबहरू बङ्गालीमा नै लेखे। पछि त्यही संस्कारबाट प्रेरित भएर महान् वैज्ञानिक जयन्त नार्लीकरले मराठी र हिन्दीमा पनि लेखे। मेघनाथ साहले पनि आफ्नो किताब बङ्गालीमा लेखे। यसरी ज्ञानका विभिन्न क्षेत्रमा आएर उनीहरूले आफ्नो आफ्नो भाषा जस्तै मराठी, तेलुगु,तमिल मलयालमको ज्ञानलाई बढाए, तर पछि यो सबै घट्दै गयो। यो सबै बढ्नुपर्ने थियो तर घट्दै गयो, त्यसैले हाम्रो लक्ष्य केवल उपादेयतामा सिमित भयो। यस्ता उपयोगी मान्छेहरू तयार गर्नुपर्छ जो कमाउन खान सकून्, सम्पूर्ण देशले यस्ता मान्छेहरू तयार गर्दै थियो जो समान बेच्न सकून्, समान बेच्नेहरूको सेवा गर्न सकून्, र बेच्नका लागि बाहिरबाट समान ल्याउन सकून्। यस्तो स्थितिलाई सामना गर्नका लागि ‘आफ्नो भाषामा शिक्षा’ लाई जोड दिनुपर्छ। आफ्नो भाषालाई ज्ञानको भाषा बनाउनु पर्छ र यो गर्नका लागि विभिन्न भाषा र ज्ञानका बिचमा संवाद बनाउनुपर्छ। वर्तमान समयमा ज्ञानको भाषा अङ्ग्रेजी छ र अङ्ग्रेजीको स्तर भन्दा पनि अनेक ठूला स्तरमा आफ्नै भाषामा संवाद कायम गर्नुपर्छ।

*रूसले जुन समाज 1917 पछि बनायो त्यो समाज यस्तो बन्दै थियो जसमा सानो भन्दा सानो भाषालाई पनि स्थान दिइएको थियो भन्ने कुरा ध्यान दिनुपर्ने कुरा हो । महमूद रसूल हमजातोव जस्ता लेखक जो दागिस्तानका थिए, उनी आफ्नो खानदानका पहिला व्यक्ति थिए जसले पढेका थिए। उनको आफ्नो भाषा अवार थियो। अवार भाषामा बोल्ने मुश्किलले 2-4 लाख मान्छे मात्र थिए। अहिले शायद यो भन्दा पनि कम भइसके होला। तर 2-4 लाख मान्छेहरूका लागि वहाँ उनीहरुको आफ्नै भाषामा पढाइको जो व्यवस्था कायम गरिएको थियो त्यसैको नतिजा स्वरूप रसूल हमजातोव जस्ता लेखक बाहिर देखा परे र जसले 'मेरा दागिस्तान' जस्तो अनौठो किताब लेखे। शायद दुनियाको कुनै पनि भाषामा यस्तो किताब लेखिएको छैन। तर त्यसको अनुवाद अरू भाषामा पनि भएको छ। केवल 2 लाख मान्छेहरूको लागि लेखिएको यो किताब दुनियाका महान् किताबहरूको श्रेणीमा गनिन्छ। अर्को तिर अफ्रिकामा भने यस्तो हुन सकेको छैन। वहाँको भाषामा ज्ञानको रचना हुदैन। कीनियाका लेखक अंगूगी अङ्ग्रेजीमा लेखेर महान् बने तर जब उनले आफ्नो भाषा किकियुमा लेख्न चाहे त्यतिवेला उनलाई बहिष्कार गरियो र आज उनी निस्कासित जीवन जिउदै छन्। हाम्रो देश पनि आज यस्तै समस्याहरूको सामना गर्दैछ। आफ्नो भाषाको राम्रा भन्दा राम्रा लेखक पनि कहीँ कुनै कुनामा परेका छन्। यो संकटबाट निस्कनका लागि बाटो खोज्दै हामीले पनि रूस, जर्मनी, चीन,जापान, इत्यादि देशहरूबाट सिक्नुपर्छ र आफ्नो भाषालाई ज्ञानविज्ञानसँग जोड्नुपर्छ।*

## मेरो अनुभव

*मातृभाषामा मेरो यति प्रेम हुँदाहुँदै पनि म आजसम्म भूमिति, बीजगणित आदिका गुजराती पारिभाषिक शब्दहरू जान्दिन। अब म यो बुझ्दैछु कि यदि अङ्ग्रेजीको साटो गुजरातीमा सिकेको भए अंकगणित, बीजगणित, रसायनशास्त्र र खगोलविद्याको बारेमा जो कुराहरू सिक्न मलाई चार वर्ष लाग्यो ती सबै कुराहरू सरलतासँग एक वर्षमै सिक्ने थिए। ती विषहरूको बारेमा मलाई अधिक सरलताका साथ अझै धेरै ज्ञान हुने थियो। मेरो गुजराती शब्दभण्डार अझै सम्पन्न हुन्थ्यो। यो ज्ञानको उपयोग म आफ्नो घरमा गर्ने थिए।*

X X X

*म चाहान्छु कि त्यो भाषाका(अङ्ग्रेजी) रत्नहरूलाई नै किन, संसारका अन्य भाषाका रत्नहरूलाई पनि हामी आफ्नै देशीभाषामा जुटाऔं। रविन्द्रनाथका अद्वितीय रचनाहरूको खुवीहरूलाई जान्नका लागि मलाई बंगाली सिक्न आवश्यक पर्थेन, मलाई ती रचनाहरू अनूदित रूपमा मिल्थे। गुजराती केटाकेटीहरूलाई टालस्टाइका कथाहरूको रसास्वादन गर्नका लागि रूसी भाषा पढ्नुपर्ने आवश्यकता पर्ने थिएन। उनीहरू यसलाई आफ्नै भाषा-अनुवादमा पढ्ने थिए।*

X X X

*शिक्षाको माध्यम तुरन्त कुनै पनि हालतमा बदल्नुपर्छ, र प्रान्तीय भाषाहरूलाई उचित स्थान मिल्नुपर्छ।*

*-हरिजन 9-7-38,पृ-संख्या 177,महात्मा गांधी के चयनित कार्य (खण्ड अ)*

# 5

# भाषामा संवाद

**(सन्दर्भः अङ्ग्रेजी र हिन्दी)**

- **अङ्ग्रेजी र हिन्दीको सम्बन्ध**
- **सन् 1967 पछि**
- **सन् 1987 को समय**
- **अङ्ग्रेजीको विकासको नयाँ इतिहास**
- **नयाँ शब्दरचना गर्नुपर्ने आवश्यकता**



## अङ्ग्रेजी र हिन्दीको सम्बन्ध

स्वाधीनता आन्दोलनको बेला र त्यसपछि देश निर्माणमा जे काम भइरहेको छ त्यसमा अङ्ग्रेजी र अन्य भाषाको सम्बन्ध कहिले राम्रो त कहिले समस्यामूलक रहेको छ। 1947 सम्म यिनीहरू बिच खास सम्बन्ध रह्यो।

यी सबै काम भाषाका लागि र स्वतन्त्रताका लागि पनि समर्पित थिए। यो बेलामा आफ्नो भाषाप्रति प्रेम थियो र त्यसका लागि काम पनि गरे, तर अङ्ग्रेजी भाषासँग घृणा गर्दैनथे। स्वतन्त्रताको बेला एउटा कुरा प्रष्ट रूपमा देखियो। महान् वैज्ञानिक जगदीश चन्द्र वसुले आफ्ना धेरै रचनाहरू बंगालीमै लेखे। लक्ष्मण शास्त्रीले आफ्नो भाषामा र अङ्ग्रेजीमा पनि लेखे। तर सन् 1947 पछि अवस्था बदलियो। त्यसपछि अङ्ग्रेजीको चलन सुरू भयो। धेरै इतिहासकारले हिन्दीको विकासको इतिहासलाई पनि हिन्दीमा नलेखेरे अङ्ग्रेजीमा लेखे। वर्तमानका सामाजशास्त्रीहरूमा पूरनचन्द जोशीलाई छोडेर प्रायः सबैको मूलतः लेखन अङ्ग्रेजीमा नै छ।

## सन् 1967 पछि

सन् 1967 देखि एउटा परिवर्तन आयो। यदि ध्यानपूर्वक विचार गर्ने हो भने बीस वर्षको अन्तरालमा यी भाषाको सम्बन्धमा एउटा अन्तर देखिन्छ। सन् 1967 को दौरलाई अङ्ग्रेजीको विरोध या घृणाको समय भन्न सकिन्छ। कारका पट्टि र ठाउँ ठाउँमा बोर्डहरू परिवर्तन गरिए। बिहार र उत्तरप्रदेशमा यसको विरोध अन्तभन्दा धेरै भयो। जसले अङ्ग्रेजीको विरोधमा यो आन्दोलन चलाएका थिए उनीहरूले आफ्ना बच्चाहरू कहाँ

शिक्षा लिँदैछन् भन्ने कुरा बिर्सिए। ती दिनमा अङ्ग्रेजीमाध्यमबाट शिक्षा ग्रहण गर्ने बच्चाहरूमा के प्रभाव परेको थियो भन्ने कुराको जायजा पनि लिनुपर्ने देखिन्छ।ध्यान रहोस् यस्ता  मान्छेहरू पनि थिए जो अङ्ग्रेजी नपढी अगाडि बढे । उनीहरूको साथमा केही गलत भयो या सही भन्ने विषयमा शोध गर्न सकिन्छ। यो समयको सुरूवात पहिले नै भैसकेको थियो जसको रेखाङ्कन नेहरूले 'डिस्कवरी आफ इण्डिया' मा गरेका थिए। प्रश्न यो उठ्छ कि इंग्लिस्तानका दुई रूप मध्ये कुन इंग्लिस्तान हिन्दुस्तानमा आयो? शेक्सपीयर र मिल्टनवाला, उदारवादी लेख र बहादुरी उपलब्धिवाला, राजनैतिक क्रान्ति र स्वतन्त्रताको हकमा लडाई गर्ने, विज्ञान र उद्योगको तरक्कीलाई अगाडि बढाउने इंग्लिस्तान यहाँ आयो, अथवा बहसियाना जाब्ता फौजदारीवाला, बर्वर व्यवहार गर्नेवाला, सामन्तवादी र प्रतिक्रियावादी इंग्लिस्तान आयो? (हिन्दुस्तान की कहानी पृ.सं.-33) व्यापारीहरू स्पेनका हुन् या पुर्तगालका हुन्, भन्ने यो ठूलो प्रश्न त उठ्छ नै,केही यस्ता अवस्था उत्पन्न भए जसले गर्दा थौरै मान्छेहरूको पनि एउटा अलग वर्ग बन्दै गयो। उनीहरू आफ्नो काम अङ्ग्रेजीमा नै बढाउँदै गए। उनीहरूलाई अनेकौँ सुविधाहरू मिल्नाले प्रगतिपथमा अगाडि बढ्दै गए, तर सन्तुलन भने कायम हुन सकेको थिएन र जसले गर्दा बहुसंख्यकहरू पछि परे।

विद्यालयी शिक्षामा हिन्दी र अङ्ग्रेजीको परिदृश्य फरक तरिकाले उभियो। यहाँ (१) प्रथम कक्षादेखि पाँच कक्षासम्म अङ्ग्रेजी थिएन। छ कक्षाबाट अङ्ग्रेजीको पढाइ सुरू गरिन्थ्यो। शिक्षकको अङ्ग्रेजी सम्बन्धी ज्ञान र व्याकरण ज्ञान धेरै राम्रो थियो तर उनी बोल्न सक्दैनथे। यद्यपि लेख्नमा सबैको अङ्ग्रेजी राम्रो हुन्थ्यो तर प्रवाहले बोल्न सक्दैनथे। यो दौरले मान्छेलाई दुई वर्गमा बाँड्यो - एउटा वर्ग अङ्ग्रेजीमा काम गर्नेवाला र अर्को वर्ग यसको विपरीत काम गर्नेवाला।

## सन् 1987 को समय

सन् 1987 को दौरलाई हेर्ने हो इलेक्ट्रोनिक र नयाँ मिडियाको विशाल दुनियाँ हाम्रो सन्मुख आयो। भन्ने कुराको  ज्ञान हुन्छ। यो समय सञ्चार क्रान्तिको थियो। एउटा अलग्गै दुनियाँको अनुभव हुन लाग्यो र यस्तो लाग्न थाल्यो कि अङ्ग्रेजी विना बच्चाहरू पछि पर्नेछन्। गाउँमा पनि अङ्ग्रेजी विद्यालयहरू खुल्न थाले। विना अङ्ग्रेजी पछि परिन्छ। यो कुरा सबैले मान्न थाले। अझै पनि यो दौर चलिरहेको छ। गलत नै किन नहोस् तर फर्राटेदार अङ्ग्रेजी बोल्नेको प्रभाव पर्छ र काम पनि मिल्छ। आज जुन समाज हाम्रो अगाडि छ,

जस्तो आर्थिक संरचना अगाडि देखापरेको छ त्यो अङ्ग्रेजीको नै हो। प्रश्न यो उठ्छ कि यसपछि के हुन्छ? के यो विषयमा हामीले केही सोच्न सकेका छौँ? अथवा केवल अगाडि मात्र भाग्दै छौँ। यो सोच्ने अथवा यसको परीक्षण लिने कसैलाई फुर्सद नै छैन कि बच्चाको समझ कुन भाषामा बन्दैछ। रोजी-रोटी त अरू भाषाको माध्यमले पनि मिल्न सक्छ। तर समझ आफ्नो भाषामा नै बन्छ। हामीले यो पनि विचार गर्नुपर्छ कि स्वतन्त्रता पछि भारतले कति वैज्ञानिक,अर्थशास्त्री या समाजशास्त्री दियो। निश्चय नै यसको कारण सुरूवाती समयमा आफ्नो भाषाको शिक्षक नहुनु हो।

## परिवर्तनको नयाँ समय

यतातिर भाषाको सन्दर्भमा पुनः परिवर्तनको दौर आउँदैछ। फ्रान्स, चीन,रूस,जापानले भाषाको विषयमा नयाँ तरिकाले सोच्न सुरू गरे। अब उनीहरू आफ्नो भाषामा नै बोल्न रूचाउँछन्। तर स्थिति केही फरक देखिन्छ। हामी अझैपनि हीन-ग्रन्थीको शिकार भयौँ। आफ्नो भाषाप्रति समाजको सोच त्यति सकारात्मक छैन। यसको सबैभन्दा ठूलो प्रमाण यो हो जस्तै आत्मसम्मानलाई त्याग गरेर भएपनि हामी आफ्ना बाल/बालिकालाई अङ्ग्रेजी पढाउन चाहन्छौँ।

अङ्ग्रेजी र हिन्दीको सम्बन्धलाई हामीले यो नजरले पनि सोच्नुपर्छ कि दुनियाँका अनेकौं ठूला देशहरूले आफ्नो भाषालाई जीवित र उसको सम्मान गर्दै ठूला देशहरूसँग बराबरी गरेका छन्। र विकासको कतारमा अगाडि निक्लिए। हामीले आफ्ना व्यक्तिलाई यो विश्वास गराउन सक्नुपर्छ कि आफ्नो भाषालाई सम्मान गर्दै अरूको भाषालाई पनि सम्मान गर्न सकिन्छ।

आफ्नो भाषाको सम्मानमा कीनियाँका प्रतिष्ठित अङ्ग्रेजी लेखक अंगूगीले अङ्ग्रेजीमा लेख्न छोडेर आफ्नो भाषा कीकियूलाई स्वीकारेका थिए। पाब्लो नेरूदाको ईच्छा थियो कि आफ्नो भाषामा पढाइको लागि विश्वविद्यालय खुलोस्, तर अर्को भाषा पनि त्यही पंक्तिमा रहोस्।

## अङ्ग्रेजीको विकासको नयाँ इतिहास

हामीले यो पनि ध्यान दिनुपर्छ कि अङ्ग्रेजी भाषा पनि एउटा लामो संघर्ष गरेर यहाँसम्म पुगेको हो। पहिले अङ्ग्रेजी इंग्ल्याण्ड र अमेरीकामा भरिया, किसान तथा मजदुरहरूको भाषा थियो र शेक्सपीयर पनि यसै भाषाका थिए। अर्थात् अङ्ग्रेजी केवल प्रभुत्वको भाषा होइन।

यदि यो भाषाको विकासलाई नियालेर हेर्ने हो भने पाइन्छ कि जो लडाइँ हाम्रो भाषाले लड्दैछ पहिले अङ्ग्रेजीले पनि लडेको थियो। 16-17 शताब्दीसम्म अङ्ग्रेजी ज्ञानको भाषा थिएन। आफ्नो उचित स्थानको लागि उसले संघर्ष गर्यो। अवस्था यो पनि थियो कि केही कुलीन स्कुलहरूको आँगनमा कोही पनि अङ्ग्रेजी बोल्न सक्दैनथ्यो। फ्रान्सिस बेकनले मित्रता या प्रेम जस्तो विषयलाई अङ्ग्रेजीमा लेखे तर न्याय, दर्शन, गणितका पुस्तकहरू र ज्ञानका कुराहरू लेटिनमा नै लेखे। इंग्ल्याण्डका वैज्ञानिकहरू पनि लेटिनमै लेख्थे। न्यूटनको मातृभाषा अङ्ग्रेजी थियो तर पनि उनले आफ्ना मुख्य पुस्तकहरू लेटिनमा लेखे। उनले त्यो समयमा लेटिनको नै प्रयोग गरे।जब वैज्ञानिकहरू निम्न वर्गबाट आउन थाले त्यतिखेर अङ्ग्रेजीमा लेख्न थालियो र उन्नाइसौं शताब्दीसम्म अङ्ग्रेजी फैलियो। शिक्षामा अङ्ग्रेजीको प्रभाव बढ्दै गयो। आज ज्ञानको सबैभन्दा ठूलो भाषा अङ्ग्रेजी नै हो।

## नयाँ शब्दरचना गर्नुपर्ने आवश्यकता

एकातिर दुनियाँका सबै भाषा एक हुँदैछन् त अर्कोतिर भाषाशास्त्रीहरूको सीमाना टुट्दै छन् भन्ने चिन्ता पनि छ। बजारले रसियन, अङ्ग्रेजी,जर्मन इत्यादि भाषालाई समान जस्तै बनाइदियो। वास्तवमा भाषाहरू एक अर्कासँग मुठभेद गर्दै बन्छन्। हिन्दीले पनि अनेकौँ शब्दहरू अङ्ग्रेजी र अन्य भाषाबाट जस्ताको त्यस्तै लिएको छ। तर पनि भाषाको आफ्नो एउटा चरित्र हुन्छ, आफ्नो एउटा स्वभाव हुन्छ, आफ्नो एउटा प्रकृति हुन्छ। र त्यो भाषाले अन्य भाषाहरूसँग प्रतिस्पर्धा गरेर आफ्नै ढंगले नयाँ शब्द बनाउँछ। जस्तै हिन्दीले 'ऑफीसर' बाट 'अफसर' बनायो, 'रिपोर्ट' बाट 'रपट' र 'सीमेंट' बाट 'सिलमेट' बनायो, तर आज हिन्दीमा अङ्ग्रेजीसँग प्रतिस्पर्धा गर्दै नयाँ शब्द बनाउने आत्मविश्वास लगातार कम हुँदैछ। अधिकांश अङ्ग्रेजीका शब्दहरू जस्ताको त्यस्तै उच्चारणका साथ स्वीकार

*भाषा केवल शब्द अर्थबाट बन्दैन तर शब्द छविबाट पनि बन्छन्। उदाहरणका लागि जस्तै कमल शब्द। यो शब्दले हामी सबैको अन्तरात्मामा फूलेको कमलको फूलको चित्र बन्छ। जुन कमल शब्द भन्दा धैरै नै फरक हुन्छ। अर्थात् हामी सबैले कमललाई जुन रूपमा देखेको छौँ हाम्रा लागि त्यही नै कमल हो। उदाहरणका लागि यदि 'कौशीमा उभिएकी केटी उदास छ।' भन्छौँ भने हामी सबैको भित्र एउटा कौशी बन्छ। आजको दौडधूपमा यी अर्थ चित्रका लागि अवकासयुक्त रहेनन्।*

*– एक प्रतिभागी*

गर्नुपर्ने दबाव लगातार बढ्दैछ। जस्तै हिन्दीमा ‘केनेडा’ लाई ‘कनाडा’,‘ओलिंपिक्स’ लाई ‘ओलंपिक’, ‘चाइना’ लाई ‘चीन’,‘रशिया’ लाई ‘रूस’ लेख्ने चलन कम भइरहेको छ। हाम्रो ती शब्दहरूलाई उनको मूल उच्चारणका साथ राख्ने बानी भएको छ।

यो प्रवृत्तिले अहिलेका केही वर्षमा हिन्दी एक आत्महीनताको शिकार भयो। कुराको संकेत गर्छ भन्ने कुराको संकेत गर्छ। यसको (सम्बन्ध) वास्ता समाजको तागतभन्दा धैरै छ तर भाषाको भन्दा कम। डा.राममनोहर लोहियाले हिन्दी भाषामा धेरै काम गर्नुभएको थियो। वहाँ भन्नुहुन्थ्यो- शब्द माइदा खेरी झनै निखारिन्छ। त्यसैले शब्दलाई माझ्नुपर्छ। शब्दलाई माझेर नयाँ शब्द बनाउने जो प्रतिभा हिन्दी या अन्य भाषामा थियो, त्यसले बिस्तारै आजकल अङ्ग्रेजीको सामुन्ने घुँडा टेकेको छ र यो ठूलो संकट हो।

अङ्ग्रेजीले पनि हिन्दीबाट धेरै शब्द लिएको छ र त्यसलाई लिएर आफ्नै ढंगले नयाँ बनाउने प्रयास गरेको हो। अर्थात् हिन्दी र अङ्ग्रेजीको बिचमा आवजाही बढेको छ। हिन्दी या कुनै पनि भाषामा प्रत्येक भाषाका शब्दलाई ताजा हावालाई जस्तै अनियन्त्रित हुन दिनुपर्छ। तर हामीले यो पनि ध्यान दिनुपर्छ कि हिन्दीले जब निरन्तर रूपमा आफ्नो ढोका बन्द गर्ने प्रयास गर्यो यसको पछाडि सांस्कृतिक वा ऐतिहासिक कारणहरू हुनसक्छन्। हामीले यो पनि विचार गार्नुपर्छकि जुन भाषाले आफ्नो ढोका खुला राखे, ती नै फले-फुले। ध्वनि, विचार, शब्द र वाक्यसंरचनाको स्तरमा भाषाको निरन्तर मिलन-जुलन हुँदै गर्छ। भाषा हाम्रो सरोकारबाट

**_संवादको प्रयास_**

*सेकमोलले लद्दाखी भाषालाई मानकीकरणको प्रयास गर्दैछ। यसको लागि उनीहरू लद्दाखी लिपिमा एउटा अखबार रेवाई ओजर(Rewai odzer) र मेलाङ्ग(Melong) नामको पत्रिका प्रकाशन गर्छन्। साथ-साथै यसले बच्चाहरूको कथालाई अङ्ग्रेजी र लद्दाखी दुबै भाषामा प्रकाशनमा ल्याउन महत्वपूर्ण काम गरेको छ।*

*यो बाहेक प्राथमिक स्तरका ई-वी-एस-पाठ्यपुस्तक एवं भाषाको विकाससँग पनि जोडिएको छ। यद्यपि यी सबै पाठ्यपुस्तकहरू अङ्ग्रेजीमा छन् तर लद्दाखी भाषाका झलकहरूका साथमा। यिनको योजना छ कि अध्यापकका लागि यसको लद्दाखी संस्करण पनि निकाल्नु पर्छ। यस प्रकार जब बिस्तारै स्थानीय लद्दाखी भाषामा चिजहरू छापिएर आउन थाल्छन्, त्यतिखेर लद्दाखी भाषामा पाठ्यपुस्तक प्रकाशन सम्भव हुन्छ।*

*भारतीय भाषाओं का शिक्षण,*
*आधारपत्र,1-3, पृ-सं-60*

नै बन्छ। देश-विदेशमा जहाँ कहीँ पनि मान्छे मारिदैछन्, यदि उनीसँग हाम्रो सरोकार छैन भने हाम्रो अभिव्यक्ति संवेदनहीन हुनसक्छ।

भाषाको मुद्दा एउटा ठूलो सामाजिक लडाइँको पनि मुद्दा हो। यो लडाइमा भाषा एउटा जरूरी औजार हो। तर हामीले यो बृहत्तर लडाइमा भाषिक अस्मितालाई चिनेर अङ्ग्रेजीसँग संवाद गर्दै नयाँ शब्द बनाउने प्रयास गर्नुपर्छ। यो काम अङ्ग्रेजीका लेखकले गरिसकेका छन्।

एउटा सम्भावना जनपदीय भाषाका शब्दहरूको माध्यमले पनि बन्नसक्छ। हिन्दी जनपदीय भाषाबाट जति कट्दै गयो त्यति नै एकल हुँदै गयो। उदाहरणको रूपमा रङका, स्वादका, सम्बन्धका, कृषि र वाणिज्यका जति शब्द जनपदीय अनुभवका छन् त्यति शहरी अनुभवका छैनन्। उदाहरणका लागि भोजपुरी र हिन्दी। जस्तै भोजपुरीमा पीडासम्बन्धी यस्ता धेरै शब्दहरू छन् तर हिन्दीमा छैनन्। दुखाता, बथता, पिड़ाता, टभकता, कसकता,टसकता आदि। सबै शब्दका अलग-अलग अर्थ सन्दर्भित छन्। एक भाषिक संस्कृतिको रूपमा हामीले हिन्दीलाई बढाउनु छ। शब्दहरूसँग जुध्दै उसको तागत फर्काउनु छ। त्यसैले अङ्ग्रेजी शब्दहरूको प्रतिस्पर्धामा नयाँ शब्द खोज्नका लागि उत्कृष्ट तरिका सोच्नुपर्छ। यसै गरेर भाषाहरूका बिचमा शब्दहरूको आवजाही र संवादको बाटो खोल्नुपर्छ।

***

# 6

# मुद्दा र चुनौतीहरू



- ➤ **शिक्षकको तयारी**
- ➤ **सामाजिक तयारी**
- ➤ **प्रशासनिक तयारी**

समझको माध्यमलाई क्रियान्वित रूप दिनका लागि लामो बाटो निर्धारण गर्नुपर्छ तर स्वतन्त्रताको 75 वर्ष बितिसक्दा पनि हामी यो तय गर्न सकेका छैनौं। यो बाटोको निर्धारण एक्लै शिक्षकले, शिक्षा या प्रशासनविद्‌ले गर्न सक्दैनन्। हाम्रो अगाडि अनेकौँ यस्ता मुद्दाहरू छन् जसमा समुदाय, शिक्षक र प्रशासनको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई बुझ्न अत्यन्त जरूरी छ।

## शिक्षकको तयारी

लामो समयपछि आफ्नो भाषातिर फर्किने यो प्रारम्भिक चरण हो। जसमा पहिलो र महत्त्वपूर्ण भूमिका शिक्षकको हुन्छ। किनकि बच्चाहरू आमा-बुबासँग जति समय बिताउछन् त्यति नै शिक्षकसँग पनि बिताउँछन्। साना बच्चाहरूलाई स्कुलसँग जोड्ने र शिक्षासँग जोड्ने दायित्व शिक्षकको नै हुन्छ। यो त्यतिबेला मात्र गर्न सकिन्छ जब बच्चाले उसको आफ्नै भाषामा शिक्षा पाउँछ। यसका लागि शिक्षकहरू प्रशिक्षित हुन अत्यन्त आवश्यक छ। राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा 2005 ले यो सिफारिस गर्छ कि आदिवासी क्षेत्रमा जो कोही पनि शिक्षकको नियुक्ति गरिन्छ उसलाई त्यहाँको स्थानीय भाषा सिकाउनुपर्छ। शिक्षकलाई त्यहाँको स्थानीय भाषामा शिक्षण गराउनका लागि स्वायत्तता दिनुपर्छ। कक्षामा बहुभाषिक बच्चाहरूलाई चिनेर उनलाई संसाधनका रूपमा प्रयोग गर्नुपर्ने स्वायत्तता पनि यसैसँग जोडिएको छ।

- हाम्रो देशमा अनेकौं बोली र भाषा छन्। बच्चाहरूको भाषामा हामीकहाँ अझै पनि पुस्तकहरू उपलब्ध छैनन्। संविधानको सूचीमा 22 भाषाहरू छन्, तर 22 भाषामा हामीहरूसँग पुस्तक उपलब्ध नहुनु ठूलो समस्या हो। यसको जिम्मेवारी शिक्षक

र सरकार दुबैको हो। यदि सरकार आफ्नो दायित्व निभाउनमा असफल हुन्छ भने शिक्षकको बच्चाहरूलाई उनीहरूको आफ्नो मातृभाषामा शिक्षा प्रदान गर्ने दायित्व हुन्छ। एन.सी.एफ.2005 ले शिक्षकको यो स्वायत्ततालाई सिफारिस गर्दछ।

- शिक्षकले कक्षामा बच्चाहरूलाई पढाउने समयमा अनुभवको आधारमा पाठ्यसामग्री तयार गर्ने पहल गर्नुपर्छ। बच्चाहरूलाई कक्षाको आवश्यकता अनुसार विकसित गरिएको हुनाले यो सामग्री एउटा उत्कृष्ट पाठ्यसामग्री बन्नसक्छ।
- अधिगम त्यस्तो सामाजिक वातावरण/सन्दर्भबाट धेरै प्रभावित हुन्छ जहाँबाट शिक्षक र शिक्षार्थी आउँछन्। स्कुल र कक्षाको सामाजिक वातावरण सिक्ने प्रक्रियाले यहाँसम्म कि पूरै शिक्षा प्रक्रियालाई प्रभावित पार्छ। यसलाई ध्यानमा राख्दै विद्यार्थीको मनोवैज्ञानिक विशेषताको ठाउँमा उसको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक सन्दर्भतिर अधिक बल दिनुपर्ने आवश्यकता देखिन्छ। यसमा बुझिने भाषाको भूमिका के हुन्छ भनेर स्पष्ट पार्नुपर्छ।
- शिक्षकले भाषालाई व्यापक बुझेको हुनुपर्छ।
- प्राथमिक स्तरमा बच्चाको भाषालाई नसुधारिकन जस्ताको त्यस्तै स्वीकार्नुपर्छ। कक्षा 4 पछि यदि समृद्ध र रुचिकर मौका दिने हो भने बच्चाले आफैँ भाषाको मानक रूपलाई बुझ्नेछन्। तर यो प्रक्रियाका समयमा बच्चाको घरेलु भाषाप्रति उचित सम्मानको भाव रहिरहनु पर्छ। यो स्वीकार्य छ कि गल्तीहरू अधिगमका नै भाग हुन् र बच्चा जहिले यत्तिको लायक हुन्छन् त्यतिखेर उनीहरू स्वयं नै सुधार गर्छन्। गल्ती र कमिमा ध्यान दिनुभन्दा धेरै समय बच्चाहरूलाई विस्तृत, रुचिकर र चुनौतीपूर्ण निवेश दिनमा ध्यान दिनुपर्छ।
- सिक्ने कसरी हो भन्ने कुराको समझ अध्यापकमा हुनुपर्छ। ताकि त्यही अनुरूप वातावरण बनाउँन सकियोस्।
- वञ्चित बाल/बालिकाहरू र विभिन्न असमर्थ बाल/बालिकाहरूको आवश्यकताका

*मातृभाषामा शिक्षा प्रदान गर्नाले कक्षामा पढाइलाई समृद्ध बनाउन सुविधा हुन्छ, धेरै भन्दा धेरै शिक्षार्थीहरू पनि भाग लिनेछन् र उत्कृष्ट परिणाम पनि निक्लने छन्। यो उद्देश्यका लागि पर्याप्त सुविधा पनि उपलब्ध गराइयोस्। मातृभाषामा शिक्षाका लागि सकारात्मक दृष्टिकोण सुनिश्चित गर्नुपर्छ। ताकि शिक्षार्थी त्यो माध्यमलाई स्वीकार्न संकोच न गरोस् र जसमा उ सजिलैसँग बुझ्न सकोस्।*

*— भारतीय भाषाओं का शिक्षण, राष्ट्रीय फोकस समूह का आधार पत्र1-3-पृ-15*

साथै सबै बाल/बालिकाहरूको सिक्ने आवश्यकतालाई बुझ्न सकियोस्।

- अन्य भाषाको पढाइको तरिकामा पनि शिक्षकले विशेष ध्यान दिनुपर्छ।
- पढाउने यस्तो ठोस तयारी हुनुपर्छ जो व्यावहारिक र सैद्धान्तिक होस्।
- बहुभाषिकतालाई संसाधनको रूपमा कसरी प्रयोग गर्ने भन्ने कुराको प्रशिक्षण हुनुपर्छ।
- बहुभाषिकताका सीमाहरू के के हुन् भन्ने पनि बताउनुपर्छ।
- शिक्षकले निरन्तर बाल/बालिकाका अभिभावकसँग संवाद गर्नुपर्छ।
- सेवाभन्दा पहिले सेवारत प्रशिक्षण कार्यहरूमा यस्ता विषयहरू (बुझ्ने भाषा, बहुभाषिकता, भाषामा संवाद र भाषाको स्थिति) लाई समावेश गर्नुपर्छ।
- विद्यालयहरूमा बच्चाहरूलाई केवल लेख्नमा मात्र नभएर बोल्न र सुन्नमा पनि जोड दिनुपर्छ।

## सामाजिक तयारी

- आज प्रत्येक समुदाय आ-आफ्ना बच्चाहरूलाई अङ्ग्रेजी माध्यममा पढाउन चाहन्छन्। उनीहरूलाई यो बुझाउनुपर्छ कि अङ्ग्रेजी माध्यमले पढेको बच्चा मातृभाषामा पढेको बच्चाको तुलनामा सृजनात्मकताका हिसाबले कमजोर हुन्छ। उ स्कुलको शिक्षालाई आफ्नो जीवनसँग जोड्न र समुदायका वास्तविकतासँग तारतम्य बनाउन सक्षम हुदैन। अङ्ग्रेजी माध्यमको शिक्षा प्रणाली शिक्षार्थीका लागि रटन्ते विद्या बनेर मात्र रहन्छ। यो सबै समुदायका प्रतिनिधिहरूको जिम्मेवारी (जस्तै गाउँको पंचायत) हुनुपर्छ। मातृभाषामा दिइएको शिक्षाले उसलाई रचनात्मकताका साथ-साथै आत्मविश्वासले भरिएको र समर्थवान् बनाउँछ। भन्ने उनीहरूले बुझनुपर्छ। आज हाम्रो अगाडि सबैभन्दा ठूलो चुनौती यो छ कि हामीले समुदायका अभिभावकहरूको यो समझलाई कुन रूपमा बनाउँने भनेर।
- समाजको अगाडि भाषामा पढाइको माध्यमलाई लिएर मुख्य रूपले दुई वटा समस्याहरू छन्। एउटा आजीविकाको समस्या र अर्को सामाजिक प्रतिष्ठा तथा मान सम्मान। यिनै दुई समस्यालाई सुलझाउनका लागि ठूलो समाजिक तयारीको आवश्यकता महसुस गरिएको छ, जसमा मिडियाको ठूलो भूमिका हुनसक्छ। समाजमा विभिन्नसमुदाय र अभिभावकहरूसँग जोडिएर उनीहरूलाई विश्वास दिलाउनुपर्छ कि अङ्ग्रेजीमात्र पढाईको माध्यम होइन।
- यसका लागि विभिन्नक्षेत्रका मातृभाषाका माध्यमले पढेर उचाइमा पुगेका र सफलता

प्राप्त गरेका महत्वपूर्ण व्यक्तिहरूको साक्षात्कार र अनुभवलाई मिडिया(प्रिन्ट इलेक्ट्रोनिक, सडकमा हुने नाटक आदि) का माध्यमले उनीहरूसम्म पुर्याइयोस्।

- आफ्नो भाषामा पढेर योग्यता प्राप्त गर्ने युवाहरूसँगको कुराकानी तथा अनुभवलाई मिडियाको सहायताले अभिभावकसम्म पुर्याउनुपर्छ, ताकि यो भ्रम (अङ्ग्रेजीमा नै सफलताको साँचो छ।)लाई तोड्न सकियोस्।
- केही यस्ता विद्यालयहरूको उदाहरण अगाडि राख्नुपर्छ जसले मातृभाषामा अध्यापन गराएर उत्कृष्ट उदाहरणीय मान्छेहरूलाई तयार गरेका छन्। जस्तै नेतरहाट विद्यालय, सरदार पटेल विद्यालय आदि। यो सूचीमा सरकारी स्कुलहरूलाई विशेष रूपले समावेश गरियोस्।

***आफ्नो भाषामा पढेर***

*राजस्थानको राज्यसेवा परीक्षामा प्रथम प्रयासमा नै टपरहरूको श्रेणी (2007 मा तृतीय स्थान) मा उच्च स्थानमा सफल भएर जितेन्द्र कुमार सोनीले एउटा अत्यन्त गौरवपूर्ण उपलब्धि प्राप्त गरेका छन्। प्रश्न- तपाइका अनुसार यो परीक्षामा हिन्दी माध्यमलाई लिएर तयारी र सफलता प्राप्त गर्ने बारेमा के विचार छ?*

*सोनी- मेरो दृष्टिमा माध्यमले कुनै फरक पार्दैन। जुन माध्यमले हामी आफ्नो उद्गार वा बुझाइलाई प्रभावी तरिकाले व्यक्त गर्न सक्छौँ त्यही माध्यम हाम्रो लागि उपयोगी र उचित हुन्छ। हालैका परिणामहरू हिन्दीको पूर्वाग्रहलाई तिरस्कार गर्ने खालका देखिन्छन्।*

*—प्रतियोगिता दर्पण/ जनवरी/2010, पृ.सं.46 48*

***रोजगारको चुनौती-1***

*आजकलको बजारको भाषा अङ्ग्रेजी हो। केवल भाषायी ज्ञानको आधारमा अङ्ग्रेजी जान्ने उम्मेद्वारले छिटै रोजगार पाउछ। जबकि देशी भाषा जान्ने कुशल अभ्यर्थी रोजगारको खोजीमा पछाडि नै रहन्छ। अखिर किन? आज यहाँ बाहिरका बहुराष्ट्रिय कम्पनीमा समझको माध्यम अङ्ग्रेजी भाषा नै छ। रोजगारका लागि समझको माध्यमलाई लिएर सरकारले सोच्नुपर्छ र आफ्ना केही नीतिहरू परिवर्तन पनि गर्नुपर्छ। यद्यपि आज सम्पूर्ण विश्वमा मन्दीको दौर आएको छ, यसले गर्दा मान्छेहरूको बिचमा यो बुझाइ छ कि अङ्ग्रेजी मात्र पढेर रोजगार पाउन सकिदैन। र उनीहरूले रोजगारको सम्भावना आफ्नै देशी भाषामा देख्न थालेका छन्। सरकारको अगाडि यसलाई विश्वासमा परिवर्तन गर्ने चुनौती छ।*

*— एक प्रतिभागी*

- यस्तो सामाजिक तयारीमा अध्यापकको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। अध्यापकले आफ्ना विद्यार्थीहरूका अभिभावकहरूसँग बैठक आयोजन गर्नुपर्छ जसमा मातृभाषाको महत्त्वलाई केश-अध्ययनद्वारा बताउँनुपर्छ।
- रोजगार सम्बन्धी समस्याका समाधानका लागि उद्योग धन्दामा आफ्नो भाषाको महत्त्वमा विभिन्न रोजगार क्षेत्रमा या अन्य क्षेत्रमा मातृभाषामा शिक्षाको उपयोगितालाई(जस्तै डाक्टर, आई.ई.एस. आदि) ध्यानमा राख्दै कहानी बनाउँदै सडकीय नाटक लेख्नुपर्छ र ठाउँ-ठाउँमा (गाउँ र शहरका स्कुलमा) उक्त नाटक खेलाउनुपर्छ। यसमा केही एन.जी.ओ. को सहायता लिन सकिन्छ।
- स्कुलका शिक्षक आफ्नो दायित्व निभाउनमा असमर्थ हुँदै गएका छन्। बच्चाहरूलाई उनको मातृभाषामा शिक्षा मिल्न सकेको छैन र शिक्षाका लागि आधारभूत सुविधाहरू मिल्न सकेका छैनन्। यस्तो अवस्थामा त्यहाँका विद्यालय प्रशासन अर्थात् विद्यालयका प्राचार्यको यो दायित्व हुन्छ कि ऊ बच्चाहरूलाई मातृभाषामा शिक्षा दिनका लागि शिक्षकलाई प्रोत्साहित गरोस्, यसका लागि उसले त्यहाँका समुदायको सहयोग पनि लिन सक्छ। बच्चाहरूको ज्ञानलाई निर्माण गर्न प्रधानाचार्यले बाल/बालिका, शिक्षक र समुदायका बिचमा सेतु झैँ भएर काम गर्नुपर्छ। यो कामको लागि आफ्ना प्रशासनिक नीतिहरूलाई पनि लचिलो बनाउँनुपर्छ

## प्रशासनिक तयारी

वास्तवमै भन्ने हो भने गाउँ-गाउँ र बच्चा-बच्चासम्म शिक्षा पुर्याउनका लागि राज्य स्तरमा हामीले भरपुर तयारी गर्नुपर्छ। शिक्षा राज्य र केन्द्रको साझा जिम्मेवारी हो। मातृभाषामा शिक्षा दिनलाई राज्यले प्रत्येक स्तरमा अर्थात् समुदाय, प्रशासन, विद्यालयीय प्रशासन, शिक्षक आदि सबैको बिचमा तालमेल बनाएर भरपुर तरिकाले तयार गर्नुपर्छ।

- यो तयारीमा केन्द्रको ठूलो अर्थात् मुख्य भूमिका हुनेछ। यसमा राज्यसँग तालमेल बनाएर राख्ने केन्द्रको दायित्व  हुन्छ। यसका लागि शिक्षक, समुदाय, अभिभावक इत्यादि सबैको साथमा संगोष्ठी, परिचर्चा, संवाद, परिसंवाद गनुपर्छ। त्यसपछि केन्द्रले यो तयारीलाई कार्यान्वयन गर्नका लागि राज्यसँग मिलेर शिक्षक र प्रशिक्षक तयार गर्नुपर्छ, ताकि बच्चाले आफ्नो भाषामा बोल्न,लेख्न,पढ्न र संवाद गर्ने अवसर पाउन्।
- अहिले शिक्षाको अधिकारलाई लिएर कानुन पारित भएको छ। यसकानुनका तहत विद्यालय समितिलाई केही अधिकार दिनुपर्ने हुन्छ। विद्यालय प्रबन्धन समितिमा समुदायको भागीदारी सुनिश्चित गर्नुपर्छ। राष्ट्रिय पाठ्यचर्चाको रूपरेखा 2005 मा पनि

यस्तो गर्ने हो भने विद्यालय प्रशासन धेरै लचिलो हुनसक्छ भनिएको छ। उसले स्थानीय रूपले पाठ्यसामग्री तयार गर्नमा भूमिका निभाउन सक्छ।

- शिक्षाको अधिकारको कानुन लागू हुने हो भने लाखौँको संख्यामा शिक्षकलाई बहाली गर्नुपर्ने आवश्यकता हुन्छ। यति धेरै संख्यामा शिक्षकहरू आउने हो भने शिक्षकहरूका लागि ठूलो प्रशिक्षण संस्थान पनि खोल्नुपर्छ। यो विषयमा विशेष तरिकाले सोच्नुपर्छ।

**_उच्च शिक्षा एक चुनौती_**

*जुन वेला बच्चाले आफ्नो मातृभाषामा शिक्षा ग्रहण गरेर जब उच्च शिक्षाका लागि विश्वविद्यालय जान्छ त्यतिखेर यो प्रश्न उठ्छ कि उसलाई मातृभाषामा शिक्षाका लागि विश्वविद्यालयमा सुविधा छन् या छैनन्? यदि सुविधा छैनन् भने बच्चाको आफ्नो मातृभाषामा परीक्षा दिने अधिकार छ कि छैन? यदि छ भने उसको उत्तरपुस्तिकाको मूल्यांकन अङ्ग्रेजी माध्यमका विद्यार्थीको जस्तै गरिन्छ? के उ पीएच-डी को शोधप्रबन्ध आफ्नो मातृभाषामा लेख्न सक्छ? उच्च शिक्षामा समझको माध्यमको समस्या हाम्रा लागि, विश्वविद्यालयका लागि र देशका लागि पनि ठूलो चुनौती हो।*

*— एक प्रतिभागी*

- बच्चाहरूको भाषामा पुस्तकहरू उपलब्ध गराउनका लागि कुनै कार्ययोजना बनाउनु पर्छ।
- यो सम्बन्धमा राज्य सरकार तथा शिक्षकको ठूलो जिम्मेवारी हुन्छ। बाल/बालिकालाई उनीहरूको भाषामा पाठ्यपुस्तक बनाउनमा लामो समय लाग्न सक्ने सम्भावना पनि छ। यो लामो अवधिमा राज्य सरकार एवं शिक्षकले यो सम्बन्धमा संवाद कायम गर्नुपर्छ र यसमा केन्द्र सरकारको कुनै आपत्ति हुनुहुदैन। मूलतः यो राजनैतिक एवं प्रशासनिक निर्णय हो।
- हाम्रा अनेकौँ भाषाहरू छन्। त्यसैले बच्चाहरूको लागि तयार गरिने पाठ्यसामग्रीमा हामीले ती भाषाहरूका लोककथा, लोकगीत, लोककला इत्यादिलाई पनि समावेश गर्नुपर्छ। प्रत्येक भाषाका श्रेष्ठ लेखकहरू हाम्रा देशमा अझैपनि छन् यिनीहरूको सहयोग लिएर पनि पाठ्यसाम्रगी तयार गर्न सकिन्छ।
- बुझ्ने भाषालाई ध्यानमा राख्दै तात्कालिक अध्यापक प्रशिक्षण कार्यक्रमका पाठ्यक्रममा पनि परिवर्तन ल्याउनुपर्छ।
- भाषा सम्बन्धी शोधमा आफ्नो भाषा र हिन्दीमा उत्कृष्ट शोध गर्नुपर्ने आवश्यकता छ।
- हिन्दी र अन्य भारतीय भाषाहरूमा मौलिक रूपले विज्ञान, समाजविज्ञान र कला

आदिका पुस्तकहरू लेख्नमा जोड दिनुपर्छ। यसका लागि विश्वविद्यालयसँग पनि सम्पर्क गर्नुपर्छ।

- सन्दर्भित पुस्तक/पाठ्यपुस्तकलाई अङ्ग्रेजीबाट हिन्दी र अन्य भारतीय भाषामा अनुवाद गरियोस् र द्विभाषी तथा बहुभाषी शब्दकोष पनि तयार गरियोस्।
- एक कक्षादेखि पाँच कक्षासम्मका कक्षामा क्रमशः केही विषयहरू बच्चाको भाषामा पढ्ने पढाउनेमा जोड दिनुपर्छ। यसका लागि उनीहरूको समझलाई मजबुत आधार दिनलाई केही व्यक्तिगत स्कुलहरूसँग पनि संवाद स्थापित गर्नुपर्छ।
- विश्वविद्यालयहरूसँग मिलेर भाषा, समाजविज्ञान, विज्ञान आदिको शिक्षण सम्बन्धी पाठ्यक्रम चलाउने कुरामा पनि विचार गर्नुपर्छ। यो पाठ्यक्रममा आफ्नो भाषामा विषयगत स्पष्टताको महत्त्वलाई विशेष बल दिनुपर्छ।

***रोजगारको चुनौती-2***

*दिल्लीको उत्तर पश्चिम जिल्लामा एशियाको सबैभन्दा ठूलो सब्जी मण्डी आजादपुरको ठीक अगाडि बाटा पारी एउटा ठूलो पुनआर्वासीय बस्ती छ। बादशाह जहाँगीरको बादशाहतको अभिमान यहाँ वस्ने प्रत्येक वासिन्दाको व्यवहारमा झल्किन्छ। बस्तीको एकातिर सुक्न लागेको भलस्वा ताल छ र अर्कातिर नयाँ नयाँ अनेकौं ताल छन् जसमा तैरिन गैडिन यो बस्तीका मान्छेहरू अत्यन्त हुरुक्कै हुन्छन् । यसै बस्तीमा प्रौद्योगिक प्रशिक्षण संस्थान (आई-टी-आई) पनि छ जसमा प्लविंग,स्पाईनिंग,डाइंग-फीटर, प्रिन्टिंग, जस्ता व्यवसायिक कौशलताको प्रशिक्षण दिइन्छ। कुरो यो बस्तीको किनारामा बसेको 'अयोध्या टेक्सटाईल' र आई-टी-आई- का विचित्र सम्बन्धको हो।*

*यो मिलमा कपडा बनाउने र त्यसमा बुट्टा छाप्ने काम र यही कामको प्रशिक्षण सम्बन्धी काम पनि हुन्थ्यो। यही काम सम्बन्धित प्रशिक्षण पाठ्यक्रम आई-टी-आई- मा पनि थियो। आश्चर्यको कुरो यो हो कि यहाँबाट प्रशिक्षित नवयुवाहरूलाई यस मिलमा काम दिइन्थ्यो र अप्रशिक्षितलाई काममा राखिन्थ्यो। सबैको मनमा एउटै विचार खेल्थ्यो शायद प्रशिक्षित कामदारहरूलाई धेरै वेतन दिनुपर्थ्यो होला त्यसैले काममा राखिन्थेन तर आई-टी-आईका प्राध्यापक र प्रशिक्षणार्थीसँग जब मिलका कामदारहरूको कुरा भयो त्यो बेला स्पष्ट थाहा भयो। संस्थानमा पुरै प्रक्रियाको जानकारी अङ्ग्रेजी तथा मानक हिन्दीमा दिइन्छ। मिलका पुराना कामदारले देशज शब्दावलीको प्रयोग गर्थे जो संस्थानबाट प्रशिक्षण पाएर निक्लेका युवाहरूले बुझ्थेनन्। अन्त्यमा कामदारहरूको देशज शब्दावलीलाई पाठ्यक्रममा जोडियो। केवल एउटा पाठ्यक्रममा मात्र नभएर अन्य पाठ्यक्रममा पनि यो प्रयास गरियो जसले गर्दा अरू मान्छेलाई स्थानीय मिलमा काम गर्न मुस्किल भएन।*

*— एक प्रतिभागी*

# परिशिष्ट-1
## राज्यका विभिन्न स्तरका माध्यम भाषाहरू

| क्र-सं | राज्य | प्राथमिक | माध्यमिक | उच्चतर माध्यमिक |
|---|---|---|---|---|
| 1 | आन्ध्र प्रदेश | तेलुगु, उर्दू, उडिया, अङ्ग्रेजी, हिन्दी मराठी कन्नड, तमिल | तेलुगु, उर्दू, उडिया, अङ्ग्रेजी, हिन्दी मराठी कन्नड, तमिल | तेलुगु, उर्दू, उडिया, अङ्ग्रेजी, हिन्दी मराठी कन्नड, तमिल |
| 2 | अरूणाचल प्रदेश | अङ्ग्रेजी, हिन्दी | अङ्ग्रेजी | अङ्ग्रेजी |
| 3 | आसाम | असमिया, बंगाली, बोडो, अङ्ग्रेजी | असमिया, बंगाली, बोडो, अङ्ग्रेजी, हिन्दी, अन्य | असमिया, बंगाली, बोडो, अङ्ग्रेजी, हिन्दी,अन्य |
| 4 | विहार | हिन्दी, उर्दू, संस्कृत, अङ्ग्रेजी | अङ्ग्रेजी, हिन्दी, संस्कृत, उर्दू, | अङ्ग्रेजी, हिन्दी, संस्कृत, उर्दू अन्य |
| 5 | छत्तीसगढ | हिन्दी अन्य | हिन्दी अन्य | अङ्ग्रेजी, हिन्दी |
| 6 | गुजरात | गुजराती | अङ्ग्रेजी, गुजराती, हिन्दी | अङ्ग्रेजी, गुजराती, हिन्दी |
| 7 | गोवा | अङ्ग्रेजी, कोंकणी, मराठी, उर्दू, कन्नड | अङ्ग्रेजी, मराठी | अङ्ग्रेजी, मराठी |
| 8 | हिमाचल प्रदेश | अङ्ग्रेजी, हिन्दी | अङ्ग्रेजी, हिन्दी | अङ्ग्रेजी, हिन्दी |
| 9 | हरियाणा | अङ्ग्रेजी, हिन्दी | अङ्ग्रेजी, हिन्दी, संस्कृत | अङ्ग्रेजी, हिन्दी, संस्कृत |
| 10 | जम्मू कश्मीर | डोगरी, अङ्ग्रेजी, हिन्दी, कश्मीरी, उर्दू | डोगरी, अङ्ग्रेजी, हिन्दी, कश्मीरी, उर्दू | डोगरी, अङ्ग्रेजी, हिन्दी, कश्मीरी, उर्दू |
| 11 | झारखण्ड | अङ्ग्रेजी, हिन्दी, संस्कृत | बंगाली, अङ्ग्रेजी, हिन्दी, संस्कृत | बंगाली, अङ्ग्रेजी, हिन्दी, संस्कृत |
| 12 | कर्नाटक | कन्नड, अङ्ग्रेजी, हिन्दी, मराठी, तमिल, तेलुगु, उर्दू, मलयालम, संस्कृत, अरबी | कन्नड, अङ्ग्रेजी, हिन्दी, मराठी, तमिल, तेलुगु, उर्दू, मलयालम, संस्कृत, अरबी | कन्नड, अङ्ग्रेजी, हिन्दी, मराठी, तमिल, तेलुगु, उर्दू, मलयालम, संस्कृत, अरबी |
| 13 | केरल | मलयालम, अङ्ग्रेजी, तमिल, कन्नड | मलयालम, अङ्ग्रेजी, तमिल, कन्नड | मलयालम, अङ्ग्रेजी, तमिल, कन्नड |

| | | | | |
|---|---|---|---|---|
| 14 | मध्यप्रदेश | अङ्ग्रेजी, हिन्दी, उर्दू, मराठी | अङ्ग्रेजी, हिन्दी, उर्दू, मराठी | अङ्ग्रेजी, हिन्दी, उर्दू |
| 15 | महाराष्ट्र | मराठी, हिन्दी | अङ्ग्रेजी, मराठी, हिन्दी | अङ्ग्रेजी, मराठी, हिन्दी |
| 16 | मणिपुर | अङ्ग्रेजी, हिन्दी, मणिपुरी | अङ्ग्रेजी, हिन्दी, मणिपुरी | अङ्ग्रेजी, हिन्दी, मणिपुरी |
| 17 | मेघालय | अङ्ग्रेजी, गारो, खासी | अङ्ग्रेजी | अङ्ग्रेजी |
| 18 | मिजोरम | मिजो, अङ्ग्रेजी | मिजो, अङ्ग्रेजी | मिजो, अङ्ग्रेजी |
| 19 | नागालैण्ड | अंगामी, आवो, अङ्ग्रेजी, हिन्दी, कोन्यक, लोथा, सेमा | अंगामी, आवो, अङ्ग्रेजी, हिन्दी, कोन्यक, लोथा, सेमा | अंगामी, अङ्ग्रेजी, हिन्दी |
| 20 | उडीसा | अङ्ग्रेजी, उडिया | अङ्ग्रेजी, हिन्दी, उडिया | अङ्ग्रेजी, हिन्दी, उडिया, संस्कृत |
| 21 | पंजाब | अङ्ग्रेजी, हिन्दी, पंजाबी | अङ्ग्रेजी, हिन्दी, पंजाबी | अङ्ग्रेजी, हिन्दी, पंजाबी |
| 22 | राजस्थान | हिन्दी | हिन्दी | हिन्दी |
| 23 | सिक्किम | अङ्ग्रेजी | अङ्ग्रेजी | अङ्ग्रेजी |
| 24 | त्रिपुरा | बंगाली, कोकबोरोक, अङ्ग्रेजी | बंगाली, अङ्ग्रेजी | बंगाली, अङ्ग्रेजी |
| 25 | तमिलनाडु | अङ्ग्रेजी, तमिल | तमिल, तेलुगु, मलयालम, उर्दू, कन्नड | तमिल, तेलुगु, मलयालम, उर्दू, कन्नड |
| 26 | उत्तराखण्ड | हिन्दी | अङ्ग्रेजी,हिन्दी,उर्दू | अङ्ग्रेजी,हिन्दी,उर्दू |
| 27 | उत्तरप्रदेश | हिन्दी | अङ्ग्रेजी, हिन्दी, संस्कृत | अङ्ग्रेजी, हिन्दी, संस्कृत |
| 28 | पश्चिम बंगाल | बंगाली | बंगाली, हिन्दी, अङ्ग्रेजी, उर्दू, उडिया, तमिल, तेलुगु, गुजराती, तिब्बति, नेपाली | बंगाली, हिन्दी, अङ्ग्रेजी, उर्दू, उडिया, तमिल, तेलुगु, गुजराती, तिब्बति, नेपाली |

| | | | | |
|---|---|---|---|---|
| 29 | अंडमान र निकोबार | बंगाली, अङ्ग्रेजी, हिन्दी, तमिल, तेलुगु | बंगाली, अङ्ग्रेजी, हिन्दी, तमिल, तेलुगु | बंगाली, अङ्ग्रेजी, हिन्दी, तमिल, तेलुगु |
| 30 | चंडीगढ | अङ्ग्रेजी, हिन्दी, पंजाबी | अङ्ग्रेजी, हिन्दी, पंजाबी | अङ्ग्रेजी, हिन्दी, पंजाबी |
| 31 | दादर र नगर हवेली | अङ्ग्रेजी, गुजराती, हिन्दी, मराठी | अङ्ग्रेजी, गुजराती, हिन्दी, मराठी, संस्कृत | अङ्ग्रेजी, गुजराती, हिन्दी, मराठी, संस्कृत |
| 32 | दमन र द्वीव | गुजराती, अङ्ग्रेजी | गुजराती, अङ्ग्रेजी | गुजराती, अङ्ग्रेजी |
| 33 | दिल्ली | अङ्ग्रेजी, हिन्दी, उर्दू | अङ्ग्रेजी, हिन्दी, उर्दू | अङ्ग्रेजी, हिन्दी, उर्दू |
| 34 | लक्षद्वीप | मलयालम | अङ्ग्रेजी, मलयालम | अङ्ग्रेजी, मलयालम |
| 35 | पुदुच्चेरी | अङ्ग्रेजी, तमिल | अङ्ग्रेजी, तमिल | अङ्ग्रेजी, तमिल |

स्रोत- इंप्लीमेंटेशन अफ थ्री लैंग्वेज फार्मूला इन इंडियन स्कुलस-ए स्टडी,भाषा विभाग,एन-सी-ई-आर-टी- नई दिल्ली, 2009 पृ- 80-83

यो अत्यन्तै खुशीको कुरा हो कि अहिलेको समयमा अत्यधिक आदिवासी क्षेत्रका भाषाहरू माध्यम भाषाको रूपमा प्रयोग हुन थालेका छन् र यी भाषाहरूमा प्राथमिक स्तरमा सामग्रीहरू तयार हुन थालेका छन् । भविष्यमा अझै धेरै संख्यामा भारतीय भाषाहरू (आदिवासी क्षेत्रका भाषाका साथमा) माध्यम भाषाको रूपमा प्रयोग गरिउन्। यही यो  सानो पुस्तकको उद्देश्य हो।

# संदर्भ


- शिक्षा आयोग की रिपोर्ट, 1964-66, शिक्षा मंत्रालय 1966 राष्ट्रीय शिक्षा नीति 1968 शिक्षा मंत्रालय
- क्रियान्वयन का कार्यक्रम 992 (राष्ट्रीय शिक्षा नीति 1986), शिक्षा विभाग, शिक्षा मंत्रालय,
- राष्ट्रीय पाठ्यचर्या की रूपरेखा स्कूली शिक्षा 2000, एन.सी.ई.आर.टी
- राष्ट्रीय पाठ्यचर्या की रूपरेखा 2005, एन.सी.ई.आर.टी
- भारतीय भाषाओं का शिक्षा आधार पत्र 1.3. 2006. एन.सी.ई.आर.टी .
- पटनायक, डी. पी. 1986 स्टडी ऑफ लॅग्वेज रिपोर्ट नई दिल्ली एन.सी.ई. आर.टी
- भारतीय भाषाओं का शिक्षण, आधार पत्र 1.3. 2006. एन.सी.ई.आर.टी.
- गांधी. एम. के. हिंद स्वराज भारतीय मत, 1909
- बच्चों के मुफ्त और अनिवार्य शिक्षा का अधिकार अधिनियम, 2000, कानून और न्याय मंत्रालय (विधान विभाग) भारत सरकार
- चॉम्स्की, एन.1959. रीव्यू ऑफ स्कीनर्स वर्बल बिहेवियर लैंग्वेज 35.1: 26-58
- व्योगोत्स्की एल.एस. 1978. माइंड इन सोसाइटी डेवेलपमेंट ऑफ हायर साइकोलॉजिकल कैंब्रिज, मास हार्वर्ड यूनिवरिंटी प्रेस.
- कूपर, के. (2009), लैग्वेजः आवर मीडियम ऑफ अंडरस्टैंडिंग जर्नल ऑफ इण्डियन एजुकेशन, वॉल्यूम XXXV नंबर 1. नई दिल्ली: एन.सी.ई.आर.टी.(ISSN: 0972-5628)
- कपूर. के. ईएलटी एंड सोशल जस्टिस इन मल्टीलिंगुअल क्लासरूम, बेबीलोनीया टेमा 12021. P. 24.
- भारतीय भाषाओं का शिक्षण, आधार पत्र 13, 2006, एन.सी.ई.आर.टी.
- होल्ट, जॉन शिक्षा की बजाय न्यू बैलेटाइन बुक्स, 1974.
- अंग्रेजी शिक्षण, आधार पत्र 1.4, 2006, एन.सी.ई.आर.टी.
- प्रभु. एन. एस. 1987. सेकंड लेग्वेज पेडागाँजी, ऑक्सफोर्ड न्यूयॉर्क: ऑक्सफोर्ड यूनिवर्सिटी प्रेस.
- डोवेरा, एस. 2005. इलेक्टिसिज्म इन मेथडोलॉजी. एमएस, एनएफजी, इंग्लिश.
- फेलिक्स, पॉल, 1998. लर्निंग टू रोड इंग्लिश: द मिक्सड कोड के इन विवियन

बेरी एण्ड ऑर्डर एमसी नेल (सम्पा.) पॉलिसी एण्ड प्रक्टिस इन लैंग्वेज एजुकेशन. हांगकांगः डिपार्टमेंट ऑफ करिकुलम स्टडीज, यूनिवर्सिटी ऑफ हांग कांग पृष्ठ 175-193

- बेस्ट, माइकल, 1941, लर्निंग टू रीड अ फॉरन लैंग्वेज लोंगमैन यूके, (लर्निंग टू रोड अ फॉरन लैंग्वेज एण्ड आदर एसेस ऑन लैग्वेज टीचिंग, (न्यू एड.). लंडन, न्यूयॉर्क लोगमैन, ग्रीन (1955)
- मैथ-मेजिक किताब 2. कक्षा दूसरी के लिए गणित की पाठ्यपुस्तक, एन.सी.ई.आर. टी. 2007
- लुकिंग अराउंड ऍवार्यमेंट स्टडीज, कक्षा तीसरी के लिए पाठ्यपुस्तक एन.सी.ई.आर. टी. 2006
- वितान भाग-1 कक्षा ग्यार्वी के लिए स्पलिमेंट्री रोडर हिंदी में. एन.सी.ई.आर.टी. 2006
- 2007 लुकिंग अराउंड, ऍवार्यमेंट स्टडीज, कक्षा तीसरी के लिए पाठ्यपुस्तक. एन.सी.ई.आर.टी. 2006
- हरीजन 9-7 38, पृष्ठ संख्या 177. महात्मा गाँधी के चयनित कार्य (खंड V) द वॉइस ऑफ तुर्थ (कंप्लीट बूक ऑनलाइन) भाग II खंड XI: बेसीक ऐजूकेशन एंड स्टूडेंट बेसीक ऐजूकेशन)
- <https://www.mkgandhi.org/voiceoftruth/basiceducation.htm>रीड अ
- इस किताब के प्रथम भाग में राष्ट्रीय शिक्षा नीति 2020, अध्याय 4.11, 4.12, 4.14, 4.18, 22.6, 22.20
- भारतीय भाषाओं का शिक्षण, राष्ट्रीय फोकस समूह का आधार पत्र

पुरै तालीम विद्यार्थीहरूको आफ्नै क्षेत्रीय भाषामा (मातृभाषामा) दिनुपर्छ।

— *नया तालीम, महात्मा गान्धी।*

शिक्षामा मातृभाषा बाल/बालिकाहरूका लागि आमाको दुध जस्तै हुन्छ। जबसम्म मातृभाषालाई शिक्षाको माध्यम बनाइदैन तबसम्म शिक्षाको सार्वभौमीकरण सम्भव हुदैन।

— *रवीन्द्रनाथ टैगोर।*

अधिक जानकारीका लागि कृपया www.ncert.nic.in हेर्नुहोला अथवा कपिराइट पृष्ठमा दिएको ठेगनामा व्यापार प्रबन्धनसँग सम्पर्क गर्नुहोला।

**32147**

विद्यया ऽमृतमश्नुते

एन सी ई आर टी
NCERT

**राष्ट्रीय शैक्षिक अनुसंधान और प्रशिक्षण परिषद्**
**NATIONAL COUNCIL OF EDUCATIONAL RESEARCH AND TRAINING**

**ISBN 978-93-5292-752-4**